# प्रकाश चापागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**
**शिवराज ढकाल**
शैक्षिक सत्र २०६७-२०६९
त्रि.वि. दर्ता नं. ६-१-१९-४८२-२००४

**नेपाली विभाग**
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन


२०७२/२०१६

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र शिवराज ढकालले **प्रकाश चापागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७२/१०/१५

२९ जनवरी २०१६

**प्रा.डा. होमनाथ सापकोटा**
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**प्रकाश चापागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र स्नातकोत्रर तह द्वितीय वर्षको नयाँ पाठ्यक्रम अनुसार दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो । शोधकार्यको पूर्णताका लागि जुनसुकै बखत आफ्नो अमूल्य समयबाट फुर्सद निकालेर महत्वपूर्ण निर्देशन गर्नुहुने शोधनिर्देशक र शोध प्रस्तावलाई स्वीकृति प्रदान गरी आवश्यक राय तथा सुझाव एवम् परामर्श दिनुहुने विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. होमनाथ सापकोटाप्रति कृतज्ञा ज्ञापन गर्दछु ।

यो शोधपत्र तयारीका क्रममा महत्वपूर्ण सरसल्लाह दिनुहुने मेरा आदरणीय गुरु सहप्राध्यापक विष्णु सापकोटा, सहप्राध्यापक भवनाथ सडौला, सहप्राध्यापक दामोदर रिजाललाई मेरो हार्दिक धन्यवाद स्वीकार गरिदिनुहुन सविनय अनुरोध गर्दछु ।

सामग्री सङ्कलन कार्यमा उल्लेखनीय सहयोग पुऱ्याउनुहुने श्री पुष्प अधिकारी 'अञ्जलि' लगायत समग्र वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय परिवार र आवश्यक सामगी उपलब्ध गराइदिनुहुने शोधनायक प्रकाश चापागाई र उहाँकी सहधर्मिणी सुजाता चापागाईंप्रति पनि आभार प्रकट गर्न चाहन्छु ।

यस शोधकार्यलाई मूर्त रूप दिन विविध प्रकारले सहयोग गर्ने मेरा मित्रहरू विनोद सापकोटा, पार्वती कुमारी पौडेल, केशव नेपाल, डोलनाथ दाहाल र यमुना श्रेष्ठ, राधिका ढकाललाई धन्यवाद दिन चाहन्छु । यसै गरी शोधपत्रलाई सम्पन्न गर्न अभिप्रेरणा प्रदान गर्नुहुने पूज्य बुबा लेखनाथ ढकाल र मुमा सीता ढकालप्रति विशेष आभारी छु । यस शोधपत्रलाई शुद्धसँग टङ्कन गरी व्यवस्थित बनाउन सहयोग गर्ने कालिका कम्प्युटर सर्भिसका महेश पौडेललाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा **प्रकाश चापागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको नेपाली विभाग समक्ष पेस गर्दछु ।

मिति : २०७२/१०/१५

२९ जनवरी २०१६

............................

**शिवराज ढकाल**

# सङ्क्षेपीकृत शब्दसूची

यस अध्ययन पत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अनु. | अनुवादक |
| आइ.ए. | इन्टरमिडियट अफ आर्टस |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| एमाले | एकीकृत मार्क्सवाद लेनिनवाद |
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | क्रम सङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| त्रि.वि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नं. | नम्बर |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| पृ. | पृष्ठ |
| प्र. | प्रकाशित |
| प्रा. | प्राध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| बि.ए. | ब्याचलर अर्फ आर्टस |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम संवत् |
| स्ववियू | स्वतन्त्र विद्यार्थी यूनियन |

# विषयसूची

## परिच्छेद : एक

## शोधपरिचय


| | |
|---|---|
| १.१ विषय प्रवेश | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधकार्यको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.५ शोधको औचित्य, महत्त्व र उपयोगिता | ४ |
| १.६ शोधकार्यको क्षेत्र र सीमा | ४ |
| १.७ सामग्री सङ्कलन विधि | ५ |
| १.८ सैद्धान्तिक ढाँचा र शोधविधि | ५ |
| १.९ शोधपत्रको रूपरेखा | ५ |


## परिच्छेद : दुई

## साहित्यकार प्रकाश चापागाईंको जीवनी


| | |
|---|---|
| २.१ विषय प्रवेश | ८ |
| २.२ जन्म र जन्मस्थान | ८ |
| २.३. वंश परम्परा | ८ |
| २.४ बाल्यावस्था र उपनयन | ९ |
| २.५ शिक्षादीक्षा | १० |
| २.६ पारिवारिक तथा वैवाहिक स्थिति | १० |
| २.७ आर्थिक अवस्था र पेसा | ११ |
| २.८ लेखन प्रेरणा र प्रभाव | १२ |
| २.९ सामाजिक क्षेत्रमा संलग्नता र कार्य | १२ |
| २.१० राजनैतिक क्षेत्रमा संलग्नता | १३ |
| २.११ रुचि तथा स्वभाव | १४ |
| २.१२ अविस्मरणीय घटना | १५ |
| २.१३ सम्मान तथा पुरस्कार | १५ |

२.१४ यात्रा तथा भ्रमण १५

२.१५ निष्कर्ष १६

## परिच्छेद : तीन

## साहित्यकार प्रकाश चापागाईंको व्यक्तित्व

३.१ पृष्ठभूमि १७

३.२ बाह्य व्यक्तित्व र स्वभाव १७

३.३ आन्तरिक व्यक्तित्व १८

३.३.१ साहित्यिक व्यक्तित्व १९

३.३.१.१ नाटककार व्यक्तित्व १९

३.३.१.२ कवि व्यक्तित्व २०

३.३.१.३ गीतकार व्यक्तित्व २०

३.३.१.४ समीक्षक/लेखक व्यक्तित्व २०

३.३.२ साहित्येतर व्यक्तित्व २१

३.३.२.१ सामाजिक व्यक्तित्व २१

३.३.२.२ शिक्षक तथा प्रशासनिक व्यक्तित्व २१

३.३.२.३ सम्पादक तथा प्रकाशक व्यक्तित्व २१

३.३.२.४ राजनैतिक व्यक्तित्व २२

३.४ निष्कर्ष २२

## परिच्छेद : चार

## प्रकाश चापागाईंको साहित्यिक यात्रा र चरण विभाजन

४.१ विषय प्रवेश २३

४.२ निष्कर्ष २६

## परिच्छेद : पाँच

## प्रकाश चापागाईंका कृतिहरूको अध्ययन

५.१ विषय प्रवेश २८

५.२ प्रकाश चापागाईंका एकाङ्कीको विश्लेषण २८

५.२.१ विषय प्रवेश २८

५.२.२ एकाङ्कीको परिभाषा २९

५.२.३ एकाङ्कीका तत्त्वहरू ३१

५.२.३.१ कथानक/कथावस्तु ३१

५.२.३.२ पात्र वा चरित्रचित्रण ३२

५.२.३.३ परिवेश ३३

५.२.३.४ द्वन्द्व ३३

५.२.३.५ संवाद ३४

५.२.३.६ भाषाशैली ३४

५.२.३.७ दृष्टिबिन्दु ३५

५.२.३.८ उद्देश्य ३५

५.२.४ 'बदला' एकाङ्कीको विश्लेषण ३६

५.२.४.१ विषय प्रवेश ३६

५.२.४.२ कथावस्तु ३६

५.२.४.३ पात्र वा चरित्रचित्रण ३८

५.२.४.४ परिवेश ४१

५.२.४.५ द्वन्द्वविधान ४२

५.२.४.६ संवाद योजना ४२

५.२.४.७ भाषाशैली ४३

५.२.४.८ उद्देश्य ४३

५.२.४.९ निष्कर्ष ४४

५.३ खण्डकाव्यको सैद्धान्तिक परिचय ४५

५.३.१ खण्डकाव्यको परिभाषा ४५

५.३.२ खण्डकाव्यका तत्त्वहरू ४६

५.३.२.१ शीर्षक ४७

५.३.२.२ कथानक वा आख्यानीकरण ४७

५.३.२.३ पात्र वा चरित्र ४८

५.३.२.४ परिवेश/वातावरण ४८

५.३.२.५ भाषाशैली ४९

५.३.२.६ जीवनदृष्टि/उद्देश्य ४९
५.३.३ 'आँखाभरि' शोककाव्यको विश्लेषण ५०
५.३.३.१ विषय प्रवेश ५०
५.३.३.२ शीर्षक ५१
५.३.३.३ आख्यानीकरण ५१
५.३.३.४ पात्र वा चरित्रचित्रण ५३
५.३.३.५ परिवेश/वातावरण ५४
५.३.३.६ भाषाशैली, लय ५४
५.३.३.७ बिम्ब, प्रतीक, अलङ्कार, रस ५६
५.३.३.८ प्रबन्धन ५७
५.३.३.९ निष्कर्ष ५७
५.३.४ 'बुलेट नम्बर पाँच' खण्डकाव्यको विश्लेषण ५८
५.३.४.१ विषय प्रवेश ५८
५.३.४.२ शीर्षक ५८
५.३.४.३ आख्यानीकरण ५९
५.३.४.४ पात्र ६३
५.३.४.५ भाषाशैली ६७
५.३.४.६ प्रबन्धन ७३
५.३.४.७ उद्देश्य ७४
५.३.४.८ मूल्याङ्कन/निष्कर्ष ७५

**परिच्छेद : छ**

**उपसंहार**

६.१ सारसङ्क्षेप ७६
६.२ समग्र निष्कर्ष ७८

सम्भावित शोधशीर्षकहरू ८२

परिशिष्ट : एक ८३
परिशिष्ट : दुई ८४

**सन्दर्भसामग्रीसूची** ८८

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय प्रवेश

प्रकाश चापागाइँ समसामयिक नेपाली साहित्य क्षेत्रमा एक परिचित नाम हो । वि.सं. २०१८ माघ १५ गते स्वर्गीय पिता गजाधर चापागाइँ र स्वर्गीय माता डिकुरीदेवी चापागाइँका कान्छा सुपुत्रका रूपमा चितवनको गीतानगरमा जन्मिएका प्रकाश चापागाइँ हाल भरतपुर नगरपालिका वडा नं. १० मा बसोबास गर्दछन् । औपचारिक रूपमा स्नातकसम्मको अध्ययन गरेका चापागाइँ नेपाली साहित्यमा सक्रिय छन् ।

वि.सं. २०४० मा **बदला** एकाङ्की नाटक लेखेर नेपाली साहित्य क्षेत्रमा प्रवेश गरेका चापागाइँको पहिलो अप्रकाशित फुटकर कविता भने *उठौँ उठौँ नेपाली दाजुभाइ* (२०३१) हो । चापागाइँको प्रकाशित फुटकर कविता **प्रकाशपुञ्ज** पत्रिकामा प्रकाशित *खै के गरौँ* (२०३९) हो । उनका प्रकाशित पुस्तकाकार कृतिहरू यसप्रकार छन् :

क) **बदला** (एकाङ्की-२०४०)

ख) **आँखाभरि** (शोककाव्य-२०६७)

ग) **बुलेट नम्बर पाँच** (खण्डकाव्य-२०७०)

प्रकाश चापागाइँ कवि, नाटककारका अतिरिक्त सम्पादक पनि हुन् । उनका सम्पादकीय कृतिहरू यसप्रकार छन् :

क) **प्रकाश पुञ्ज** (स्व.वि.यु. मुखपत्र वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर)

ख) **नौलो राँको** (२०५८)

ग) **कवितामा गणतन्त्र** (२०६५)

घ) **भरतपुर मासिक** (२०६६)

उल्लिखित कार्यहरूबाट कवि प्रकाश चापागाईको साहित्यिक परिचय प्राप्त हुन्छ । साहित्य सृजनाका क्षेत्रमा उनको सक्रियता र प्रकाशित कृतिहरूको आधारमा कवि प्रकाश चापागाईंका बारेमा अनुसन्धान हुन जरुरी देखिन्छ । तसर्थ प्रस्तुत शोधकार्यको शीर्षक **प्रकाश चापागाइँको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** चयन गरिएको छ ।

## १.२ समस्या कथन

प्रकाश चापागाईँको जीवनी व्यक्तित्व र कृतित्वको मूल्याङ्कन शोधकार्यको मूल विषय रहेको छ । यसका बुँदागत समस्याहरू निम्नलिखित रूपमा रहेका छन् :

क) प्रकाश चापागाईँको जीवनी के कस्तो रहेको छ ?

ख) प्रकाश चापागाईँको व्यक्तित्व निर्माण कसरी भएको छ ?

ग) प्रकाश चापागाईँको साहित्यिक यात्राका आलोकमा उनका रचनाहरूको अध्ययन के-कसरी गर्न सकिन्छ ?

घ) प्रकाश चापागाईंको साहित्यिक योगदानको मूल्याङ्कन के कसरी हुनसक्छ ?

यिनै विषयहरू सन्दर्भमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

शोधसमस्यामा आधारित प्रस्तुत शोधकार्यका मुख्य उद्देश्य निम्नलिखित छन् :

क) प्रकाश चापागाईंको जीवनीको अध्ययन गर्नु ।

ख) प्रकाश चापागाईको व्यक्तित्व निर्माणको पहिचान गर्नु ।

ग) प्रकाश चापागाईंको साहित्यिक रचनाहरूको अध्ययन गर्नु ।

घ) नेपाली साहित्यको विकासमा प्रकाश चापागाईंको साहित्यिक योगदानको मूल्याङ्कन गर्नु ।

यिनै उद्देश्य प्राप्तिका दिशामा प्रस्तुत शोधकार्य उन्मुख रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार प्रकाश चापागाईँ र उनका कृतित्वबारे विभिन्न विद्वान्हरूले आफ्ना धारणा प्रस्तुत गरेका छन्, जसको कालक्रमिक विवरण निम्नानुसार प्रस्तुत गरिन्छ :

हरिकृष्ण कोइराला र उमानाथ दवाडीले उच्च ओहदामा विराजमान भ्रष्ट व्यक्तिहरूले जनताको साझा सम्पत्ति सखाप बनाएर व्यक्तिगत स्वार्थका लागि स्वदेशी र विदेशी बैङ्कमा पैसा थुपार्ने देशघाती र अर्राष्ट्रिय तत्त्वहरूका कुकृत्यहरूलाई जनताको आँखामा छर्लङ्ग्याउनु **बदला** नाटकको यथार्थ धरातल रहेको उल्लेख गरेका छन् (कोइराला र दवाडी, २०४० : ग) ।

पूर्णप्रसाद अधिकारीले **रजस्थल** (वर्ष १७, पूर्णाङ्क ५६) मा *नेपाली साहित्य साधनामा दाजुभाइहरुको योगदानको शृङ्खला* शीर्षकमा प्रकाश चापागाइँ मूलतः प्रगतिवादी काव्यचेतना मुखरित गराउने शास्त्रीय छन्दका कविता लेख्ने, काव्य वाचनमा मधुर स्वरले ख्याति कमाएका लोकप्रिय कवि रहेको कुरा उल्लेख गरेका छन् (अधिकारी, २०६० : १०) ।

लक्ष्मणप्रसाद गौतमले **स्मृतिका बिम्बमा सीता** कृतिको पृष्ठ २ मा प्रकाश चापागाईलाई चितवनका प्रथम नाटककार हुनुका साथै चितवन वाङ्मय प्रतिष्ठानसँग सम्बद्ध हितैषी साहित्यकार रहेको कुरा उल्लेख गरेका छन् (गौतम, २०६५ : २) ।

गोविन्दराज विनोदीले **आँखाभरि** शोककाव्यको *आँसुले लेखिएका अक्षरहरु* शीर्षकको भूमिकामा अन्याय, अत्याचार, भ्रष्टाचार, अन्धकार, यथास्थिति, बेथिति र तमाम विसङ्गतिलाई भष्मीभूत पारेर न्यायपूर्ण, सभ्य, सुसंस्कृत, उज्यालो बिहानी ल्याउने प्रकाश चापागाइँको चाह ज्यादै रहरलाग्दो र शक्तिशाली रहेको टिप्पणी गरेका छन् (विनोदी, २०६७ : ४-५) ।

रामप्रसाद ज्ञवालीले **आँखाभरि** शोककाव्यको *आँखा र मन रसाउने शोककाव्य* शीर्षकको भूमिकामा पत्नीको शोकले भावविह्वल भएको पतिको हृदय रसाएर बगेको भावनदी हो भन्ने उल्लेख गर्दै पत्नी गुमाउनु पर्दाको पीडा र शोकले गर्दा कविलाई अवर्णनीय अभावको बोध गराएको टिप्पणी गरेका छन् (ज्ञवाली, २०६७ : १४) ।

रामप्रसाद ज्ञवालीले **भूमिका समालोचना** कृतिको *आँखा र मन रसाउने शोककाव्य* शीर्षकको लेखमा प्रकाश चापागाइँको कवित्वमा समसामयिक यथार्थको अध्ययन नागरिक दायित्वको बोध, प्रगाढ देशभक्ति र मानवद्वेषी प्रवृत्तिको आलोचना पाइने कुरा उल्लेख गरेका छन् (ज्ञवाली, २०७० : २०६) ।

रामप्रसाद ज्ञवालीले चरम शोकानुभूतिको क्षणमा पनि कवि प्रकाश चापागाइँको चेतना युगबोध गर्न सक्षम देखिएको उल्लेख गर्दै उनको **आँखाभरि** काव्यमा मुक्तिका कुरा, सांस्कृतिक चेतना र इतिहासबोधका साथ सामाजिक चेतनालाई प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् (ज्ञवाली, २०७० : १५२) ।

रामप्रसाद ज्ञवालीले प्रकाश चापागाइँलाई शास्त्रीय छन्दमा कविता लेख्न मन पराउने र अवसर मिलेको समयमा शात्रीय छन्दमा कविता लेख्ने कवि भएको कुरा उल्लेख गरेका छन् (ज्ञवाली, २०७० : १५) ।

जीवन अधिकारीले **आँखाभरि** पढ्दा आफूले प्रकाश चापागाईँलाई आँखाभरि राखेर पढेको र कवि चापागाईं शोकसन्तप्त हृदयका पीडा र भावलाई काव्यमा व्यक्त गरेको उल्लेख गरेका छन् (अधिकारी, २०७० : १९) ।

श्यामलले वर्तमान नेपाली राजनीतिमा उठेका सही र गलत तरङ्गहरूको काव्यात्मक अभिलेख भन्न सकिने **बुलेट नम्बर पाँच** काव्यले हामीलाई प्रश्नहरूका बिचमा उभ्याएर उत्तर खोज्न अभिप्रेरित गर्ने कुरा उल्लेख गरेका छन् (श्यामल, २०७० : आवरण) ।

कपिल अज्ञातले शक्तिशाली स्रष्टाका उत्कृष्ट खण्डकाव्यहरूका हारमा कवि प्रकाश चापागाईंको **बुलेट नम्बर पाँच** चेतनामूलक खण्डकाव्यले अझ उच्च प्रभाव छाड्नुका साथै यी सबै केन्द्रीय मानक खण्डकाव्यका रूपमा विवेच्य छन् (अज्ञात, २०७२ : ११) ।

उल्लिखित विवरणका आधारमा प्रकाश चापागाईँ नेपाली कविता विधामा स्थापित रहेको जानकारी प्राप्त हुन्छ तर उनको समग्र जीवनी व्यक्तित्व र कृतित्वका बारे अध्ययन हुन सकेको देखिँदैन । त्यसैले प्रस्तावित शोधपत्रमा प्रकाश चापागाईँको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको छ ।

## १.५ शोधको औचित्य, महत्त्व र उपयोगिता

साहित्यकार प्रकाश चापागाईँको प्रतिभालाई उल्लेख र उजागर गर्दै उनको समग्र साहित्य सिर्जना र उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई पाठकसामु पुऱ्याउनु आफैँमा औचित्यपूर्ण कार्य हो । प्रकाश चापागाईँ जस्ता स्रष्टाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन समकालीन तथा उत्तरवर्ती प्रतिभाका लागि प्रेरणादायी बन्नुका साथै उनका बारेमा जान्न इच्छुक पाठकहरू समेत लाभान्वित हुने भएकाले प्रस्तुत शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता आफैमा पुष्टि हुन जान्छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तावित शोधकार्य प्रकाश चापागाईँको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विषयमा केन्द्रित रहेको छ । कृतिमा पाइने वैचारिकता, कवित्व क्षमता र प्रवृत्ति जस्ता पक्षहरू यस अध्ययनभित्र समेटिएको छ । उनका जीवनका प्रमुख घटनाहरू, साहित्यतर्फ प्रेरित गर्ने प्रसङ्ग र परिवेशहरू शोधपत्रको जीवनी खण्डमा समेटिएका छन् भने

व्यक्तित्वका विभिन्न पाटाहरूलाई व्यक्तित्व खण्डमा र उनीद्वारा सिर्जित रचनाहरूलाई कृतित्व खण्डमा समेटिएको छ । प्रस्तावित शोधपत्रको सीमा निर्धारण यसप्रकार गरिएको छः

क) प्रस्तावित शोधपत्र प्रकाश चापागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित रहेको छ ।

ख) प्रस्तावित शोधपत्रमा प्रकाश चापागाईंका वि.सं. २०४० देखि वि.सं. २०७० सम्म प्रकाशित पुस्तकाकार कृतिहरूको विशेष अध्ययन गरिएको छ ।

ग) उनका अप्रकाशित रचनालाई यस अध्ययनको परिशिष्ट खण्डमा समेटिएको छ ।

घ) उनका पत्रपत्रिकामा प्रकाशित लेख-रचनाको गहन अध्ययन र विश्लेषणतिर नगई तिनको सूची विवरण मात्र दिनु यो शोधपत्रको सीमा क्षेत्र रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तावित शोधकार्यको सामग्री सङ्कलनका निम्ति पुस्तकालयीय अध्ययन विधिलाई माध्यम बनाइएको छ । सम्बद्ध पुस्तक र पत्रपत्रिकाको अध्ययन गरी शोधलेखन कार्य सम्पन्न गरिएको छ साथै अनुसन्धेय व्यक्ति जीवितै भएको हुँदा उनीसँग प्रत्यक्ष भेटघाट गरी लिखित र मौखिक रूपमा आवश्यक अन्तर्वार्ताका माध्यमबाट समेत आवश्यक सामग्री सङ्कलन गरिएको छ । यसका अतिरिक्त लेखकका निकटतम व्यक्ति, उनको परिवार उनका मित्रहरू तथा विभिन्न विद्वान्हरूसँग प्रत्यक्ष सम्पर्क गरी प्रश्नावली र अन्तर्वार्ताका आधारमा समेत आवश्यक जानकारी लिइएको छ ।

## १.८ सैद्धान्तिक ढाँचा र शोधविधि

प्रकाश चापागाईंको जीवनी, व्यक्तित्व  र कृतित्वको अध्ययन गर्ने क्रममा सामग्री सङ्कलन विधि शीर्षकका उल्लिखित पद्धतिहरूबाट प्राप्त सामग्रीहरूलाई आधार बनाई जीवनी र व्यक्तित्व पक्षको अध्ययन जीवनीपरक सालोचना पद्धतिबाट र कृतित्वको अध्ययन विधातत्त्वका आधारमा उनका कृतिहरूको अध्ययन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तावित शोधपत्रलाई सुसङ्गठित र व्यवस्थित बनाउनका लागि निम्नानुसार संरचना प्रदान गरिएको छ :

**परिच्छेद एक : शोधपरिचय**

यस शीर्षकका शोधपत्रको परिचय प्रस्तुत गरिएको छ । यसमा शोधपरिचयका साथ शोध शीर्षक, शोधपत्रको प्रयोजन विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको औचित्य र महत्त्व र उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधविधि, शोधपत्रको रूपरेखा रहेका छन् ।

**परिच्छेद दुई : प्रकाश चापागाईंको जीवनीको अध्ययन**

यस परिच्छेदमा प्रकाश चापागाईंको जीवनवृत्त तथा जीवनका विविध पक्षहरूलाई प्रस्तुत गरिएको छ । यस खण्डमा चापागाईंको वंश परम्परा र जन्म बाल्यकाल, शिक्षादीक्षा, वैवाहिक जीवन एवम् पारिवारिक स्थिति, कार्यक्षेत्रमा प्रवेश, उनको रुचि, स्वभाव, दिनचर्या, सम्मान पुरस्कार, लेखन प्रेरणा प्रभाव र सिर्जनासम्मको चर्चा रहेको छ ।

**परिच्छेद तीन : प्रकाश चापागाईंको व्यक्तित्वको अध्ययन**

यस परिच्छेदमा प्रकाश चापागाईंको व्यक्तित्वलाई विभिन्न तरिकाले व्याख्या एवम् विश्लेषण गरिएको छ । यस अन्तर्गत उनको साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्वको चर्चा गरिएको छ ।

**परिच्छेद चार : प्रकाश चापागाईको साहित्यिक यात्रा र चरण विभाजन**

यस परिच्छेदमा प्रकाश चापागाईको साहित्यिकदेखि लेखन यात्राका चरण विभाजनको आधार र चरण विभाजनको चर्चा गरिएको छ ।

**परिच्छेद पाँच : प्रकाश चापागाईको कृतित्वको अध्ययन**

यस परिच्छेदमा प्रकाश चापागाईंका कृतित्वको अध्ययन गरिने छ । मूलतः सिर्जनात्मक पुस्तकाकार कृति **बदला** एकाङ्कीनाटक, **आखाँभरि** र **बुलेट नम्बर पाँच** खण्डकाव्यको अध्ययन-विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

**परिच्छेद छ : उपसहांर**

यस खण्डमा अघिल्ला खण्डमा चर्चा गरिएका विभिन्न परिच्छेदहरूको निष्कर्ष प्रस्तुत गरिएको छ । साथै चापागाईंको जीवनी, व्यक्तित्व, र कृतित्वको शोधसार तथा मूल्याङ्कन सहित उपसंहार प्रस्तुत गरिएको छ ।

शोधपत्रको अन्तिम खण्ड सन्दर्भ सामग्री खण्डको रूपमा रहेको छ । यस खण्ड अन्तर्गत शोधमा प्रयोग गरिएका सन्दर्भग्रन्थहरू तथा विभिन्न अवस्था र व्यक्तिहरूसँगको छायाचित्र परिशिष्टमा समावेश गरिएको छ । यसरी आन्तरिक र बाह्य संरचनाका साथै पूर्वभाग र अन्त्यभाग समेत समावेश गरी सर्वाङ्गपूर्ण शोध प्रतिवेदन प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# साहित्यकार प्रकाश चापागाईँको जीवनी

# परिच्छेद : दुई
# साहित्यकार प्रकाश चापागाईँको जीवनी

## २.१ विषय प्रवेश

मानिसले बाँचुन्जेल गरेका कामको वयान वा जीवन चरित्रको विस्तृत रूप नै जीवनी हो । **नेपाली बृहत शब्दकोश**ले जीवनीलाई कुनै पनि व्यक्तिले जीवनभर गरेका काम कुराको क्रमबद्ध लेखन, कथन, जीवनचरित्र अर्थात् कसैको जीवन सम्बन्धी इतिवृत नै जीवनी हो भनी व्याख्या गरेको छ (पोखरेल, २०५८ : ४७०) । मानिस जीवन जिउने सन्दर्भमा साहित्य, खेलकुद, राजनीति लगायतका विभिन्न क्षेत्रमा सहभागी बन्दछ र तिनै क्षेत्रमा आफूलाई स्थापित गराउँदै आफ्नो जीवनलाई सार्थक बनाउने प्रयत्न गर्दछ । त्यस्तै आफ्नो जीवनलाई सार्थक बनाउन साहित्यलाई आफ्नो कर्मक्षेत्र बनाउने व्यक्तिका रूपमा प्रकाश चापागाईलाई लिन सकिन्छ । यहाँ शोधव्यक्ति प्रकाश चापागाईंले नेपाली साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानलाई उनको जीवनी र व्यक्तित्वको आलोकमा समेत हेर्नु उपयुक्त हुन्छ ।


## २.२ जन्म र जन्मस्थान

गण्डकी अञ्चलको कास्की जिल्ला अन्तर्गत थुमाको डाँडा गा.वि.स. वडा नं. ८ तारकाङ्, कम्दाबाट पिता स्व. गजाधर चापागाईँ वि.स. २०१६ मा बसाइँसराइका सिलसिलामा चितवन जिल्लाको गीतानगर गा.वि.स. वडा नं. ३ पृथ्वीनगरमा आएर बसोबास गरेका थिए । त्यसै क्रममा वि.सं. २०१८ माघ १५ गतेका दिन साहित्यकार प्रकाश चापागाईका बुवा गजाधर चापागाईँ र माता डिकुरीदेवी सुवेदी (चापागाईँ) का कोखबाट जन्म भएको थियो (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

## २.३. वंश परम्परा

वि.सं. १६३१ मा पर्वतका राजा राजवम मल्लले देउपुर कोटीका लागी पूजारी एक नैष्ठिक ब्राह्मण हरिदास चापागाईलाई झिकाइ देउपुर कोटीको पूजारीमा नियुक्त गरेका

थिए । हरिदास आफ्नी धर्मपत्नी सरस्वती र सात छोरा लिएर त्यहाँ आएका थिए । तिनै सात भाइका सन्तान हाल नेपालका प्रायः सबै ठाउँमा, बंगालको दार्जिलिङ तथा बर्मा देशमा पाइएका छन् (नेपाली, २०६१ : ३१) ।




## २.४ बाल्यावस्था र उपनयन

मानवजीवको प्रारम्भिक अवस्था नै बाल्यावस्था हो । प्रकाश चापागाईको बाल्यावस्था सामान्यरूपमा बितेको पाइन्छ । उनका बाबु गजाधर चापागाई पढाइको महत्त्व बुझेका भए पनि उनले कृषि पेसा नै अपनाएका थिए । कृषि पेसा अपनाएको कारणले उनले घर र खेतबारी दुवैमा समय दिनुपर्थ्यो । त्यस समयमा चितवन लगायत तराइका विभिन्न भागमा महामारीको रूपमा विभिन्न रोगहरू लाग्ने गर्थे । त्यही महामारीले चापागाईंको परिवार पनि अछुतो रहन सकेन । उनको परिवारमा आमासहित चारजनाको मृत्यु भयो । प्रकाश चापागाई दुई वर्षको हुदा माता डीकुरीदेवी चापागाईंको स्वर्गारोहण भएको थियो । बाल्यअवस्थामा नै मातृस्नेह बाट बञ्चित रहनु परे पनि बाबु र दाजुहरूको स्नेहमा हुर्किएका थिए । उनको बाल्यावस्थामा घरको आर्थिक अवस्था सामान्य रहेको कारणले भौतिक सुखसयलबाट बञ्चित रहेको देखिन्छ । भैंसी बाखा चराउने, बुवा, दाजु तथा दिदीहरूसँग खेतमा काम गर्न जाने, साथीहरूलाई बटुल्ने र क्यारेमबोर्ड तथा चेस खेल्ने जस्ता कार्य गर्दै

बाल्यकाल बिताएको पाइन्छ । समाजमा पढेलेखेका बुद्धिजीविहरूको कुरा सुन्ने, भोली गएर आफू पनि त्यस्तै मान्छे कसरी बन्ने, बारेमा साथीहरू बीच भलाकुसारी गर्ने, केही नौले चिज देखिएमा त्यसको खोजी गर्नुका साथै आफू एवं आफ्ना साथीहरूबाट पनि त्यसको उत्तर थाहा पाउन नसकेमा दाजुहरू तथा गुरुहरूलाई सोध्ने उनको बाल्यकालीन स्वभाव थियो । सानै उमेरदेखि नै पढाइमा विशेष अभिरुची राख्ने यिनले बाल्यावस्थादेखि नै पढाइको अलावा कविता रचना गरी विद्यालय तथा घरमा वाचन गर्ने गरेको पाइन्छ । आफ्ना कमिकमजोरी औँल्याइदिँदा त्यसलाई सकारात्मक लिने उनको बाल्यावस्थादेखिकै स्वभाव रहेको छ । चितवनको गीतानगरस्थित घरमा नै २०३१ साल फागुन ४ गतेका दिन तेह्र वर्षको उमेरमा धार्मिक संस्कार अनुसार उनको चूडाकर्म भएको थियो (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

## २.५ शिक्षादीक्षा

शिक्षा-दीक्षा बालकको नैसर्गीक अधिकार हो । कुनैका अभिभावक शिक्षित हुन्छन् भने कुनैका हुँदैनन् । परिवारमा कान्छो छोरा भएको कारणले उनले बाबु, दाजु र दिदीहरूको न्यानो माया पाए । सानै उमेरमा मातृस्नेहबाट वञ्चित भएका प्रकाश चापागाईका दाजु तथा दिदीहरू सबै साक्षर थिए । आर्थिक अवस्था निम्नमध्यम वर्गको रहे पनि पढाइको महत्त्व बुझेका गजाधर चापागाईंले प्रकाश चापागाईंलाई २०२५ मा अरुणोदय मा.वि. गीतानगरमा पढ्ने प्रबन्ध मिलाए । उनले २०३७ मा अरुणोदय मा.वि. बाट एस.एल.सी. उत्तीर्ण गरे । वि.सं. २०३८ मा प्रवीणता प्रमाणपत्र तहमा वीरेन्द्र बहुमुखी क्याम्पसमा भर्ना भए र २०४१ मा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरे । सोही क्याम्पसमा स्नातक अध्ययन गर्दागर्दै घरायसी समस्याको कारणले गर्दा पढाइ सुचारु गर्न नसकेको शोधनायक बताउँछन् ।

## २.६ पारिवारिक तथा वैवाहिक स्थिति

प्रकाश चापागाईंको २०४३ मा २७ वर्षको उमेरमा नारायणी अञ्चल, चितवन जिल्ला, पृथ्वीनगर गा.वि.स. वडा नं. ३ निवासी आत्रेय गोत्रीय पिता महोदत्त पौडेल तथा

माता छलिदेवी पौडेलकी छोरी वर्ष १६ की सीता पौडेलसँग भएको थियो । प्रकाश र सीताका दुई छोराहरू प्रवेश र निषेध रहेका छन् । जेठा छोरा प्रवेश पढाइका क्रममा अष्ट्रेलियामा रहेका र कान्छा छोरा निषेधको २०७१ मा विवाह भएको देखिन्छ । २०६४ जेठ १४ गते क्यान्सरजस्तो प्राणघातक रोगबाट सीता चापागाईंको ३८ वर्षको उमेरमा निधन भयो । सीताको निधन पश्चात् उनले भ.उ.म.न.पा.-९ निवासी विष्णुप्रसाद आचार्य तथा कौशीलादेवी आचार्यकी कान्छी छोरी गोमा आचार्य (सुजता)सँग २०६६ वैशाख १० गते आफ्ना दुइ छोराहरू र सीताका दाजुभाइ, बुवाआमा समेतको उपस्थितिमा दोस्रो विवाह गरेका थिए । सुजाताको तर्फबाट छोरीको जन्म २०७१ पौष १८ गते अमेरिकाको न्यूयोर्कमा भएको र उनको नाम प्रस्तुति चापागाईं रहेको छ (शोधनायकबाट प्राप्त जानकारी अनुसार) । जेठो छोरा प्रवेश अध्ययनका क्रममा अष्ट्रेलियामा रहेको र कान्छो छोरा निषेधको २०७१ सालमा विवाह भइसकेको देखिन्छ ।

## २.७ आर्थिक अवस्था र पेसा

प्रकाश चापागाईंका पिता गजाधर चापागाईं कास्की जिल्लाबाट २०१६ मा बसाइँ सरी चितवनको गीतानगरमा आई बसोवास गरेका थिए । बाल्यावस्थामा प्रकाश चापागाईंले बुवालाई खेतीपाती र घरेलु काममा सघाउने गरेको पाइन्छ । सानै उमेरदेखि जागिर र राजनैतिक जागरणमा लाग्दा पढाइलाई निरन्तरता दिन नसकेको उनी बताउँछन् ।

वि.सं. २०४० मा राष्ट्रिय प्रा.वि. माझगाउँ, दारेचोकमा संलग्न भई उनले त्यहाँ २०४१ सालसम्म अध्यापन कार्य गरेका थिए । वि.सं. २०४१-२०४२ सम्म श्री उज्ज्वल नि.मा.वि. उज्ज्वलनगरमा शिक्षक भई काम गरे । वि.सं. २०४४-२०५२ सम्म वीरेद्र बहुमुखी क्यम्पसमा हेड असिसटेण्ट भएर काम गरे । २०४४ मा हेड असिसटेण्टको जागिर छोडी उनी सामाजिक सेवा, राजनैतिक तथा साहित्यिक कार्यक्रममा सहभागी रहँदै आएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

प्रकाश चापागाईं विभिन्न समयमा विभिन्न पेसामा सहभागी रहेको पाइन्छ । २०५६ मा भ.उ.म.न.पा.-१०, वीरेन्द्र क्याम्पस गेट, चितवनमा चित्रवन स्टेशनरी पुस्तक पसल खोली व्यवसाय सञ्चालन गरेका थिए । त्यस्तै २०५८ मा नारायणगढमा सयपत्री वस्त्रालय

खोली व्यवसाय सञ्चालन गरेको पाइन्छ । २०६३ मा सयपत्री वस्त्रालयको व्यवस्थापन छोडी विभिन्न औपचारिक तथा अनौपचारिक कार्यक्रमा सहभागी हुने तथा घरजग्गा किनवेच सम्बन्धी काममा समय बिताउने गरेको उनी बताउँछन् । समग्रमा विभिन्न पेसा तथा व्यावसायीक क्षेत्रमा हात हालेका चापागाईं कुनै पनि पेसा तथा व्यवसायमा स्थिर हुन नसकेको र छिटोछिटो पेसा तथा व्यवसाय परिवर्तन गरेको देखिन्छ ।

## २.८ लेखन प्रेरणा र प्रभाव

मनिसलाई कुनै पनि क्षेत्रमा अघि बढ्नको लागि कुनै न कुनै व्यक्तिको प्रेरणा आवश्यक पर्दछ । मानिसलाई काम गर्नमा उत्प्रेरणाले सघाउने गर्दछ । *उठौं उठौं नेपाली दाजुभाइ* (२०३४, अप्रकाशित) कविताबाट साहित्ययात्रा सुरु गरेका प्रकाश चापागाईंको पहिलो प्रकाशित रचना *खै के गरौं के गरौं* (प्रकाशपुञ्ज, २०३९) शीर्षकको कविता हो भने प्रकाशित पहिलो रचना **बदला** (लेखन २०३७ र प्रकाशन २०४०) शीर्षक एकाङ्की रहेको छ । लेखनको प्रेरणा सहोदर दाजु चेतकान्त चापागाईं र अरुणोदय मा.वि.का तत्कालीन शिक्षक केदार रेग्मी रहेका थिए भने काव्यिक रूपमा उनी माधव घिमिरेबाट प्रभावित रहेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

## २.९ सामाजिक क्षेत्रमा संलग्नता र कार्य

प्रकाश चापागाईले विभिन्न समाजिक सङ्घ-संस्थाहरूमा आबद्ध रहेर सामाजिक सेवा गर्दै आएको पाइन्छ । घरायसी समस्या तथा जागिरे जीवनको दैनिकीका साथै समय मिलाएर विभिन्न सामाजिक कार्यहरू गर्दै आएको पाइन्छ । उनी आबद्ध रहेका संघ-संस्थाहरू निम्नलिखित रहेका छन् :

क) सहसचिव- साहित्य संगम चितवन (२०४४-२०४६)

ख) कोषाध्यक्ष - साहित्य संगम चितवन (२०४७-२०५४)

ग) संयोजक - साहित्य संगम चितवन (२०५४-२०५५)

घ) सचिव - साहित्य संगम चितवन (२०५५-२०५८)

ङ) सल्लाहकार - साहित्य संगम चितवन (२०५८-२०६२)

च)	सदस्य - प्रगतिशील लेखक सङ्घ

छ)	सदस्य - रेडियो चितवन

ज)	आजीवन सदस्य - नेपाल क्षयरोग निवारण संस्थान (२०६७)

झ)	आजीवन सदस्य - नेपाल रेडक्रस सोसाइटी (२०७०)

यसरी विभिन्न सामाजिक क्षेत्रमा संलग्न रहेर समाजका विभिन्न क्षेत्रमा योगदान पुऱ्याउँदे आएका छन् ।

## २.१० राजनीतिक क्षेत्रमा संलग्नता

मनिसले समाजमा आफ्नो परिचय बनाउनका लागि विभिन्न संघ-संस्थाहरू तथा विभिन्न क्षेत्रमा संलग्न भएर आफूलाई स्थापित गराउन चाहन्छ । प्रकाश चापागाई एक निडर र प्रस्ट वक्ता रहेको पाइन्छ । उनले पञ्चायतकालमा पञ्चायती सत्ता विरुद्धको २०३६ सालको विद्यार्थी आन्दोलनको नेतृत्व समेत चितवनबाट गरेका थिए । पञ्चायती सत्ताको विरोध गरेको कारणले २०३६ वैशाख २५ गते दाहिने हातको बुढिऔंला गुमाउनु परेको थियो । विद्यार्थी आन्दोलनको नेतृत्व गरेकै कारण उनको बुढीऔंला काटिएको थियो । प्रकाश चापागाईं पनि विभिन्न सामाजिक संघ-संस्था, सामाजिक तथा राजनैतिक सेवामा रहेर आफ्नो सामाजिक तथा राजनैतिक व्यक्तित्वलाई चिनाउन खोजेको देखिन्छ :

क)	स्ववियु सभापति - वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर (२०३८-२०४०)

ख)	सभापति - त्रि.वि.कर्मची संघ, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर (२०४६-२०४८)

ग)	प्रवक्ता - नेकपा मसाल चितवन (२०४६-२०४९)

घ)	महासचिव - वाम तथा देशभक्त मञ्च चितवन (२०५२-२०५५)

ङ)	सचिव - लोकतान्त्रिक मञ्च चितवन (२०६२-२०६४)

च)	सल्लाहकार सदस्य - नेकपा एमाले चितवन (२०६४-हालसम्म)

यसरी विभिन्न राजनैतिक आन्दोलन र साङ्गठनिक जिम्मेवारीमा लाग्दै सामाजिक सेवा गर्दै आएका छन् ।

## २.११ रुचि तथा स्वभाव

मनिसको आ-आफ्नै रुचि तथा स्वभाव हुन्छन् जसले उसको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । हरेक व्यक्तिका रुचि फरक-फरक हुन सक्छन् । प्रकाश चापागाईका पनि आफ्नै किसिमका रुचिहरू छन् । यिनी सरल र सहज एवं मिलनसार, मृदुभाषी तथा प्रभावशाली व्यक्तित्वका देखिन्छन् । कहिलेकाहीँ ठट्यौली ग्री साथीभाइ इष्टमित्रहरूका बीच हाँस्ने र हँसाउने प्रवृत्ति पनि यिनमा पाइन्छ । खानामा उनले यस्तो वा त्यस्तो भन्ने गर्दैनन् । जेजस्तो छ त्यो मिठो मुखले खाने गर्छन् तर उनलाई मिठो, चिल्लो र मसलादर खानेकुरा बढी मन पर्छ । माछा, मासु उनलाई साह्रै मनपर्ने खानाभित्र पर्छन् । खानाखाँदा परिवारका सदस्यहरू र साथीभाइसँग बसेर खान रुचाउँछन् (शोधनायककी धर्मपत्नी सुजाताबाट प्राप्त जानकारीअनुसार) । अध्ययन र साहित्य सिर्जनालाई आफ्नो रुचिक्षेत्र मान्ने चापागाईं केटाकेटी अवस्थामा नै **तरुणतपसी, मुनामदन, गौरी, मुकुन्द इन्दिरा, भिखारी** जस्ता पुस्तकहरू अध्ययन गरेका थिए । साथीभाइहरूसँग बसेर छलफल गर्ने आफूले रचनाहरू सुनाउने र उनीहरूका सूचना र सुझावहरू पनि आफूले ग्रहण गर्ने स्वभाव प्रकाश चापागाईंमा रहेको पाइन्छ । सानै उमेरदेखि नै बुद्धिचाल र क्यारेमबोर्ड खेलमा रुचि रहेको उनी बताउँछन् । विद्यालयकालदेखि नै विभिन्न कार्यक्रमा भाग लिने, विद्यालयमा विद्यार्थीका केही समस्या परेमा प्रधानाध्यापकसँग कुराकानी गर्न जाने र साथीहरूको नेतृत्व गर्ने, विद्यालयमा सदनको टोलीनेता हुने, कक्षामा मनिटर हुने जस्ता कार्य उनले गरेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी अनुसार) । विद्यालय उमेरमा नै कविता लेख्ने र सुनाउने गर्दा गुरुहरूबाट धन्यवाद पाएको उनी बताउँछन् । कविता विज्ञापनको लागि होइन आत्मसन्तुष्टि र समाज सुधार तथा प्रेरणादायक समेत हुनुपर्छ भन्ने उनी प्रकाशनमा भने हतार गर्दैनन् । साहित्य र राजनीति दुवै क्षेत्रका कार्यक्रममा सहभागी बन्ने उनी फुर्सदको समयमा कविता रचना गरी आफ्नी धर्मपत्नी सुजातालाई पढ्न दिने वा सुनाउने गर्छन् । उनका स्वभागको परिचय उनका साहित्यिक कृतिहरूले पनि दिएका छन् । विगत तीन दशकदेखि साहित्य साधनामा लागेका र स्तरीय साहित्य सिर्जना गरिसकेका साहित्यकारका रूपमा स्थापित छन् । उनका रचनामा मूलतः सामाजिक विसङ्गतिप्रतिको असन्तुष्टिको स्वर सुरेलिएको पाइन्छ । मृदुभाषी प्रकाश चापागाई आफ्ना

रचनाहरू साहित्यिक कार्यक्रममा वाचन गर्न मन पराउँछन् । उनी स्वाभिमानी, स्वावलम्वी, मिहिनेती, परोपकारी, अध्ययनशील, भ्रमणमा रुचि राख्ने, प्रकृतिप्रेमी, समयको महत्त्वलाई बुझ्ने, कर्तव्यनिष्ठ र स्पष्टवक्ताका रूपमा चिनिन्छन् ।

## २.१२ अविस्मरणीय घटना

मान्छेका जीवनमा अनेक किसिमका घटनाहरू घट्ने गर्छन् । जीवन सुख र दुःखको सम्मीश्रण हो त्यसैले कहिले खुसीका साथ रमाउने र कहिले दुःखका साथ सङ्घर्ष गरी जिउनु पर्दछ । सुख-दुःख जीवनका एक सिक्काका दुई पाटा जस्तै हुन् । दुःख भोग्नेले मात्र सुख कस्तो हुन्छ भनेर बुझ्न सक्दछ । वि.सं. २०२० मा मातासहित परिवारका चार सदस्य बिफर रोगबाट गुमाउनु बाबा बाहेक परिवारका अन्य सदस्यहरू जीवन र मृत्युको दोसाँधमा रहेको सबैभन्दा दुखद रहेको उनी बताउँछन् (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

## २.१३ सम्मान तथा पुरस्कार

चितवन जिल्लामा रहेर मोफसलका स्रष्टाहरूलाई सिर्जना कार्यमा प्रोत्साहित गर्नमा प्रकाश चापागाईंको भूमिका अत्यन्तै महत्त्वपूर्ण छ । उत्कृष्ट सिर्जना र साहित्यिक कृतिका कारण साहित्यिक अनुरागीहरूको मन जित्न सफल छन् । उनको साहित्यिक योगदानलाई कदर गर्दै सहिद शिवप्रसाद पौडेल स्मृति पुरस्कार (२०६७) बाट सम्मानित तथा पुरस्कृत गरिएको पाइन्छ ।

## २.१४ यात्रा तथा भ्रमण

भ्रमण भन्ने बित्तिकै साहित्यिक, शैक्षिक, पर्यटकीय, धार्मिक, राजनैतिक वा अन्य विभिन्न प्रकारका यात्रालाई लिन सकिन्छ । यहाँ साहित्यिक कार्यक्रम वा गोष्ठीमा सहभागी हुने यात्रालाई भ्रमण भनिएको छ । प्रकाश चापागाईं साहित्यिक जमघट, गोष्ठी आदि कार्यक्रमा सहभागी हुन चितवन, नवलपरासी, कास्की, गोर्खा, लमजुङ, धादिङ, नुवाकोट, काठमाडौं लगायत देशका विभिन्न ठाउँमा भ्रमण गरेको पाइन्छ । नेपालभन्दा बाहिर पहिलो विश्व नेपाली महासंघ, रुस शाखाको आमन्त्रणमा आदिकवि भानुभक्त आचार्यको १९९ जन्मजयन्तीका अवसरमा आयोजित कार्यक्रममा नेपालका कविहरूका तर्फबाट मस्कोको

भ्रमण तथा दोस्रो अमेरिकाको वासिङ्टन डिसिमा नेपाली सहित्य समाजको अयोजनामा **नेपाली साहित्यमा नयाँ पुस्ताको भूमिका** विषयक कार्यपत्रसहित अमेरिकाको वोस्टन सिटी भ्रमण गरेका छन् (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

## २.१५ निष्कर्ष

कुनै पनि व्यक्तिले जन्मदेखि मृत्युसम्म जीवनयात्राका क्रममा घटित घटनाहरूको शृङ्खलित रूप नै जीवनी हो । जीवन सबैको एकनाशको हुँदैन । यहाँ प्रकाश चापागाईंको जन्मदेखि हालसम्मका विभिन्न पक्षलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।

वि.सं. २०१८ मा चितवन जिल्ला गीतानगर गा.वि.स. वडा नं. - ३ पृथ्वीनगरमा पिता गजाधर चापागाईं तथा माता डिकुरीदेवी चापागाईंको कोखबाट भएको थियो । दुई वर्षको उमेरमा मातृस्नेहबाट वञ्चित चापागाईं दाजु, दिदी र बाबुको काखमा हुर्किएका थिए । २०३१ फागुन ४ गते तेह्र वर्षको उमेरमा धार्मिक संस्कारअनुसार उनको चूडाकर्म भएको भएको थियो । शिक्षादीक्षाका क्रममा वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरबाट स्नातक तह सम्मको अध्ययन गर्दागर्दै बिचैमा औपचारिक अध्ययनमा पूर्णविराम लागेको पाइन्छ । २०४३ सालमा उनको विवाह सीता पौडेलसँग भएको थियो भने सीताको निधनपश्चात् उनको दोस्रो विवाह २०६६ मा गोमा आचार्य (सुजता)सँग भएको थियो । उनी विभिन्न समयमा शैक्षिक तथा व्यवसायमा संलग्न भएको पाइन्छ । विभिन्न सामाजिक संघ-संस्थाहरू तथा राजनैतिक सेवामा समेत उनले काम गरेका छन् । चापागाईं स्वदेश तथा विदेशका विभिन्न साहित्यिक कार्यक्रमा उपस्थित रहेको पाइन्छ । उनले स्वदेश तथा विदेशमा भ्रमण गरेका छन् ।

यसरी नेपाली साहित्यका कुशल साहित्यिक स्रष्टाका रूपमा परिचित भएका प्रकाश चापागाईं वर्तमान अवस्थामा विभिन्न सामाजिक संघ-संस्थामा आबद्ध रहेका छन् ।

# परिच्छेद : तीन

# साहित्यकार प्रकाश चापागाईंको व्यक्तित्व

# परिच्छेद : तीन

# साहित्यकार प्रकाश चापागाईंको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तिको व्यक्तित्वको निर्माणमा उसको जीवनका विभिन्न आयामहरूको भूमिका रहन्छ अर्थात् व्यक्तिको जीवनका विविध पक्षहरूको समष्टि स्वरूप नै उसको व्यक्तित्व हो । व्यक्तित्वको अर्थ मानसिक प्रक्रियामा एकरूपता वा अनुरूपको निर्माण हो । नेपाली वृहत शब्दकोशका अनुसार व्यक्तिको वैयक्तिक विशेषता देखाउने वा कुनै पनि व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्ति विशेषमा निहित विशेषता वा व्यक्ति विशेषको निजीपन प्रकट गर्ने विशेषतालाई व्यक्तित्व भनिन्छ । व्यक्तित्वलाई अध्ययन गर्न उसका व्यक्तित्वका विविध पक्षहरूलाई केलाइन्छ । मानिसको व्यक्तित्व निर्माणमा जीवन भोगाइका क्रममा आउने विविध घटना, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-प्रतिमोडहरूको भूमिका रहन्छ । मान्छे बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक-सांस्कृतिक रुचि, पेसा, शिक्षा-दीक्षा आदिले उसको व्यक्तित्व निर्माणमा भूमिका खेलेको हुन्छ । व्यक्तित्वलाई आन्तरिक र बाह्य गरी दुई भागमा बाँड्न सकिन्छ । शोधव्यक्ति प्रकाश चापागाईंको व्यक्तित्व पनि बाह्य र आन्तरिक गरी दुई भागमा विभाजन गरिएको छ ।

## ३.२ बाह्य व्यक्तित्व र स्वभाव

लगभग पाँच फिट पाँच इन्च उचाइको मझौला कद, हृष्टपुष्ट र फुर्तिलो शरीर, श्याम वर्ण, हँसिलो अनुहार, काला आँखा, पुष्ट गाला, करिब ७० किलो तौल, कालो कपाल सधैँ आकर्षक बनेर हिँड्नु प्रकाश चापागाईंको बाह्य व्यक्तित्व हो । २०३६ वैशाख २५ गतेको विद्यार्थी आन्दोलनमा प्रकाश चापागाईंले दायाँ हातको बुढी औंला गुमाएका थिए ( शोधनायकबाट प्राप्त जानकारी अनुसार) । सबैका कुरा सुन्ने, आफ्नो ब्रह्मले देखेको काम गर्ने, केहीदेखि नडराउने, सबैको भावनाको कदर गर्ने र सबैलाई आफ्नो पक्षमा समेट्न

सक्ने उनको स्वभाव रहेको छ । समय अनुसार आफूलाई परिवर्तन गर्नु, सबैसँग मित्रता र सौहार्दता गाँस्नु, मीठो मसिनो बोलेर सबैको मन जित्न सक्नु, साथीभाइसँग ख्यालठट्टा, हाँसो गर्नु, सफा सुग्घर भेषभुषामा मात्र बाहिर निस्कनु उनको बानी देखिन्छ । साहित्यानुरागी साथीहरूसँग भेटघाट गर्नु, समकालिक सर्जकहरू र तिनका रचनाहरू तथा नवोदित सर्जकहरूका रचनाहरू अध्ययन गर्ने बानी उनमा रहेको देखिन्छ । ज्यादै सरल, हँसिलो, मिजासिलो र नम्र, गरिब र अशक्त मानिसलाई सहयोग गर्ने उदार भावना, कसैको मन नदुखाउने, अनावश्यक कुरा नगर्ने स्वभाव उनको रहेको छ ।

## ३.३ आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व व्यक्तिभित्र लुकेको हुन्छ र त्यो उचित समय, स्थान र वातावरणमा मात्र प्रस्फुटित हुन्छ । आन्तरिक व्यक्तित्व निर्माणमा व्यक्तिको पारिवारिक पृष्ठभूमि, सामाजिक, आर्थिक पक्ष, सांस्कृतिक परिवेश, शिक्षा-दीक्षा जस्ता कुराले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । आन्तरिक व्यक्तित्व निर्माणमा वैयक्तिक रुचि र स्वभावको पनि उत्तिकै महत्त्वपूर्ण हात रहेको पाइन्छ । सानै उमेरदेखि साहित्यप्रति रुचि राख्ने प्रकाश चापागाईंको आन्तरिक व्यक्तित्वलाई साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व गरी दुई भागमा बाँडिएको छ ।

- क) साहित्यिक व्यक्तित्व
  - नाटककार व्यक्तित्व
  - कवि व्यक्तित्व
  - गीतकार व्यक्तित्व
  - समीक्षक व्यक्तित्व
- ख) साहित्येतर व्यक्तित्व
  - सामाजिक व्यक्तित्व
  - जागिरे व्यक्तित्व
  - सम्पादक व्यक्तित्व
  - राजनीतिक व्यक्तित्व

यसरी उनको साहित्यिक र साहित्येतर व्यक्तित्व गरी उनको व्यक्तित्वलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

मानवीय संवेदनालाई भरणपोषण गर्न साहित्य सक्षम हुनुपर्दछ भन्ने मान्यताको केन्द्रबिन्दुमा रहेर साहित्य सिर्जना गरिनु पर्दछ (दवाडी, २०६७ : १६) । प्रकाश चापागाईंले बाल्यावस्थादेखि नै साहित्य सिर्जनामा कलम चलाए पनि प्रकाशनका दृष्टिले *खै के गरौं के गरौं* शीर्षकको कविता **प्रकाशपुञ्ज** (२०३९) पत्रिकामा प्रकाशित भई साहित्य क्षेत्रमा कलम चलाएको पाइन्छ । कविता, नाटक, गीत र लेख प्रकाशित गरेका चापागाईंको व्यक्तित्वको अध्ययन गर्दा पनि नाटककार व्यक्तित्व, कवि व्यक्तित्व, गीतकार व्यक्तित्व र लेखक व्यक्तित्व गरी साहित्यिक व्यक्तित्वको अध्ययन गरिन्छ ।

#### ३.३.१.१ नाटककार व्यक्तित्व

साहित्यका क्षेत्रमा प्रकाश चापागाईं सर्वप्रथम नाटककारका रूपमा चिनिएका छन् । वि.सं. २०४० मा प्रकाशित **बदला** (एकाङ्की नाटक) प्रकाश चापागाईंको पहिलो प्रकाशित पुस्तकाकार कृति हो । लक्ष्मण गौतमले प्रकाश चापागाईं चितवनका प्रथम नाटककार रहेको कुरा उल्लेख गरेका छन् (गौतम, २०६५ : २) । प्रकाश चापागाईंका एकाङ्कीमा देश, काल र वातावरणको सजीव चित्रण गरिएको पाइन्छ । उनका एकाङ्कीमा सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य, सामाजिक विकृति विसङ्गतिको चित्रण, निराशा कुण्ठाको चित्रण, आन्तरिक र बाह्य द्वन्द्व जनसमुदायमा प्रचलित सहज र स्वाभाविक भाषा उनका एकाङ्कीमा पाइन्छ ।

प्रकाश चापागाईंका हालसम्म विभिन्न पुस्तकाकार कृति र पत्रपत्रिकामा प्रकाशित एकाङ्की नाटकहरूको विवरण यसप्रकार रहेका छन् :

| क.सं. | शीर्षक | पत्रिका/पुस्तक | प्रकाशित मिति |
|---|---|---|---|
| १. | बदला | पुस्तकाकार कृति | २०४० |
| २. | उज्यालो अँध्यारो | चितवन महोत्सव ‘स्मारिका’ | २०५९ |
| ३. | बस्तिपुर जागिरहेको छ | नौलो राँको, ३१/१, पूर्णाङ्क ६ | |
| ४. | परिवर्तनका पाइलाहरू | स्रष्टा | २०६१ |

यी एकाङ्कीहरूका आधारमा उनी एक स्थापित एकाङ्कीकार हुन् र उनको एकाङ्कीकार व्यक्तित्व सफल छ भन्न सकिन्छ ।

### ३.३.१.२ कवि व्यक्तित्व

प्रकाश चापागाईंले बाल्यावस्थादेखि नै कविता रचना गर्ने र साथीभाइ एवम् गुरुहरूलाई सुनाउने गरेको पाइन्छ । २०३९ सालमा **प्रकाशपुञ्ज** पत्रिकामा *खै के गरौं के गरौं* शीर्षकको कविता प्रकाशन गरेर औपचारिक साहित्य यात्राको थालनी गरेको पाइन्छ । २०६७ सालमा प्रकाशित **आँखाभरि** शोककाव्य र २०७० सालमा प्रकाशित **बुलेट नम्बर पाँच** खण्डकाव्य उनका प्रकाशित पुस्तकाकार कृति हुन् भने विभिन्न पत्रिकामा विभिन्न फुटकर कविताहरू प्रकाशन भएको पाइन्छ । प्रकाश चापागाईंका कविताहरू वार्णिक छन्दमा रचना गरिएका छन् । आफ्ना सशक्त भावनालाई छन्दको मालामा ज्यादै सुन्दर ढाँचामा उन्न सिपालु प्रकाशका कवितामा हाम्रै घर आँगनका मखमली फूलको सौन्दर्य र सयपत्रीको सुवास पाइन्छ (विनोदी, २०६८ : ४) । प्रकाश चापागाईंका कवितामा सामाजिक जीवनको चित्रण पाइन्छ । यिनका कवित्वमा समसामयिक यथार्थको अध्ययन, नागरिक दायित्वको बोध, प्रगाढ देशभक्ति र मानवद्वेषी प्रवृत्तिको आलोचना पाइन्छ (ज्ञवाली, २०७० : २०६) । माथि उल्लेखित खण्डकाव्य र फुटकर कविताहरूले प्रकाश चापागाईंलाई स्थापित गराएको छ ।

### ३.३.१.३ गीतकार व्यक्तित्व

साहित्यकार प्रकाश चापागाईं साहित्यका नाटक, कविता विधाका अतिरिक्त गीत रचनाको क्षेत्रमा पनि आफूलाई अघि बढाएको देखिन्छ । विभिन्न ठाउँ र परिवेश अनुसार गीतहरू रचना गरेको पाइन्छ । सरल भाषा, सर्वसाधारण तथा लेखपढ नभएका व्यक्तिहरूले पनि सुनेर त्यसको भाव बोध गर्नसक्ने गीतको रचना गर्ने चापागाईं 'शहिदप्रति' गीतबाट आफूलाई नेपाली साहित्यमा गीतकार व्यक्तित्वका रूपमा उभ्याएका छन् ।

### ३.३.१.४ समीक्षक/लेखक व्यक्तित्व

प्रकाश चापागाईं नाटककार, कवि र गीतकार मात्र नभएर समीक्षक पनि हुन् । माओवादी जनयुद्ध काल र वर्तमान **भरतपुर मासिक**मा वर्ष १, अङ्क १ मा प्रकाशित गरी आफूलाई एक समीक्षकका रूपमा समेत उभ्याएका छन् ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

एउटै व्यक्तिभित्र धेरै प्रकरका क्षमता, प्रतिभा, सिप, कला तथा रुचिहरू रहेका हुन्छन् जसको माध्यमबाट समाजका विभिन्न क्रियाकलापमा सरिक भएर उसले आफूलाई परिचित गराएको हुन्छ । कुनै पनि देशको संस्कृति, साहित्य र कलाको उज्यालो छविले त्यस देशको गरिमालाई मुखरित एवं जीवन्त राखेको हुन्छ (नन्दन, २०४९ : ६) । प्रकाश चापागाईंले आफ्नो जीवनकालमा समाजसेवा, जागिर, पुस्तक तथा पत्रपत्रिकाको सम्पादन गरेको पाइन्छ । यसैको आधारमा उनको साहित्येतर व्यक्तित्वको चर्चा गरिन्छ ।

#### ३.३.२.१ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी हो । त्यसैले ऊ समाजभन्दा टाढा रहन सक्दैन । ऊ जीवन जिउने क्रममा समाज तथा राष्ट्रमा केही न केही सामाजिक काम गरेके हुन्छ । त्यही कामको आधारमा व्यक्तिको सामाजिक व्यक्तित्व निर्धारण गरिन्छ । प्रकाश चापागाईं पनि विभिन्न सामाजिक संघसंस्था र राजनैतिक तह तथा पदमा रहेर सामाजिक सेवामा लागेको पाइन्छ ।

#### ३.३.२.२ शिक्षक तथा प्रशासनिक व्यक्तित्व

वीरेन्द्र बहुमुखी क्याम्पसमा स्नातक तहसम्म अध्ययन गरेका प्रकाश चापागाईंले राष्ट्रिय प्रा.वि., दारेचोकमा ४०-४१ शिक्षक, श्री उज्ज्वल नि.मा.वि. ४१-४२ मा शिक्षक, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा हेड असिस्टेन्ट (२०४४-०५२) भई शिक्षण तथा प्रशासनिक सेवामा काम गरेका थिए ।

#### ३.३.२.३ सम्पादक तथा प्रकाशक व्यक्तित्व

प्रकाश चापागाईंले विभिन्न समयमा विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरू प्रकाशन गरेको पाइन्छ । वीरेन्द्र बहुमुखी क्याम्पसको मुखपत्र **प्रकाशपुञ्ज**को सम्पादन गरेको र आफ्नो सम्पादन कार्य सुरु गरेको बताउने उनले **नौलो राँको** (२०५८), **कवितामा गणतन्त्र** (२०५६), **भरतपुर मासिक, बाबाको बाटो** (जीवनीपरक पुस्तिका) (२०६९) को सम्पादन

गरेको पाइन्छ (विभिन्न पुस्तक तथा पत्रिकाबाट प्राप्त जानकारी) । **स्मृतिका बिम्बमा सीता** (२०६५) को समेत सम्पादन गरी प्रकाशन गरेको कारणले गर्दा उनको सम्पादक तथा प्रकाशक व्यक्तित्वको परिचय मिल्दछ ।

### ३.३.२.४ राजनैतिक व्यक्तित्व

प्रकाश चापागाईं विभिन्न समयमा विभिन्न राजनैतिक दलसँग आबद्ध भएर काम गरेको पाइन्छ । २०३८-२०४० सम्म वीरेन्द्र बहुमुखी क्याम्पसमा स्व.वि.यु. सभापति, त्रि.वि. कर्मचारी संघ वीरेन्द्र बहुमुखी क्याम्पसको सभापति, नेकपा मसाल चितवनको प्रवक्ता (२०४६-२०४९), वाम तथा देशभक्त मञ्चको महासचिव (२०५२-२०५५), लोकतान्त्रिक मञ्च चितवनका सचिव (२०६२-०६४), नेकपा एमाले चितवनका सल्लाहकार (२०६४) जस्ता राजनैतिक पदमा रहेर कार्य गरेका छन् । यस्ता पद तथा संगठनमा रहेर गरेको कार्यबाटै उनको राजनैतिक व्यक्तित्वको परिचय मिल्छ ।

## ३.४ निष्कर्ष

प्रकाश चापागाईं साहित्यका विविध विधामा कलम चलाउने साहित्यकार भएकाले उनलाई नेपाली साहित्यका बहुमुखी प्रतिभासम्पन्न व्यक्तित्व मानिन्छ । *खै के गरौं के गरौं* (२०३९) **प्रकाशपुञ्ज** पत्रिकामा प्रकाशन गरी साहित्ययात्रा सुरु गरेका प्रकाश चापागाईंले एकाङ्की, फुटकर कविता, खण्डकाव्य, गीत तथा फुटकर लेखहरू प्रकाशित गरेका छन् । नेपाली साहित्यमा पुस्तकाकार कृतिका रूपमा यिनले **बदला** (२०४० एकाङ्की), **आँखाभरि** ( २०५७, शोककाव्य) र **बुलेट नम्बर पाँच** (२०७०, खण्डकाव्य) प्रकाशित गरेका छन् । त्यसैले विभिन्न पुस्तक तथा पत्रपत्रिकाको सम्पादन समेत गरेका पाइन्छन् । चापागाईंको साहित्यिक योगदानको निक्यौंल गर्दा यिनी एकाङ्की र कविताका क्षेत्रमा बढी प्रभावशाली देखिएका छन् । साहित्येतर व्यक्तित्व अन्तर्गत यिनको सामाजिक, राजनीतिक, शिक्षक तथा सम्पादक व्यक्तित्वका रूपमा समेत यिनी चिनिएका छन् । यिनको व्यक्तित्वको दायरा फराकिलो देखिए तापनि यिनी मूलतः एकाङ्कीकार र कवि व्यक्तित्व हुन्

# परिच्छेद : चार

# प्रकाश चापागाईंको साहित्यिक यात्रा र चरण विभाजन

# परिच्छेद : चार

# प्रकाश चापागाईंको साहित्यिक यात्रा र चरण विभाजन

## ४.१ विषय प्रवेश

प्रकाश चापागाईं स्कुले जीवनकालमा नै विद्यालयको विभिन्न साहित्यिक प्रतियोगितामा भाग लिने र पुरस्कृत हुने गरेका थिए । कक्षा सातमा पढ्दा भरतपुरमा भएको जिल्लास्तरीय निबन्ध प्रतियोगितामा द्वितीय भएका थिए (शोधनायकबाट प्राप्त जानकारी अनुसार) । प्रकाश चापागाईंका दाजु चेतकान्त चापागाईं पनि कवि थिए । उनैको प्रेरणा र गुरुहरूको उत्साहबाट उनी साहित्य सिर्जनातर्फ उन्मुख भएका हुन् । २०३४ सालमा 'उठौं उठौं नेपाली दाजुभाइ' नामक कविताबाट साहित्यमा प्रवेश गरेका यिनको पहिलो प्रकाशित कविता हो - *खै के भनौं के भनौं* (२०३७, प्रकाशपुञ्ज) यस्तै २०३७ सालमै चापागाईंले **बदला** शीर्षकको एकाङ्की रचना गरी चितवन, लमजुङ, गोरखामा समेत मञ्चन गरिएको थियो (शोधनायकबाट प्राप्त जानकारी अनुसार) । यिनले विभिन्न कविता, एकाङ्की तथा लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्दै आएको पाइन्छ । हालसम्म प्रकाश चापागाईंका **बदला** (२०४० एकाङ्की), **आँखाभरि** (२०५७, शोककाव्य) र **बुलेट नम्बर पाँच** (२०७०, खण्डकाव्य) गरी तीनवटा पुस्तकाकार कृतिहरूको रचना गरेका छन् ।

यिनै साहित्यिक कृतिहरू तथा यी कृतिहरूमा पाइने प्रवृत्तिका आधारमा प्रकाश चापागाईंको साहित्यिक यात्रालाई निम्न चरणमा वर्गीकरण गरिन्छ :

### क) पूर्वार्ध चरण (२०३७-२०६६)

प्रकाश चापागाईंको बाल्यकालदेखि नै साहित्यमा अभिरुचि रहेको थियो । विद्यालय उमेरमा विभिन्न कविता रचना गरी वाचन गर्ने तथा साहित्यिक प्रतियोगितामा भाग लिने गरेको पाइए तापनि उनको औपचारिक साहित्ययात्रा *उठौं उठौं नेपाली दाजुभाइ* (प्रकाशपुञ्ज, २०३७) देखि भएको हो । विभिन्न फुटकर रचनाहरू लेखन र प्रकाशन गर्दै आएका प्रकाश चापागाईंले **बदला** (२०४०) एकाङ्की प्रकाशन गरी आफूलाई एक एकाङ्कीकारका रूपमा उभ्याएका उनले *सहिदप्रति* (२०४८, जनसाहित्य), *आऊ युद्ध भूमिमा* २०५४, संघठन सन्देश स्मारिका), *मान्छे*

*निदायो किन ?* (२०६१, चितवनको चिनो), *मेरो चितवन* (२०६१, कवितामा चितवन), *मैले देखिन* (२०६२, चितवन तनहुँ सन्देश), *जालमा पार्न सक्छ* (२०६२, स्रष्टा), *गणतन्त्रको लहरमा* (२०६४, प्रलेस), *उस्कै हँसाऊ मन* (२०६५, कवितामा गणतन्त्र), *आँखाभरि छौ तिमी* (२०६५, स्मृतिका बिम्बमा सीता) फुटकर रचना प्रकाशन गरी आफ्नो कवि व्यक्तित्व प्रस्तुत गरेका छन् भने *बस्तिपुर ब्युँझिरहेको छ* (२०६१, नौलो राँको), *उज्यालो अँध्यारो* (२०६९, चितवन महोत्सव स्मारिका), *परिवर्तनका पाइलाहरू* (स्रष्टा, २०६१ पौष) जस्ता एकाङ्की प्रकाशन गरेका छन् । प्रकाश चापागाईका यस समयका साहित्यिक रचनामा तत्कालीन समाजको यथार्थ चित्रण गरी सामाजिक र राजनीतिक अव्यवस्थाप्रति व्यङ्ग्य गरिएको छ । जनता र सत्तामा रहेका व्यक्तिहरूको जीवनशैलीलाई देखाई परिवर्तनको अपेक्षा गरिएको छ । यो समय प्रकाश चापागाईको विद्यार्थी कालदेखिको समय हो । २०३६ सालको विद्यार्थी आन्दोलनमा लागेको कारणले गर्दा उनको दायाँ हातको बुढीऔंला काटिएको थियो । त्यसबाट उनमा झन क्रान्तिकारी र विद्रोही भावना उजागर भएको पाइन्छ । पञ्चायती सत्ताको विरोध गरेको कारणले बुढीऔंला काट्नुको साथै चापागाईका कृतिहरू पनि जलाइएको शोधनायक बताउँछन् । पञ्चायती व्यवस्थाको विरोध गरेको हुनाले उनी घरमा बस्न सक्ने अवस्था नरहेको कारणले ज्यान जोगाउनु परेको थियो । सोही कारणले पनि आफ्ना रचनाहरू गुमाउनु परेको शोधनायक बताउँछन् । यसरी विभिन्न कविता र एकाङ्की प्रकाशन गराएका चापागाईंले आफ्नो यो प्रारम्भिक चरणमा कविता र एकाङ्की दुवै विधालाई सँगसँगै हिँडाएको पाइन्छ ।

चापागाईंको यो चरण प्रारम्भिक चरण भएकाले सुरुवाती चरण अभ्यासकाल नै भएकाले सुरुसुरुका रचनामा भाषिक अस्पष्टता पाइए पनि एकाङ्कीका पात्रहरूमा भने प्रगतिवादिता पाइन्छ । यिनका यस कालका साहित्यिक रचनामा जनमुक्तिका लागि लडिरहेका पात्रहरूको आवाज पाइन्छ । यस चरणमा देखिएका चापागाईंका प्रवृत्तिहरूलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ :

क) सामाजिक यथार्थको प्रस्तुति

ख) मानवीय जीवनका पीडा, व्यथा, वेदनाको प्रस्तुति

ग) नागर सभ्यताको विकृति र विसङ्गतिको प्रस्तुति

घ) ग्रामीण जीवनको चित्रण

ङ) राजनैतिक विसङ्गतिप्रति व्यङ्ग्य

च) प्रगतिवादी स्वर

छ) न्यायमूलक समाज स्थापनाको चाहना

यसरी यस कालखण्डमा विभिन्न कविता र एकाङ्कीको लेखन तथा प्रकाशन गराई आफूलाई उनले एक स्थापित साहित्यिक व्यक्तित्वका रूपमा उभ्याउने प्रयत्न गरेको पाइन्छ ।

**ख) उत्तरार्द्ध चरण (२०६७-वर्तमानसम्म)**

प्रकाश चापागाईंको साहित्यिक यात्रालाई चरणबद्ध रूपमा विभाजन गरेर हेर्दा २०६७ देखि वर्तमानसम्मको अवधिलाई उत्तरार्द्ध चरण भनिन्छ । यस समयमा उनको *हे युद्धका नायक* (२०६७, सम्प्रेषण), *मेरो हिमाल* (२०६७, अरुणोदय उ.मा.वि. स्मारिका), *श्रद्धेय खम्बासिंह* (२०६८, खम्बासिंह कुँवर अभिनन्दन ग्रन्थ), *नयाँ वर्षको कविता* (२०६९, नारायणी स्वर्ण स्मारिका), *शब्द सौताग* (२०६९, भानु मासिक), *आमा सहन्छ्यौ कति* (२०७०, वैजयन्ती) जस्ता फुटकर कविता प्रकाशन भएको पाइन्छ । यस्तै *चितवनका कवि र कविता* (२०७०) मा प्रकाश चापागाईंका *अब नाटक मात्र रहे, नयाँ धार छैन, अनिच्छित यथार्थ, खै, के अर्थ भो भोटको* कविताहरू प्रकाशन भएको छ । यस्ता फुटकर रचनाका साथै **आँखाभरि** (२०६७, शोककाव्य) र **बुलेट नम्बर पाँच** (२०७०, खण्डकाव्य) रचना पर्दछन् । उनका यस चरणका कृतिहरूमा सामाजिक जीवनचेतना पाइन्छ । यस कालखण्डको महत्त्वपूर्ण रचना **आँखाभरी** शोककाव्य र **बुलेट नम्बर पाँच** खण्डकाव्य हुन् । उनले **आँखाभरी** शोककाव्य आफ्नी धर्मपत्नी सीताको मृत्युको कारणले भावविह्वल भएर रचना गरिएको छ । यो काव्य व्यक्तिगत घटनामा आाधारित रहे पनि यसमा कतै न कतै मानवीय मूल्य-मान्यता, सामाजिक आचार विचार, नेपाली सामाजिक र आर्थिक अवस्था, रो्ग लाग्दा परिवारमा हुने छटपटी आदिलाई मार्मिक तथा कारुणिक ढङ्गमा चित्रण गरिएको छ । उनको अर्को महत्त्वपूर्ण काव्य **बुलेट नम्बर पाँच** रहेको छ । यस काव्यमा २०५२ पछिको विद्रोह र शान्तिवार्ता सफल भएपछि सत्तामा गएा व्यक्तिहरूमा रहेको सत्तामोहलाई दोखाइएको छ । परिवर्तनको नाममा जनतालाई

बलिको बोका गराइएको र सहिदको सपना पुरा नभएको कथावस्तु रहेको छ । यसरी यस समयमा रचना र प्रकाशन गरिएका पुस्तकाकार कृतिहरूलाई हेर्दा **आँखाभरी** पारिवारिक घटनामा आधारित शोककाव्य हो भने **बुलेट नम्बर पाँच** सामाजिक र राजनीतिक घटनामा आधारित खण्डकाव्य हो । उनको फुटकर रचना र पुस्तकाकार कृतिहरूलाई हेर्दा सामाजिक यथार्थलाई विषयवस्तु बनाई समाजमा चल्दै आएका विकृति र विसङ्गतिलाई उदाङ्गो पारिएको छ । यस अवधिमा उनी कविता विधामा केन्द्रित रहेको देखिन्छ । प्रकाश चापागाईंका साहित्यिक कृतिहरूमा यस अवधिमा देखिएका प्रमुख प्रवृत्तिहरू बुँदागतरूपमा निम्नानुसार छन् :

क) परम्परित मूल्य मान्यताको भञ्जन,

ख) शास्त्रीय वार्णिक छन्दमा कविता रचना,

ग) सशस्त्र द्वन्द्वजन्य परिवेश छनोट,

घ) आजका मान्छेको निस्सारता, बिरानोपन र एक्लोपनको प्रस्तुति,

ङ) अनुभूतिको तीव्रता,

च) वर्णनात्मकता,

छ) बिम्ब प्रतीकको प्रयोग

ज) सरल र सहज भाषाको प्रयोग

यसरी विभिन्न फुटकर र पुस्तकाकार कृतिहरूको रचना गरी आफूलाई एक सशक्त साहित्यकारको रूपमा स्थापित गरेका छन् ।

## ४.२ निष्कर्ष

विद्यार्थी जीवनमा विद्यालयमा हुने साहित्यिक कार्यक्रमहरूम कविता लेख्ने र वाचन गर्ने क्रमबाट प्रकाश चापागाईंको साहित्ययात्रा सुरु भएको देखिन्छ । वि.सं. २०३७ मा *उठौं उठौं नेपाली दाजुभाइ* नामक कविता **प्रकाशपुञ्ज** पत्रिकामा प्रकाशित गराएर उनले आफ्नो साहित्ययात्रा सुरु गरेका हुन् । सिर्जनाको थालनी कविताबाट गरे पनि कविता र एकाङ्की दुवै विधामा उनी स्थापित छन् । उनले विभिन्न समयमा विभिन्न फुटकर कविता, गीत, एकाङ्की र विभिन्न पत्रपत्रिकामा लेखहरूको प्रकाशन गरेको पाइन्छ भने उनको प्रकाशित पुस्तकाकार कृतिहरू भने **बदला** (२०४०), **आँखाभरि** (२०६७) र **बुलेट नम्बर पाँच** (२०७०) हुन् । २०३६

सालको विद्यार्थी आन्दोलमा लागेको कारणले चापागाईका आफ्ना रचनाहरू हराउनुपरेको थियो । त्यसै कारणले पनि उनका रचनामा सामाजिक र राजनैतिक अवस्थाको चित्रण गरिएको पाइन्छ । उनका रचनाहरूमा नेपाली सामाजिक परिवेश र यहाँका जनताले भोग्नुपरेका पीडाहरूलाई यथार्थ रूपमा चित्रण गरिएको छ ।

प्रकाश चापागाईको आफ्नो साहित्यिक यात्राको पूर्वार्ध चरण (२०६६ सम्म) मा विभिन्न फुटकर कविता र एकाङ्कीहरू तथा **बदला** पुस्तकाकार एकाङ्कीको प्रकाशन गरेका छन् भने उनको उत्तरार्ध चरण (२०६७-वर्तमान) सम्म विभिन्न फुटकर कविता, लेख, रचनाका साथै **आँखाभरी** शोककाव्य र **बुलेट नम्बर पाँच** खण्डकाव्य प्रकाश गरेका छन् । साहित्यिक मूल्यका हिसाबले उनको पूर्वार्ध चरणभन्दा उत्तरार्ध चरण महत्त्वपूर्ण मानिन्छ । **बदला** र **बुलेट नम्बर पाँच** सामाजिक र राजनीतिक कथावस्तुमा आधारित रचना हुन् । **बदला** एकाङ्कीमा सर्वसाधारण जनताले भोग्नुपरेका समस्या र सरकारी कर्मचारीबाट हुने व्यवहारको चित्रण रहेको छ भने **बुलेट नम्बर पाँच**मा २०५२ सालदेखिको माओवादी विद्रोह बेकारमा भएको अर्थात् त्यसबाट जनतामा कुनै परिवर्तन आउन नसकेको तीतो यथार्थलाई कथावस्तु बनाइएको छ । **आँखाभरि** चापागाईको पारिवारिक घटनामा आधारित शोककाव्य हो । आफ्नी धर्मपत्नी सीताको मृत्यु पश्चात् कविको मनमा उत्पन्न भएका भावहरू यस काव्यको विषयवस्तु रहेको छ ।

साहित्यिक लेखन र अध्ययनमा रमाउने चापागाईं वर्तमान समयमा विभिन्न साहित्यिक गोष्ठी एम् कार्यक्रममा भाग लिने र साहित्य रचना गर्दै आइरहेका छन् । उनको यो अविश्रान्त रूपमा अगाडि बढिरहेको, दिन प्रतिदिन गहन र स्तरीय बन्दै गएको साहित्यिक यात्राले नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याएको देखिन्छ ।

# परिच्छेद : पाँच

# प्रकाश चापागाईंका कृतिहरूको अध्ययन

## परिच्छेद : पाँच

# प्रकाश चापागाईंका कृतिहरूको अध्ययन

### ५.१ विषय प्रवेश

प्रकाश चापागाईंका एकाङ्की र खण्डकाव्य कृतिहरू प्रकाशित छन् । उनका प्रकाशित कृतिहरूलाई एकाङ्की र खण्डकाव्य कृतिका रूपमा हेर्न सकिन्छ । **बदला** (२०४०) उनको एकाङ्की हो भने **आँखाभरि** (२०६७) र **बुलेट नम्बर पाँच** (२०७०) खण्डकाव्य कृतिहरू हुन् । प्रस्तुत परिच्छेदमा यिनका यिनै तीनवटा कृतिहरूको अध्ययनमा केन्द्रित छ ।

### ५.२ प्रकाश चापागाईंका एकाङ्कीको विश्लेषण

#### ५.२.१ विषय प्रवेश

एकाङ्की साहित्यको नाट्य विधा मानिन्छ । एकाङ्की साहित्यको दृश्यभेदमा पर्छ । एकाङ्की वस्तुतः बालकबाटै विकसित भएको तर यसभन्दा भिन्न र स्वतन्त्र विधा हो । अङ्क विभाजनका दृष्टिले नाट्यविधालाई एकाङ्की र पूर्णाङ्की गरी दुई भागमा विभाजन गरिन्छ । एक मात्र अङ्क भएकोलाई एकाङ्की र एकभन्दा बढी अङ्क भएकोलाई पूर्णाङ्की भनिन्छ । नाटकलाई पूर्णाङ्की र एकाङ्की गरी दुई भेदमा विभाजन गरिएको पाइए तापनि एकाङ्की नाटकको भेद वा लघु रूप होइन (शर्मा र लुइटेल, २०६० : ३७) । यसको विकास एक स्वतन्त्र साहित्यिक विधाको रूपमा भएको छ । एकाङ्की शब्दले एउटा मात्र अङ्क भएको नाट्य रचनालाई बुझाउँछ । यसका लागि अङ्ग्रेजीमा वन-एक्ट-प्ले शब्दको अर्थ पनि एक अङ्क भएको नाट्य रचना हुन्छ (शर्मा र लुइटेल, २०६० : ३७) । एकाङ्की नाटकभन्दा छोटो तर स्वयंमा पूर्ण विधा हो । एकाङ्की एउटै अङ्कमा संरचित हुन्छ तर यसमा एकभन्दा बढी दृश्यहरू हुनसक्छन् ।

नेपाली साहित्यमा अन्य विधाको तुलनामा एकाङ्की विधाको प्रवर्तन थालनी नेपाली साहित्यको आधुनिक कालमा आएर भएको पाइन्छ । एकाङ्की विधाको थालनी १९८९ मा एक अनुभवी छद्म नामधारी लेखकबाट **आत्माभिमान** एकाङ्की (गोर्खा, वर्ष ४, किरण १) बाट

भएको पाइन्छ (आचार्य र गैरे, सन् २०१२ : ६९) । बालकृष्ण समभन्दा अगाडि एकाङ्कीहरू लेख्ने प्रयास भए तापनि आधुनिक एकाङ्की लेखनको थालनीबाट आधुनिक एकाङ्कीको सुरुवात भएको पाइन्छ । भारतीय नेपाली साहित्यमा लेखिएको **आत्माभिमान** पूर्णपाठ फेला नपरेकाले आधुनिक नेपाली नाटक र एकाङ्कीको उदय बालकृष्ण समको उदयबाट देखिन्छ (उपाध्याय, २०६७ : १) । बालकृष्ण समको १९९० मा लेखन र मञ्चन भएको **प्रेम** पहिलो नेपाली एकाङ्की हो भने प्रकाशनका दृष्टिले नेपाली साहित्यमा भीमनिधि तिवारीको **काशीवास** ( १९९८) पहिलो एकाङ्की हो (उपाध्याय, २०६७ : १) । नेपाली एकाङ्कीको विकास प्रवास ( भारत) र नेपाल दुवै ठाउँबाट हुँदै आएको पाइन्छ । नब्बेको दशकमा **बोक्सी** र **लक्ष्यहीन**को प्रकाशनका साथै एकाङ्कीको सिद्धान्त समेत प्रकाशन गरेर **शारदा** (नववर्षाङ्क, वैशाख १९९९) ले यस नाट्य भेदलाई स्थापित गर्नमा ऐतिहासिक योगदान दिएको छ (उपाध्याय, २०६७ : १) । यसरी नेपाली साहित्यको आधुनिक कालदेखि सुरुवात भएको हो ।

## ५.२.२ एकाङ्कीको परिभाषा

साहित्यका श्रव्य र दृश्य भेदमध्ये नाटक र एकाङ्की दृश्य भेदअन्तर्गत पर्दछन् । एकाङ्की पूर्वीय, पाश्चात्य र नेपाली जगत्मा प्रचलित एक साहित्यिक विधा हो । यसर्थ यसबारे विभिन्न विद्वान् साहित्यकार र समीक्षकहरूले आ-आफ्नै किसिमबाट परिभाषित गरेका छन् । विभिन्न दृष्टिले गरिएका परिभाषाहरूमा एकरूपता नभएको देखिन्छ । एकाङ्की वस्तुतः नाटकबाटै विकसित भएको तर यसभन्दा भिन्न स्वतन्त्र विधा हो  । अङ्क विधानका दृष्टिले नाट्य विधालाई एकाङ्की र पूर्णाङ्की गरी दुई भागमा विभाजन गरिन्छ । एक अङ्क मात्र भएकोलाई एकाङ्की र एकभन्दा बढी अङ्क भएकोलाई पूर्णाङ्की नाटक भनिन्छ ।

एकाङ्कीलाई विभिन्न समयमा विद्वान्हरूले आ-आफ्नै ढङ्गमा परिभाषित गरेका छन् । यहाँ केही महत्त्वपूर्ण परिभाषाहरू प्रस्तुत गरिन्छ :

असम्बद्ध प्रसङ्ग, अप्रासङ्गिक घटना र निरर्थक पात्रको प्रयोग नगरी कठोरतम अनुशासनको पालना गरेर संयमित रूपमा एउटै उद्देश्य लिएर लेखिएको साहित्यिक रचना एकाङ्की हो । एउटै प्रभाव पार्ने उद्देश्य भएको पात्र वा पात्र समूहमै केन्द्रित हुनुपर्ने एकाङ्कीमा

उद्देश्य, प्रभाव र परिवेशका बिचमा अन्विति हुनुपर्छ । - सिडनी वक्स (लुइटेल, २०५४ : २) ।

अमान्य हुने गरी जीवनको वास्तविकतादेखि ज्यादै टाढा नभई निकट हुने र घटनावलीको गति अग्र वा पश्च हुनसक्ने तथा समय पक्ष महत्त्वपूर्ण भएको कृतिलाई एकाङ्की भनिन्छ । - पर्सिभल वाइल्ड (लुइटेल, २०५४ : २) ।

एकाङ्की आफ्नै स्वरूप र मध्यमको कठोर नियमद्वारा नियन्त्रित दृश्य, घटना र परिवेशबाट विकसित हुन्छ । - रिचर्ड एटन (लुइटेल, २०५४ : २)

एकाङ्कीको प्रवृत्ति कस्तो हुन्छ भने त्यसमा नाटककारले कुनै विशेष समस्या, कुनै विशेष परिस्थिति वा घटनालाई त्यस किसिमबाट नियोजित गर्नुपर्दा जसमा त्यो स्वतः विकसित भएर जाओस् । - पिचर्ड न्यूटन (उपाध्याय र अन्य, २०५५ : ८) ।

एकाङ्कीमा जीवनको क्रमबद्ध विवेचना नभएर त्यसको एक पक्ष एक महत्त्वपूर्ण घटना र एक विशेष परिस्थिति वा एक उदीप्त क्षणको चित्रण गरिन्छ - डा. नगेन्द्र (लुइटेल, २०५४ : २) ।

एकाङ्की नाटकमा अन्य किसिमका नाटकमा भन्दा भिन्न किसिमको आफ्नो विशेषता हुन्छ । त्यसमा एउटै घटना हुन्छ र त्यो नाटकीय कौशलबाट कौतुहलको सञ्चय गरी चरम सीमासम्म पुग्छ । त्यसमा कुनै गौण प्रसङ्ग रहँदैन । एक एक वाक्य र एक एक शब्द प्राणझैँ आवश्यक रहन्छ । पात्र चार वा पाँच रहन्छन्, जो नाटकीय घटनासित पूर्णतया सम्बद्ध हुन्छन् । - रामकुमार बर्मा (उपाध्याय र अन्य, २०५५ : ८) ।

एकाङ्कीमा एउटै विषय, एउटै समय र एउटै अङ्कका दृश्य हुनु आवश्यक छ । एक र अनेक, अनेकमा जति टुक्रा पनि हुन सक्छन् तर एकमा एकचोटि नटुटेको सिङ्गो हुनुपर्दछ छोटो, सानो भए पनि । यो घोडदौडको एक दौड जस्तो हो जसमा विश्राम हुनुहुँदैन । जसलाई दर्शकहरू सासको गति रोकेर भनेजस्तो, आँखा झिम्म नगरेर भनेजस्तो हेर्छन्, दौडको बिचमा उनीहरू जति कराउँछन् उनका मस्तिष्क अवाक् रहन्छ । खेलको छिनोफानो भएपछि अथवा खेल खतम भएपछि मात्र ती संदिग्धको काँधबाट खुस्कन्छन् अनि खुकुलो भएर बगैँचामा जस्तो कुरा गर्न थाल्छन् । यसमा दृश्यको अन्त्य नै पूर्णविराम हो, जसमा एक कथानक वाक्य टुङ्गिन्छ । एकाङ्की नाटकको रस बेग्लै र जुन एकाग्रचित्तले मात्र पिइन्छ । - बालकृष्ण सम (लुइटेल, २०५४ : २८३) ।

एकाङ्की शब्दले नै एक अङ्कमा एकाङ्की समाप्त हुनुपर्छ भन्ने स्पष्ट गर्दछ । ... एकाङ्की नाटकको लागि एक अङ्क, एकै दृश्य, एउटै स्थान र अभ्क समयको अटुटता हुनु आवश्यक छ । - कृष्णचन्द्रसिंह प्रधान (उपाध्याय र अन्य, २०५५ : ९) ।

कथ्यको एकोन्मुखता भएको आख्यानपरक, अभिनेय र संवादात्मक लघु संरचनालाई एकाङ्की भनिन्छ । - मोहनराज शर्मा (लुइटेल, २०५४ : ३) ।

यी सबै परिभाषाहरूको अध्ययन गर्दा विद्वान्हरूबिच सर्वमान्य परिभाषा दिइएको पाइँदैन । कसैले पात्र, कसैले घटना, कसैले संरचना, कसैले परिवेश त कसैले द्वन्द्वलाई महत्त्व दिएको पाइन्छ । यी सबै परिभाषाहरूलाई अध्ययन गर्दा एकाङ्कीलाई यसरी परिभाषित गर्न सकिन्छ :

जीवनको कुनै एक पक्षको चित्रण गरिएको, एक अङ्क भएको, थोरै पात्र रहेको, सङ्क्षिप्त संरचनामा आबद्ध संवादात्मक शैलीमा प्रस्तुत नाटकभन्दा छोटो तर स्वयंमा पूर्ण विधा एकाङ्की हो ।

## ५.२.३ एकाङ्कीका तत्त्वहरू

कुनै पनि वस्तुलाई अस्तित्वमा ल्याउने वा निश्चित संरचना प्रदान गर्ने कारण वा अवयवहरू हुन्छन् जसलाई तिनीहरूको तत्त्व भनिन्छ । साहित्यका आ-आफ्नै प्रकारका संरचनाहरू रहेका हुन्छन् जसलाई ती साहित्यिक विधाका तत्त्व भनिन्छ । एकाङ्कीलाई पनि आफ्नो संरचना प्रदान गर्नका लागि विभिन्न अवयवहरूको आवश्यकता पर्दछ जसलाई एकाङ्कीको तत्त्वहरू भनिन्छ । यिनै संरचक तत्त्वहरूबाट एकाङ्कीको निर्माण हुन्छ । एकाङ्कीको प्रमुख तत्त्वहरू कथावस्तु, पात्र, परिवेश, द्वन्द्व, संवाद, भाषाशैली र उद्देश्य रहेका छन् ।

### ५.२.३.१ कथानक/कथावस्तु

घटना, स्थिति, अभाव वा प्रसङ्गहरूको योजनाबद्ध विन्यासलाई कथानक भनिन्छ । कथानकमा घटनाहरूको योजना र रखाइ कालक्रमिक सम्बन्धका आधारमा नभएर कार्यकारण सम्बन्धका आधारमा गरिन्छ । कथावस्तु एकाङ्कीको प्रमुख तथा महत्त्वपूर्ण तत्त्व हो । घटना, स्थिति, ।अवस्था वा प्रसङ्गहरूको योजनाबद्ध विन्यासलाई कथानक भनिन्छ ।

कथानकमा घटनाहरूको योजना वा रखाइ कालक्रमिक सम्बन्धका आधारमा नभएर कार्यकारण सम्बन्धका आधारमा गरिन्छ । कथावस्तु विना एकाङ्कीको कल्पनासम्म गर्न सकिँदैन । घटनावलीको व्यवस्थित संयोजनलाई कथावस्तु भनिन्छ (लुइटेल, २०५४ : ३) । एकाङ्कीमा सामाजिक, ऐतिहासिक, पौराणिक आदि विषयवस्तुहरू हुन सक्छन् । एकाङ्कीको कथावस्तुमा घटना र पात्रको क्रियाकलापमा शृङ्खलाबद्ध हुनु पर्दछ । एकाङ्की छोटो तथा आफैमा पूर्ण हुने भएकोले यसको कथावस्तु पनि आदि, मध्य र अन्त्यको शृङ्खलामा मिलेको छोटो तथा छरितो हुनुपर्दछ । एकाङ्कीमा सङ्क्षिप्त र प्रभावोत्पादक घटनावलीको संयोजन हुनुपर्दछ । एकाङ्कीको कथावस्तु प्रारम्भदेखि नै कौतुहलपूर्ण र दर्शक र पाठकलाई सहजै आकर्षण गर्न सक्ने हुनुपर्दछ ।

## ५.२.३.२ पात्र वा चरित्रचित्रण

एकाङ्कीमा सहभागीका रूपमा देखिने व्यक्तिहरूलाई चरित्र वा पात्र र यिनलाई देखाउने ढङ्गलाई चरित्र चित्रण भनिन्छ । पात्र वा चरित्र एकाङ्कीको अर्को महत्त्वपूर्ण तत्त्व हो । नाटकमा सहभागीका रूपमा देखिने व्यक्तिहरूलाई चरित्र वा पात्र र तिनलाई देखाउने ढङ्गलाई चरित्र चित्रण भनिन्छ । पात्रहरूले मानवीय मनोभाव र विचारका वाहक, जसले कथावस्तुलाई अगाडि बढाउने, एकाङ्कीलाई जीवन्त बनाउने, कार्यव्यापारलाई घटित गराउने संवाहकलाई पनि लिने कार्य गर्दछन् । सामान्यतया पात्र वा चरित्र दुई किसिमको हुन्छ । मुख्य चरित्र नायक, नायिका र प्रतिनायक रहन्छन् । सहायक चरित्रलाई प्रमुख र गौण गरी दुई भागमा बाँड्न सकिन्छ । एकाङ्कीका चरित्र कथावस्तु अनुसार ऐतिहासिक, पौराणिक अथवा कल्पित हुन सक्छन् तर सर्वदा पात्र घटना अनुसार स्वाभाविक हुनुपर्दछ । एकाङ्की दृश्य विधा भएका कारणले गर्दा यसमा पात्रको विशेष भूमिका रहन्छ । पात्रकै माध्यमबाट कथावस्तुको प्रस्तुति हुनेहुँदा पात्र र कथावस्तु बिचको गहिरो सम्बन्ध रहेको हुन्छ ।

एकाङ्कीमा पात्रहरू थोरै रहेका हुन्छन् । एकाङ्कीमा जीवनको कुनै एक पक्षको मात्र चित्रण हुने गर्दछ । जीवनको विभिन्न पक्षको चित्रण पात्रकै माध्यमबाट गरिएको हुन्छ । लिङ्ग, काम, प्रकृति, स्वभाव, आसन्नता आदि विभिन्न आधारमा पात्रलाई वर्गीकरण गर्न सकिन्छ (लुइटेल, २०५४ : ४) । पात्र मानवीय र मानवेतर दुवै हुन सक्छन् । एकाङ्कीका पात्रहरू जीवन्त हुनुपर्दछ । कथावस्तुको प्रकृति अनुसार पात्रको प्रयोग गरिनु पर्दछ ।

एकाङ्कीमा पात्रलाई लेखकको विचारको भारी बोकाउने माध्यम बनाउनु हुँदैन, कथावस्तु अनुसार पात्रको चयन हुनुपर्छ । वर्तमान एकाङ्कीमा चरित्र चित्रणलाई आत्मा मानिने हुँदा यसलाई एकाङ्कीको महत्त्वपूर्ण तत्व मानिन्छ ।

## ५.२.३.३ परिवेश

पात्रले कार्यकलाप सञ्चालन गर्ने ठाउँलाई अथवा घटना घटाउने ठाउँलाई परिवेश भनिन्छ । परिवेशलाई देश, काल, वातावरण पनि भनिन्छ । एकाङ्कीमा कुनै पनि घटना वा पात्रको वैचारिकता एवं क्रियाकलाप देश, काल र परिस्थितिसित सम्बद्ध हुन्छ । परिवेश अन्तर्गत समयविशेष वा स्थानविशेषको रीतिस्थिति, चालचलन, आचार, व्यवहार, रहनसहन, भेषभूषा, सोचाइ आदि पर्दछन् । यो कथानक र पात्रलाई सजीव, विश्वसनीय र प्रभावकारी तुल्याउने प्रमुख माध्यम हो (उपाध्याय र अन्य, २०५५ : ६) । एकाङ्की छोटो हुने हुँदा यसमा व्यापक परिवेश समावेश गर्न सम्भव हुँदैन । एकाङ्की निश्चित सामाजिक धरातलमा उभिएको हुन्छ, जसले ऐतिहासिक, पौराणिक, सामाजिक, मनोवैज्ञानिक आदि जुनसुकै विषयवस्तुलाई बोकेको हुनसक्छ । परिवेश अनुसार भेषभूषा, विधि व्यवहार, आचारसंहिता हुनुपर्दछ जसले तात्कालीन सामाजिक, मानसिक र सांस्कृतिक मान्यतालाई चित्रण गर्छ । वातावरणले एकाङ्कीमा स्वाभाविकता र वास्तविकताको सञ्चार गर्दछ । त्यसैले यसमा निश्चित समय र निश्चित स्थानको परिवेश हुनु आवश्यक छ । परिवेशको जीवन्त चित्रणबिना एकाङ्कीको कथावस्तुले पनि जीवन्तता प्राप्त गर्न सक्दैन । एकाङ्की दृश्य विधा भएको कारणले गर्दा यसको परिवेश मञ्चनलाई समेत ध्यानमा राखिएको हुनुपर्छ । एकाङ्कीको कथा र दर्शकका बिचको साधारणीकरण गराउन पनि परिवेशले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसको कथावस्तु अनुरूप परिवेश हुनु आवश्यक छ ।

## ५.२.३.४ द्वन्द्व

परस्पर विरोधी पात्रहरू वा भावहरूको आपसी सम्बन्धलाई द्वन्द्व भनिन्छ । एकाङ्कीमा द्वन्द्व बाहिरबाट थोपरिएको जस्तो नभई स्वाभाविक क्रममा आउनु पर्छ । द्वन्द्वलाई एकाङ्कीको तत्त्वका रूपमा चर्चा गरेको पाइँदैन तापनि यो एकाङ्कीको ज्यादै महत्त्वपूर्ण तत्त्व हो । संस्कृत

नाट्य परम्परामा रसलाई महत्त्व दिइएझैँ पश्चिमी नाट्य परम्परामा द्वन्द्वलाई महत्त्व दिइएको पाइन्छ (लुइटेल, २०५४ : ५) । समाजको लागि मान्य हुने गतिविधि अनुकूल तथा समाजलाई मान्य नहुने गतिविधि प्रतिकूल मानिन्छ । यसरी अनुकूल र प्रतिकूल गतिविधिबाट द्वन्द्वको सिर्जना हुन्छ । द्वन्द्व परस्पर विरोधी जाति र संस्कृति, सभ्यता र विचार, प्रवृत्ति र भावना आदिका बिचमा हुने गर्छ ।

द्वन्द्वलाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गर्न सकिन्छ । अनुकूल र प्रतिकूल पात्रका बिचमा हुने संघर्षलाई द्वन्द्व भनिन्छ । एउटै व्यक्तिको मनमा हुने अनुकूलता र प्रतिकूल भाव वा विचारका बिच हुने संघर्षलाई आन्तरिक द्वन्द्व भनिन्छ । पात्रहरूका बिचमा हुने द्वन्द्वलाई बाह्य द्वन्द्व भनिन्छ । द्वन्द्वले एकाङ्कीलाई कौतुहलमय र प्रभावकारी बनाउन मद्दत गर्छ । एकाङ्कीमा कौतुहल पैदा गरी पात्रका क्रियाकलापबाट घटनालाई गति प्रदान गर्ने काम द्वन्द्वले गर्दछ ।

## ५.२.३.५ संवाद

संवाद एकाङ्कीको महत्त्वपूर्ण तत्त्व हो । दुई वा दुईभन्दा बढी पात्रबिचको कुराकानीलाई संवाद भनिन्छ । नाटकलाई अन्य विधाबाट छुट्याउने तत्त्व नै संवाद हो । साहित्यको अन्य विधामा संवादको प्रयोग गरिए तापनि यो मूलतः नाटकको तत्त्व हो । संवादबिना एकाङ्कीको कल्पनासम्म गर्न सकिँदैन । पात्रको स्तर, तह र भूमिका अनुसार संवादको प्रयोग गरिनुपर्दछ । परिवेश, दृश्य, सहभागी, प्रयोजन, क्रियाशृङ्खला, शैली, उपकरण, अन्तरक्रिया आदि संवादका कारक हुन् (लुइटेल, २०५४ : ६) । एकाङ्कीमा सहज, संक्षिप्त र स्वाभाविक संवादको प्रयोग हुनुपर्छ । संवादले कथावस्तुलाई अगाडि बढाउने, परिवेशको निर्माण गर्ने, पात्रको परिवेशको चित्रण गर्ने हुनाले यो एकाङ्कीको महत्त्वपूर्ण तत्त्व मानिन्छ ।

## ५.२.३.६ भाषाशैली

भाषा विचारको अभिव्यक्ति गर्ने माध्यम हो भने शैली भाव वा विचारलाई अभिव्यक्त गर्ने तरिका हो । एकाङ्कीको संवादमा प्रयोग हुने भाषा पात्रहरूको तह र अवस्था अनुसार विविधतायुक्त हुन्छ भने त्यसकै मञ्चनिर्देश अंशमा मानक भाषाको प्रयोग गरिन्छ ।

एकाङ्कीमा प्रयोग गरिने भाषा सरल, सहज, स्वाभावक, सङ्क्षिप्त, कलात्मक र प्रभावकारी हुनु पर्दछ । एकाङ्कीलाई विशेष आकर्षक र रुचिकर तुल्याउन शैलीको महत्त्वपूर्ण भूमिका हुन्छ । एकाङ्कीमा प्रायः प्रत्यक्ष शैली अर्थात् पात्रहरूको वार्तालापका ढङ्गमा लेखिन्छ । पात्रको अवस्था, योग्यता, क्षमता, स्तर र परिवेश अनुसार भाषाशैलीको प्रयोग हुनुपदछ । एकाङ्कीमा गद्य र पद्य दुवै भाषाशैलीको प्रयोग भए पनि गद्य शैलीको प्रयोग उपयुक्त मानिन्छ । एकाङ्कीमा पात्रको स्तरअनुसारको भाषाशैलीको प्रयोग गरिनुपर्छ । पात्रको स्तरअनुसार भाषाको प्रयोग नगरिएमा त्यो प्रभावकारी हुन सक्दैन ।

### ५.२.३.७ दृष्टिबिन्दु

एकाङ्कीको उपस्थित गराउने तरिकालाई दृष्टिबिन्दु भनिन्छ । अर्को शब्दमा कुनै एकाङ्कीको कथा कसको आख्यान हो र त्यसाई भन्ने समाख्याता को हो भन्ने कुरा नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दुले एकाङ्कीकारको मूल अभिप्राय र उसको पक्षलाई बुझाउँछ । कुनै एकाङ्कीको दृष्टिबिन्दु थाहा पाउँदा एकाङ्कीकार कहाँ उभिएको छ भन्ने थाहा पाइन्छ । एकाङ्कीमा लेखकले पात्रका माध्यमबाट आफ्नो विचार अभिव्यक्त गर्ने हुनाले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको हुन्छ ।

### ५.२.३.८ उद्देश्य

हरेक साहित्यको आ-आफ्नै प्रकारको एक न एक उद्देश्य रहेको हुन्छ । हरेक साहित्यको जस्तै एकाङ्कीको पनि निश्चित उद्देश्य रहेको हुन्छ । एकाङ्कीकारले एकाङ्की मार्फत प्रस्तुत गर्न चाहेको जीवन-जगतप्रतिको विचार वा सोचाइलाई एकाङ्कको उद्देश्य भनिन्छ । एकाङ्की सुरुवातदेखि नै केही न केही उद्देश्य प्राप्तिका लागि प्रयत्नशील रहेको हुन्छ । उद्देश्य नारा वा एकाङ्कीकारको विचार थुपार्ने खालको नभइ पात्रका माध्यमबाट स्वभाविक रूपमा उत्पन्न हुनु पर्दछ । एकाङ्कीमा आदर्श र यथार्थ वा सत्य र असत्यको चित्रण पाइन्छ । एकाङ्की आदर्शवादीभन्दा यथार्थवादी हुनुपर्दछ । एकाङ्कीको मूल कथ्यलाई वस्तु, घटना, पात्र, परिवेश आदिमा घटित गराएर त्यसका माध्यमबाट कुनै कुराको बोध गराउनु नै एकाङ्कीको उद्देश्य हो ।

माथि उल्लेख गरिएका आवश्यक तत्वहरूले एकाङ्कीको निर्माण पुरा हुन जान्छ । पुराना एकाङ्कीमा कथानकको महत्त्व पाएको देखिन्छ भने आधुनिक एकाङ्कीमा चरित्रले बढी महत्त्व पाएको देखिन्छ ।

## ५.२.४ 'बदला' एकाङ्कीको विश्लेषण

### ५.२.४.१ विषय प्रवेश

**बदला** (२०४०) एकाङ्की चितवनबाट प्रकाशित पहिलो एकाङ्की नाटक हो । यो प्रकाश चापागाईंको प्रथम प्रकाशित पुस्तकाकार कृति पनि हो । यसमा पञ्चायतकालीन नेपालको तत्कालीन परिस्थितिसित सम्बद्ध त्यतिबेलाको चितवनको निम्नवर्गीय समाजको दयनीय स्थितिको चित्रण गरिएको छ । शोधनायकका अनुसार यो नाटक कल्पनामा दौडिएर लेखिएको नाटक होइन, वास्तविक चितवनको चित्रण हो । नेपाली समाजमा रहेको वर्गीय विभेदलाई देखाई सामान्य मानिसले जीवनयापनका लागि खेप्नु परेका समस्याहरू प्रस्तुत एकाङ्कीको विषयवस्तु बनेको छ ।

यो चितवन, लमजुङ, गोर्खा, नवलपरासीका विभिन्न ठाउँमा मञ्चन समेत भएको थियो । यसमा दैनिक जीविकाका लागि आवश्यक पर्ने दाउरा प्राप्तिको लागि गर्नुपरेको सङ्घर्ष, खेप्नुपरेको पीडा र त्यसको लागि उनीहरूले ज्यान गुमाउनु परेको परिस्थिति रहेको छ । सम्पन्न व्यक्तिहरूले जे गरे पनि हुने तर विपन्न वर्गका व्यक्तिहरूले भने दैनिक आवश्यकताको लागि चाहिने दाउरा काट्दा ज्यान गुमाउनु पर्ने घटना प्रस्तुत गरी यसमा नेपाली समाजले भोग्नुपरेका समस्यालाई सशक्त रूपमा देखाइएको छ ।

### ५.२.४.२ कथावस्तु

**बदला** एकाङ्की सामाजिक विषयवस्तुमा आधारित छ । गाउँका सर्वसाधारण गरिब जनताहरू जङ्गलमा दाउरा खोज्न गएका हुन्छन् । सुकेका दाउरा काट्न समेत नदिइ वनपालेले उनीहरूमाथि अत्याचार गरेको छ । **बदला** एकाङ्की एक अङ्क र आठ दृश्यमा गरिब र निमुखा सर्वसाधारण गाउँलेहरूमाथि भएको अन्याय र अत्याचारका साथै त्यसबाट मुक्तिको चाहना राख्दै गाउँलेहरूले गरेको प्रतिकारलाई मुख्य विषय बनाइ बदलाको रूपमा व्यक्त गरिएको छ । यसको कथावस्तु यस्तो रहेको छ :

हरिबाबु र श्यामचन्द्र जङ्गलमा गएर दाउरा काटी भारी कसेर बन्चरो नाम्लो मिलाई अति नै थाकी रुखमा अडेस लागेर बसेको घटनाबाट कथावस्तु सुरु हुन्छ । गरीबहरू रातदिन काम गर्ने,पसिना बगाउने तर त्यसको उचित मूल्याङ्कन नहुने भोकभोकै मर्नुपर्ने हाम्रो समाजको तीतो यथार्थ रहेको छ । बोल्ने र प्रतिकार गर्ने इच्छा हुँदा हुँदै पनि बोल्न नसक्ने श्यामचन्द्र, हरिबाबु, सुशिला जस्ता पात्रहरू आफ्नो दैनिक गुजारा टार्न आवश्यक पर्ने दाउरा काट्न समेत नियम कानुनबाट वञ्चित हुनुपर्ने अवस्था रहेको छ । काम गर्मीको मौसम भएको कारण तिर्खा लाग्छ तर उनीहरू प्रहरीको डरले पानी खान जान सक्दैनन् । सुशीलासँगै उनीहरू आ-आफ्नो घर जान्छन् ।

दोस्रो दृश्यमा गर्मी मोसम रहेको छ । जैमाने र हवल्दार त्यस जङ्गलमा कुन कुन राम्रा रुख हेर्न हिँडेका छन् । जैमानेले जङ्गेलाई आफूले महल बनाउन चाहेको  मुढाहरूको आवश्यक परेको बताउँछ । जङ्गेले पनि जङ्गलमा रहेका मुढाहरू खोजीखोजी काटौंला भन्दै जैमानेको घरमा गएर रक्सी खान्छ । जैमानेले गुमानेलाई जङ्गलमा कोही मान्छे आए नआएको हेर्न पठाउँछ । गुमाने हेर्न गई एक हुल मान्छेले पुलिसलाई गाली गर्दै दाउरा काटी लगेको कुरा बताउँछ । जङ्गे र जैमाने रिसाउँदै हेर्न भनी बाहिर निस्कन्छन् ।

तेस्रो दृश्यमा गोपीले गुमानेलाई अन्याय र अत्याचार सहेर नबस्न तथा आन्दोलनमा आउन आग्रह गर्दछन् । गुमाने भने मालिककै निगाहामा आफूहरू बाँचेको अभिव्यक्ति दिन्छ । साहुलाई देवता सरह मानेको कुरा अभिव्यक्तिका साथ तेस्रो दृश्यको अन्त भएको छ ।

चौथो दृश्यमा गुमानेले घरमा गोपी आएको कुरा र उसलाई मालिकको घर छोड्न भनेको कुरा सुनाइदिन्छ । जैमानेले सबै सोधपुछ गर्छ र उसलाई गोपीको पछि नलाग्न भन्छ । जङ्गे जैमानेको घरमा आएर रक्सीखाई बाहिर घुम्न जाऊँ, भनी निस्कन्छन् ।

पाँचौं दृश्यमा गुमाने विरामी पर्छ । विरामी परेकाले आफूले काम गर्न नसकेको कुरा जैमानेलाई भन्दा जैमानेले तैँले नसके तेरो बाउले सक्छ भन्दै घिसार्दै डण्डीले पिट्दै घरबाट निकालिदिन्छ । त्यसपछि गोपी त्यस ठाउँमा आइपुग्छ । गोपी र जैमानेको वार्तालाप पश्चात् गोपीले गुमानेलाई त्यहाँबाट लिएर निस्कन्छ ।

छैठौं दृश्यमा 'गैंडा गस्ती चौकी'मा सुशीला र श्यामलाई बाँधेर पुलिसले पिट्छन् । सुशीला पिटाइले पनि नडराइ "याद राख तँ जस्तो फटाहा हवल्दार अनि फटाहाको

इसारामा चल्ने जनविरोधी सरकारलाई ध्वस्त पार्ने कबुल गरेकी छु । बरु यसको लागि मर्न परे पनि तयार छु" भन्दै आफ्नो विचारमा अडिग रहन्छे भने हरि र श्याम पनि त्यस्तै आफ्नो अडानमा रहन्छन् । जङ्गे भने उनीहरूलाई निरन्तर कुटिरहन्छ ।

सातौं दृश्यमा गुमानेले आफ्नै कारणले सुशीला, श्याम र हरि समातिएकोमा पश्चात्ताप गर्छ भने गोपी, कैलास, सुमन, सुन्दर लगायत विभिन्न व्यक्तिहरू कुनै उपाय लगाएर भए पनि उनीहरूलाई छुटाउने सल्लाह गर्छन् । अन्तमा गाउँलेहरूसँग गएर कुराकानी गरी उनीहरूलाई सहभागी गराई ठोस कार्यक्रम बनाएर गाउँलेको सल्लाह अनुसार चौकी घेर्न जाने निर्णयमा पुग्दछन् ।

आठौं दृश्यमा गाउँलेहरू नारा लगाउँदै चौकी घेर्दछन् । जैमाने र जङ्गे पनि डराउन थाल्दछन् । गाउँलेहरूले जङ्गे र जैमानेलाई समाई जनअदालतमा ठड्याउनु पर्दछ र जनताको निर्णय अनुसार कार्वाही गर्नुपर्दछ भन्दै मुन्ट्याउन थाल्छन् र एकाङ्की समापन हुन्छ ।

यसरी नेपाली समाजमा दैनिक जीविको पार्जनको लागि आवश्यक पर्ने दाउरा काट्न समेत सोझा जनताहरू बञ्चित हुनु पर्ने र उच्च वर्गका जैमाने जस्ता व्यक्तिहरूले जे गरे पनि हुने जस्तो वर्गीय विभेदलाई कारुणिक रूपमा देखाई सत्तामा रहेका व्यक्तिहरूले जनताको भावनाको सम्मान गर्नु पर्दछ । मानिस सामाजिक प्राणि हो समाजमा सबैका सम्मान हुनुपर्छ । अन्याय र अत्याचारलाई सहनुको सट्टा प्रतिकारमा उत्रिनु पर्दछ । एकाङ्कीमा यस्तो सामाजिक विषयवस्तु लिएर अन्याय र अत्याचार गर्ने असत् पात्रमाथि समाजले बदला लिएको विषयवस्तु प्रस्तुत गरिएको छ ।

## ५.२.४.३ पात्र वा चरित्रचित्रण

यस एकाङ्कीमा सत् तथा असत् पात्रको प्रयोग रहेको छ । चरित्रका रूपमा हेर्दा जैमाने र जङ्गे खलपात्र हुन् भने गोपी, हरिबाबु, श्यामचन्द्र, सुशीला, गुमाने, कैलास, सुन्दर, सुमन, सुदन, गाउँलेहरू सत्पात्रहरू हुन् । यस एकाङ्कीमा मुख्य रूपमा गोपी, सुशीला, गुमाने, श्यामचन्द्र, हरिबाबु, जङ्गे र जैमानेको भूमिका रहेको छ । अतः यहाँ यी पात्रको चरित्रचित्रण गरिएको छ ।

**क) गोपी**

गोपी यस एकाङ्कीको मुख्य पात्र तथा एकाङ्कीकारको मुखपात्र समेत रहेको छ । गोपी एक विद्यार्थी हो । पढेलेखेको तथा अन्यायको विरुद्धमा लड्न सक्ने निडर पात्र हो । उसले जैमानेको गोठालो बसेको गुमानेलाई सम्झाउँछ, आन्दोलनमा लाग्न आग्रह गर्छ तर गुमानेले उल्टै चुक्ली लगाएका कारण श्यामचन्द्र, सुशीला र हरिबाबुलाई समातिन्छन् । त्यस्तो पात्र गुमानेलाई यो पात्र पनि अशिक्षित तथा निम्न वर्गको हो भनी शरण दिने पात्र हो - गोपी । गोपी सामान्य वर्ग तथा गाउँलेहरूले भोग्नुपरेको थिचोमिचोको आवाज उठाउने पात्र हो । सुशीला, श्यामचन्द्र, हरिबाबु, प्रहरीद्वारा समातिँदा उनीहरूलाई फिर्ता गराउन उसले गाउँलेहरूको नेतृत्व गरेको छ । उसकै नेतृत्वमा प्रहरी चौकी घेराउ गरी जङ्गे र जैमानेलाई जनअदालतमा उभ्याइएको छ । गाउँलेहरूले 'रगतको बदला रगत नै लिनुपर्छ' भन्दा "यिनीहरू हत्यारा हुन् तर हामी हत्यारा होइनौ हामी त संघर्षको मैदानमा मात्र मर्छौं । त्यसैले यिनीहरूलाई जन अदालतमा ठड्याउने अनि जनताको निर्णय अनुसार सजाय दिने कसो ?" (पृ. २४) भनी विवेकपूर्ण तरिकाको नेतृत्व गर्ने युवा सचेत पात्र हो । नाटकको मुख्य उद्देश्य पनि गोपी मार्फत् प्रकट भएको र एकाङ्कीमा मुख्य भूमिकामा रहेकाले गोपी एक सत् तथा एकाङ्कीको प्रमुख पात्र हो ।

**ख) सुशीला**

सुशीला यस एकाङ्कीको सहायक नारी पात्र हो । स्वभाव अनुसार ऊ अनुकूल पात्र हो । सुशिला नेपाली ग्रामिण समुदायकी एक प्रतिनिधि पात्र हो । उसले जङ्गलमा गएर गीत पनि गाएकी छ ।

ज्याला खायो हवल्दारले खेत जमीन्दारले
चेली बेटी क्यै भन्दैनन् पुलीस हवल्दारले । (पृ. २)

ग्रामिण परिवेश र अशिक्षित भए पनि उसमा भोगाईबाट व्यावहारिक परिवर्तन र अन्याय र अत्याचारको विरुद्धमा लड्ने भावना जागेर आएको छ । उसको स्वभाव स्थिर रहेको छ अर्थात् ऊ स्थिर चारित्रकी पात्र हो । जीवन चेतनाका आधारमा ऊ वर्गीय पात्र हो । लिङ्गका आधारमा सुशीला स्त्री पात्र हो ।

आसन्नताका आधारमा मञ्चीय पात्र हो । आवद्धताका आधारमा बद्ध चरित्र हो । सामान्य किसान परिवारमा जन्मेकी ऊ दैनिक जीविकाको लागि आवश्यक पर्ने दाउरा लिन जङ्गल जाँदा प्रहरीद्वारा समातिई मृत्युको मुखमा पुगेकी पात्र हो ।

**ग) हरिबाबु र श्यामचन्द्र**

हरिबाबु र श्यामचन्द्र दुवै समान प्रकृतिका पात्रहरू हुन् । उनीहरू साथी साथी हुन् र दुवै मजदुर हुन् । दुवै आर्थिक र अवस्था कमजोर र अशिक्षित भएको कारणले दाउरा घाँस गर्ने र मजदुरी गरी जीविकोपार्जन गर्ने गर्दछन् । दुवै दाउरा काट्न जङ्गल जाँदा प्रहरीद्वारा समातिएका पात्र हुन् । दुवै अन्याय भएको भन्दै जैमाने र जङ्गेको विरुद्धमा प्रतिकार गर्न चाहने पात्र हुन् । कार्यका आधारमा यी दुवै एकाङ्कीका सहायक पात्र हुन्, प्रकृतिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवन चेतनाका आधारमा व्यक्तिगत, लिङ्गका आधारमा पुरुष र आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रहरू हुन् ।

**घ) जङ्गे**

जङ्गे प्रहरी हवल्दार हो । यो एकाङ्कीको मुख्य खलपात्र पनि हो । प्रहरी भएर पनि रक्सीमा बिक्ने एक प्रतिकूल चरित्र हो । रक्सी खान पाउँदा जैमानेलाई काठ छानीछानी काट्न दिने तर सर्वसाधारण व्यक्तिहरू घाँस दाउरा गर्न जङगल जाँदा समेत वनजङ्गल विनाश गरेको अभियोगमा पक्राउ गर्ने र सजायँ दिने पात्र हो । ऊ वनजङ्गलको संरक्षण गर्न भनि सरकारद्वारा राखिएको प्रहरी हवल्दार हो । तर उसले आफ्नो कर्तव्यलाई भुलेर रक्सीको लागि विक्ने चरित्र हो । यस कार्यका आधारमा सहायक, प्रकृतिका आधारमा प्रतिकूल, स्वभावका आधारमा स्थिर, जीवन चेतनाका आधारमा वर्गीय, लिङ्गका आधारमा पुरुष, आसन्नताका आधारमा मञ्चीय र आवद्धताका आधारमा बद्ध पात्र हो ।

**ङ) जैमाने**

जैमाने यस एकाङ्कीको मुख्य खलनायक हो । ऊ एउटा वर्गीय पात्र हो । पैसा र रक्सीको आडमा प्रहरीलाई आफ्नो बसमा पारी वनजङ्गल अबैध तरिकाले फोड्ने तथा आफ्नो कामदार गुमानेलाई बिरामी परेको बेलामा काम नगरेको भन्दै कुटपिट गरी घरबाट निकालिदिने पात्र हो । ऊ मानवीय भावनाको र श्रमको कदर

गर्न नजाने एक अशिक्षित पात्र हो । उसमा वर्गीय भावना रहेको छ । आफ्नो शक्तिको प्रयोग गरी कानुनलाई हातमा लिने अर्थात् जङ्गे जस्तो रक्सिमा विक्ने पुलिसलाई हातमा लिई सामाजिक सम्पत्ति (वन) मनपरी गर्ने वर्गीय चरित्र हो । स्वभावका आधारमा स्थिर, जीवनचेतनाका आधारमा वर्गीय, लिङ्गका आधारमा पुरुष, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका हिसाबमा बद्ध पात्र हो - जैमाने ।

**च) गुमाने**

गुमाने जैमानेको कामदार तथा यस एकाङ्कीको सहायक पात्र हो । ऊ अशिक्षित रहेको छ । अशिक्षित भएकै कारणले न्यून रकममा चाकडी गरेको छ । जैमानेको घर, खेत र गोठमा काम गर्ने तर विरामी परेको बेलामा उपचार नपाएर घरबाट निकालिन पुगेको एक निमुखो पात्र हो । ऊ तत्कालिक समाजको न्यून प्रतिनिधित्व गर्ने पात्र हो । पहिला चुक्ली लगाउने प्रतिकूल पात्र हो भने जैमानेले घरबाट निकालिदिएपछि भने अनुकूल बन्न पुगको अस्थिर पुरुष पात्र हो । स्वभावका आधारमा गतिशील पात्र हो । जीवन चेतनाका आधारमा व्यक्तिगत पात्र हो । आसन्नताका आधारमा मञ्चीय हो भने आबद्धताका आधारमा बद्ध पात्र हो ।

**छ) सुमन, कैलास र सुन्दर**

सुमन, कैलास र सुन्दर सबै एकाङ्कीको अन्तमा देखिएका सहायक पात्र हुन् । एकाङ्कीमा यिनीहरूको खासै भूमिका रहेको छैन । यिनीहरू सबै गाउँले हुन् । यिनीहरू कार्यका आधारमा सहायक, प्रकृतिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, जीवन चेतनाका आधारमा व्यक्तिगत, लिङ्गका आधारमा पुरुष, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

यसरी यस एकाङ्कीमा प्रतिकूल र अनुकूल गरी दश पात्रहरू रहेका छन् । जङ्गे र जैमाने प्रतिकूल पात्र हुन् भने अन्य पात्रहरू अनुकूल पात्र हुन् । वर्गीय हिसाबमा गोपी, श्यामचन्द्र, हरिबाबु, सुशीला, गुमाने, सुमन, कैलास, सुन्दर निम्न वर्गका पात्र हुन् भने जैमाने र जङ्गे निम्नवर्गलाई दबाउन चाहने वर्गीय चरित्र हुन् ।

## ५.२.४.४ परिवेश

यस एकाङ्कीमा गाउँको परिवेश रहेको छ । शोधनायकले यस एकाङ्कीको परिवेश चितवनको हो भनी उल्लेख गरेका छन् । यसमा ग्रामीण अशिक्षित सामान्य वर्गलाई प्रस्तुत

गरिएको छ । घाँस, दाउरा गरेर आफ्नो जीवन चलाउने यस नाटकका पात्रहरू जङ्गलमै आश्रित हुन्छन् । जङ्गल नजिकै तराई क्षेत्रको एउटा सानो गाउँमा यस नाटकको पर्यावरणका रूपमा यस्तै प्रकारको गाउँ र जीवनशैलीलाई प्रस्तुत गर्न सकिन्छ । निम्न वर्गका मान्छेमा पनि साङ्गठनिक चेतना भने प्रचुर मात्रामा देखिएको छ । आफ्नो साथीलाई पर्दा ज्यान समेत दिन तयार हुने अशिक्षित भएर पनि अधिकार र कर्तव्यको बोध भएका पात्रहरूको प्रयोग नाटकमा भएकोले यस नाटकको पर्यावरणका रूपमा तराई क्षेत्रको एउटा जङ्गल छेउको सानो गाउँलाई लिन सकिन्छ ।

### ५.२.४.५ द्वन्द्वविधान

नाटकको शीर्षक **बदला** नै द्वन्द्वप्रधान/द्वन्द्वमय रहेको छ । शीर्षकले नै एकाङ्कीमा बाह्य द्वन्द्व रहेको छ भन्ने बुझाउँछ । एकाङ्कीको मूल विषय नै वर्गीय द्वन्द्वमा केन्द्रित रहेको छ । यस नाटकमा निम्नवर्ग र उच्च वर्गबिच द्वन्द्व रहेको छ । गोपी, श्यामचन्द्र, हरिबाबु, सुशीला, सुमन, गुमाने, कैलास, सुन्दर निम्न वर्गका पात्र हुन् भने जैमाने र जङ्गे उच्च वर्गलाई प्रतिनिधित्व गर्ने पात्र हुन् । जङ्गे पद तथा आफ्नो कर्तव्यलाई रक्सीमा लागेर बिर्सने पात्र हो । उच्च वर्गले निम्न वर्गमाथि थिचोमिचो गर्न चाहन्छ भने निम्नवर्ग आफ्नो हक अधिकारको लागि लड्न चाहन्छ । यही वर्गीय द्वन्द्व नै नाटकको विषयवस्तु रहेको छ । समाजमा हुने यी दुई वर्गबिचको द्वन्द्व नै यस नाटकको मूल विषय हो । यसरी यो एकाङ्की आन्तरिक द्वन्द्वभन्दा बाह्य द्वन्द्वप्रधान नाटक हो ।

### ५.२.४.६ संवाद योजना

यस एकाङ्कीका संवादहरू छोटा र पात्र सुहाउँदा रहेका छन् । एकाङ्की ग्रामीण परिवेशमा रचना गरिएको छ । धेरै पात्रहरू अशिक्षित रहेका छन् । धेरै पात्रको संवादमा अमानक भाषा (भाषिकाको) प्रयोग भएको पाइन्छ । सुशीलाको संवादमा पर्वती भाषिकाको प्रयोग भएको पाइन्छ । जङ्गेको संवादमा 'लिकिन' जस्ता हिन्दी थेगोको प्रयोग तथा जैमानेको संवादमा 'चाइनेजो क्यारे' थेगोको पटक-पटक प्रयोग भएको छ । पात्रहरू अशिक्षित मजदुर छन् तर तिनीहरूको संवादमा वर्गीय चेतना छ । उदाहरणको लागि सुशीलाको संवाद हेरौं :

"म एकजना मरेर गए पनि मेरो रगतबाट यहाँ असंख्य वीरहरू जन्मने छन् अनि मेरो रगतको टीका लगाउँदै तेरा कुकृत्यको विरोधमा आगोको ज्वाला बनेर दन्कनेछन्, आँधी भएर आउनेछन् र यस्तो दमनलाई सदाको लागि बिदा दिनेछन् बुझिस् ?" (पृ. १६)

यसरी एक सामान्य मजदुरमा पनि वर्गीय चेतनाको भारी बोकाएका कारण पात्रअनुसारको भाषिक संवादभन्दा पात्रलाई विचारको भारी बोकाएजस्तो देखिन्छ । यसरी कतैकतै संवादमा स्तरीयता नदेखिए तापनि पात्र अनुकूलको छोटा र उपयुक्त संवादको प्रयोग यस एकाङ्कीमा रहेको छ ।

## ५.२.४.७ भाषाशैली

प्रस्तुत **बदला** एकाङ्कीको भाषा सरल किसिमको बोलचालको भाषा प्रयोगलाई सहज र स्वाभाविक रूपमा प्रस्तुत गरिएको छ । विशुद्ध गद्यभाषाको प्रयोग गरिएको छ । यस एकाङ्कीको परिवेश गाउँ भएकोले यहाँका पात्रहरूको भाषा पनि सोही अनुसारको रहेको छ । यस एकाङ्कीकी पात्र सुशीलाले पर्वती उपभाषिकाको प्रयोग (आरैचन), जङ्गेको संवादमा 'लिकिन', जैमानेको संवादमा 'चाइने जो', 'क्यारे' थेगोको प्रयोग भएको छ । सबै पात्रहरू वर्गीय स्वभावका छन् । वर्गीय द्वन्द्वलाई प्रमुख विषय बनाइएको छ । यहाँ सबै पात्रहरू वर्गीय चरित्रका भए पनि गुमाने गरीब तर सामन्ती सोंच राख्ने पात्रका रूपमा देखिन्छ । यस एकाङ्कीमा घटनाक्रम एकपछि अर्को गर्दै शृङ्खलाबद्ध आएको कारणले संवादमा वर्णनात्मक शैलीको मिश्रण पाइन्छ ।

## ५.२.४.८ उद्देश्य

**बदला** एकाङ्की वर्गीय द्वन्द्वलाई आधार बनाई रचना गरिएको प्रगतिवादी एकाङ्की हो । नेपालमा वर्गीय विभेद रहेको छ । समाजमा सधैं वर्गीय विभेद भइरहन्छ र माथिल्लो वर्गले सधैं तल्लो वर्गलाई आफ्नो हैकम जमाउन चाहन्छ भने तल्लो वर्गको दैनिकी दिनानुदिन कष्टकर हुँदै गइरहन्छ । समाजमा रहेको वर्गीय विभेद देखाउनु यस एकाङ्कीको उद्देश्य रहेको छ । सरकारी जागिर खाएर एक बोत्तल रक्सीका भरमा सरकारी सम्पत्ति हालिमुहाली गर्न दिने भ्रष्ट कर्मचारीबाट जनतालाई सधैं दुःख दिने गाउँका शोषक व्यक्तिहरूले समाज आज

पनि उत्तिकै पीडित छ भन्दै समाजमा सबै बराबरी हुनुपर्छ, अन्याय र अत्याचारको विरोध गर्नुपर्छ, समाज पैसाले होइन कानुनले चल्नुपर्छ भन्ने देखाउनु नै यस एकाङ्कीको उद्देश्य रहेको छ ।

## ५.२.४.९ निष्कर्ष

**बदला** (२०४०) प्रकाश चापागईको प्रथम प्रकाशित पुस्तकाकार कृति हो । यसमा तात्कालिन नेपाली समाजको राजनितिक र सामाजिक धरातलको यथार्थ चित्रण रहेको छ । बालैनेको पिठो विक्छ नबोल्नेको चामल पनि विक्दैन भनेझैँ समाजमा अन्यनय सहन थालियो भने त्यसले समाज सबैलाई हानी पुऱ्याउँछ । अन्याय र अत्याचारलाई सहनुले निर्धो भइन्छ । समाजमा सँधै वर्गीय द्वन्द्व चलिरहन्छ । ठूलाले सानालाई आफ्नो नियन्त्रणमा राख्न खोज्छन् भने सामान्य नागरिकमा मुक्तिको चाहना हुने गर्छ । यसरी समाजमा रहेको वर्गीय द्वन्द्वको कारणले न्यायमूलक समाजको निर्माण गर्न सकिन्छ ।

यस एकाङ्कीमा जैमाने, गङ्गे खल पात्र हुन् । उनीहरूले जङ्गलको काठदाउरामा हालीमुहाली गरेका छन् । हरिबाबु, सुशीला, श्यामचन्द्र जस्ता सामान्य वर्गका पात्रहरूले भने लुकिछिपि दैनिक जीवनमा प्रयोग हुने दाउरा पनि ज्यानको आस मारेर जङ्गलमा जानुपर्ने, प्रहरीले भेट्यो भने अमर्यादित कार्वाही हुने, चेली बेटीको बलात्कारको सिकार समेत हुनुपर्ने तीतो यथार्थ रहेको छ । त्यस्ता खलचरित्रहरूलाई एकजुट भएर जरै उखेल्ने गरी अन्त्य गरिएको छ । सरकारको जागिर खाएर एक बोतल रक्सीमा आफ्ना नजिकका मान्छेलाई सरकारी सम्पत्तिमाथि हालीमुहाली गर्न दिने भ्रष्ट कर्मचारीबाट जनतालाई सधैँ दुःख दिनेगाउँका शोषक व्यक्तिहरूले समाज आज पनि उत्तिकै पीडित छ भन्दै समाजमा सबै बराबर हुन्, समाज पैसाले होइन कानुनले चल्नु पर्छ, अन्याय र अत्याचारको अन्त्य हुनुपर्छ भन्ने भाव रहेको छ । हाम्रो समाजको यस किसिमको वर्गीय विभेदलाई चिर्दै सामान्य जीवनयापनका लागि खेप्नु पर्ने पासविक दमन र स्वीकार्नु पर्ने मृत्यु नेपाली जनजीवनको दुःखद भोगाई हो । आजको यस जटिल परिवेश र मुक्तिका लागि जनता बिचको एकता र संघर्ष देखाई समाज परिवर्तनको अपेक्षा गरिएको छ ।

## ५.३ खण्डकाव्यको सैद्धान्तिक परिचय

मानव अन्तस्करणबाट प्रस्फुटित हुने भावाभिव्यक्ति नै कविता हो । स्वभावतः यो अत्यन्त लयात्मक हुन्छ । बालकृष्ण समले बौद्धिक कोमलताका नामले कवितालाई पुकारेका छन् । कविता र लय एक अर्काका परिपूरकजस्तै रहेका हुन्छन् तसर्थ यिनलाई एक अर्काबाट पृथक बनाउन सकिँदैन । लयलाई कविताको प्रमुख तत्त्व मानिन्छ । कवितामा आख्यानको विस्तार हुँदै जाँदा कविताले आफ्नो स्वरूपमा परिवर्तन गरी आयाम विस्तार गर्ने क्रममा खण्डकाव्यको स्वरूप निर्माण हुन्छ । वासुदेव त्रिपाठीका अनुसार खण्डकाव्य कविता विधाको त्यस्तो मझौला रूप हो जुन आख्यान अँगाली वा नअँगाली जीवन-जगत्को एक खण्ड, भाग वा अंशलाई बद्ध वा मुक्त लयमा भाषिक सङ्कथनका माध्यमबाट अन्वितिपूर्वक व्यक्त गर्दछ (त्रिपाठी र अन्य, २०६४ : २९२-२९३) । आयामका दृष्टिले कविताको मझौला रूपलाई खण्डकाव्य भनिन्छ ।

### ५.३.१ खण्डकाव्यको परिभाषा

साहित्यलाई विधागत हिसाबले परिभाषित गर्ने क्रममा विभिन्न विद्वान्हरूले आ-आफ्नै तरिकाले परिभाषित गरेका छन् । कुनै पनि गतिशील वस्तुहरू समय र सीमाका कारणले परिवर्तनशील भइरहने हुँदा कुनै एक क्षेत्र वा सीमाभित्र बाँधेर राख्न सकिँदैन तर अध्ययनको सुविधाका लागि विद्वान्हरूले यस सम्बन्धी व्यक्त गरेका अवधारणाहरूलाई अघि सार्नु युक्तिसङ्गत हुन जान्छ । खण्डकाव्यको चर्चा गर्ने क्रममा पूर्वीय र पाश्चात्य साहित्यमा विभिन्न विद्वान्हरूले आफ्ना मतहरू राखेका छन् । खण्डकाव्यको परिभाषा दिने क्रममा पूर्वीय साहित्यका क्षेत्रमा कवि विश्वनाथले खण्डकाव्य सम्बन्धी आफ्नो मत दिएका छन् । उनका अनुसार काव्यको एक देशसँग मिल्दो वा काव्य वा महाकाव्यको एक अंशको अनुशरण गरिएको अर्थात् जीवनको एक पक्षको घटनाको प्रस्तुति भएको काव्य नै खण्डकाव्य हो (आचार्य, २०६४ : २९८) । काव्यकै एक देश भन्नाले यहाँ काव्यले महाकाव्यलाई बुझाएको पाइन्छ । त्यसकारण महाकाव्यकै एक अंशको लक्षणले युक्त भएको पद्यबद्ध प्रबन्धात्मक कृति रचना नै खण्डकाव्य हो भन्ने प्रस्ट देखिन्छ (आचार्य, २०६४ : २९८) । खण्डकाव्य महाकाव्यभन्दा कम सर्गमा बाँधिएको र एउटा सन्धिको मात्र प्रयोग गरिएको प्रबन्ध रचना हो भन्ने बुझिन्छ । त्यस्तै पाश्चात्य साहित्यको कविता विधा अन्तर्गत

चर्चाका क्रममा पूर्वीय जगत्मा झैँ खण्डकाव्यसम्बन्धी सैद्धान्तिक चर्चा गरिएको पाइँदैन । महाकाव्य, फुटकर कविताको विस्तृत चर्चा गरिएको भेटिए पनि यी बिचको अवस्थामा देखापर्ने खण्डकाव्यको चर्चा नपाइने हुँदा पाश्चात्य साहित्यको कविता विधा अन्तर्गत चर्चाका क्रममा पूर्वीय जगत्मा झैँ खण्डकाव्यसम्बन्धी सद्धान्तिक चर्चा गरिएको पाइँदैन । महाकाव्य, फुटकर कविताको विस्तृत चर्चा गरिएको भेटिए पनि यी बिचको अवस्थामा देखा पर्ने खण्डकाव्यको चर्चा नपाइने हुँदा पाश्चात्य साहित्यमा देखापर्ने लामो कविता नै लगभग खण्डकाव्यको नजिक देखिन्छ । त्यसबाहेक पाश्चात्य साहित्यको प्राचीन गाथाहरूलाई अध्ययन गर्दा पूर्वीय जगत्मा भन्ने गरेको खण्डकाव्य नजिक-नजिक पुग्न सकिने स्थिति भने त्यहाँको वास्तविकता र यथार्थ हो । पाश्चात्य साहित्यका प्राचीन गाथाहरूमा कथातत्त्वको आधिक्य, प्रबलता र कवित्वको दुर्बलता भेटिए पनि वास्तवमा तिनै गाथाहरू खण्डकाव्यको पूर्व रूप वा समकक्षी लोक रचनाहरू हुन् ।

पाश्चात्य परम्परामा कविताको विकासका क्रममा लय, संरचना तथा भाव वा विषयवस्तुमा आधारित साना-ठूला, कविता आकृतिका अनेक पारिभाषिक संज्ञा भेटिए पनि तात्विक रूपमा लघु वा छोटा कविता र दीर्घ वा लामा कविताका साथै दीर्घतर र दीर्घत्तम समाख्यानात्मक कविता कलात्मक महाकाव्य (इपिक अफ आर्ट) र विकासशील महाकाव्य ( इपिक अफ ग्रोथ) समेत चार श्रेणी नै रहेको ठान्न सकिन्छ (आचार्य, २०६४ : ३०१) ।

पूर्वीय र पाश्चात्य साहित्यमा जस्तै नेपाली साहित्यमा पनि विभिन्न विद्वान्हरूले खण्डकाव्यसम्बन्धी आफ्ना मतहरू अघि सारेका छन् । कथानकबाट एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्ण नै पूरा भएको सानो काव्य नै खण्डकाव्य हो (आचार्य, २०६४ : ३०१) । खण्डकाव्य काव्यको एक टुक्रा जस्तो कथानकलाई लिएर लेखिएको सर्ग आदि नभएको छोटकरी वर्णनात्मक काव्य खण्डकाव्य हो (भट्टराई, २०५९ : ३५०) ।

उपर्युक्त विद्वान्हरूका भनाइहरूको अनुशीलनबाट जीवन-जगत्का विविध पक्षहरूमध्ये कुनै एक पक्षको शृङ्खलाबद्ध कवितात्मक भाषिक अभिव्यक्ति नै खण्डकाव्य हो भन्न सकिन्छ ।

### ५.३.२ खण्डकाव्यका तत्त्वहरू

खण्डकाव्यलाई समग्र रूपमा चिन्न चिनाउनका लागि निश्चित तत्त्वहरूको आवश्यकता पर्दछ । खण्डकाव्यमा एक रसको केन्द्रीयता भावनाको नाटकीकरण, विशिष्ट

लय, अनुभूतिको तरलता रहन्छ । यसरी हेर्दा यसमा कथ्य विषयवस्तु र भाव आन्तरिक तत्त्व हुन् भने भाषाशैली, लय, बिम्ब, प्रतीक र अलङ्कार आदि बाह्य तत्त्व छन् । यसका समग्र निजी तत्त्वहरूको रूपमा शीर्षक, पात्रविधान, परिवेश, कथनपद्धति/दृष्टिबिन्दु, भाषाशैली, लय, बिम्ब, प्रतीक, अलङ्कार, रस, उद्देश्य रहेका छन् । यिनै तत्त्वका आधारमा खण्डकाव्यलाई अन्य विधाबाट अलग्याउन सकिन्छ ।

### ५.३.२.१ शीर्षक

शीर्षक सबै साहित्यिक विधाका कृतिहरूको आङ्गिक बाह्य तत्त्व हो । साहित्यका सबै विधाका कृतिहरूको कुनै न कुनै नामकरण गरिएको हुन्छ, त्यही नामकरण नै सम्बन्धित साहित्यिक कृतिको शीर्षक हो । खण्डकाव्यका प्रसङ्गमा पनि 'शीर्षक' भन्नाले सम्बन्धित खण्डकाव्यको नाम भन्ने बुझिन्छ । खण्डकाव्यको शीर्षकीकरण पात्रविशेषका नामको आधारमा, विषयवस्तु वा भावका आधारमा पात्रनाम वा विषयवस्तु मिश्रण गरेर यी आधारमध्ये केही र सबैलाई मिसाएर पनि गर्न सकिन्छ (अवस्थी, २०६४ : ५३) । यी विभिन्न आधारमा राखिएको शीर्षक त्यतिखेर उपयुक्त हुन्छ जतिखेर शीर्षक र सम्बन्धित खण्डकाव्य कृतिका बीच अधिकाधिक सङ्गतिपूर्ण सम्बन्धका साथै सो शीर्षकद्वारा खण्डकाव्यको मुख्य पक्ष निर्देशित वा साङ्केतित हुन पुग्दछ ।

### ५.३.२.२ कथानक वा आख्यानीकरण

कविताको मध्यम रूप खण्डकाव्यमा विधागत आयाम सुहाउँदो भाव प्रवाहलाई वस्तुगतता र मूर्तता दिनका निम्ति कविले जीवनको एकांशलाई झल्काउन सक्ने खालको पुष्ट आख्यानको वा सूक्ष्म आख्यानको प्रयोग गर्न सक्छ र नगर्न पनि सक्छ । भाव साहित्यका अन्य विधामा जस्तै कवितामा पनि अपेक्षित रहन्छ तर आख्यान कविताको सहायक तत्त्व हो । भावको आख्यानीकरण खण्डकाव्इको वैकल्पिक तत्त्व भए पनि मुक्तक/फुटकर कवितामै सूक्ष्म आख्यान वा अन्तराख्यान आउने हुँदा खण्डकाव्यमा पनि कुनै न कुनै रूपमा आख्यानतत्त्व घुसेकै हुन्छ (अवस्थी, २०६४ : ५५) । खण्डकाव्यमा पात्र चरित्रद्वारा गरिने कार्यहरूलाई नै कथात्मक रूप दिइएको हुन्छ । आजभोलि साहित्यका

विभिन्न विधामा देखिएको परिवर्तन र गतिशिलताले गर्दा खण्डकाव्यमा पनि कथावतुलाई बहिस्कार गर्न थालिएको सुसंगठित र व्यवस्थित कथानकको ठाउँमा विश्रङ्खलित र झिनो कथास्तु लिने गरिन्छ भने कसैले लामो कविता लेखेर प्रयोगधर्मिता देखाएको पाइन्छ । खण्डकाव्यमा सानो ठूलो, व्यवस्थित वा अव्यवस्थित र विश्रृङखलित नै भए पनि कथानकलाई कसैले हटाउन सकेको छैन । कुनै खण्डकाव्यमा श्लोक वा अनुच्छेदका योगबाट बन्ने सर्ग वा सर्गभित्रका उपसर्गको योजना मिलाएर प्रबन्धविधान हुन सक्दछ भने कुनै खण्डकाव्यमा सर्गसहित प्रबन्धविधान पनि हुन सक्दछ (अवस्थी, २०६४ : ५५) । कुनै-कुनै खण्डकाव्यको सर्गयोजनाचाहिँ श्लोक वा अनुच्छेदभित्रका निरन्तरित पङ्क्ति प्रवाहमै पनि आधारित हुन्छ ।

### ५.३.२.३ पात्र वा चरित्र

खण्डकाव्यमा कथावस्तु आवश्यक भएझैँ पात्र वा चरित्र पनि आवश्यक मानिन्छ । पात्र वा चरित्रबिना कथावस्तुलाई गतिशील बनाउन सकिँदैन । पात्रले भोगेका सुख-दुःख, वेदना र छटपटीलाई नै कथाको रूप दिइएको हुन्छ । त्यसैले जहाँ कथा छ त्यहाँ पात्र आइपुग्दछ र जहाँ पात्र छ, त्यहाँ कथा रहन्छ । वास्तवमा खण्डकाव्यमा कथा-तत्त्वको सूत्रपात गर्ने आवश्यक भूमिका चरित्रको नै रहेको हुन्छ । पात्र वा चरित्र परम्परित काव्य लक्षणकै जस्तो हुनुपर्दछ भन्ने मान्यता आजभोलि खण्डित भइसकेको छ तर पात्रविना नै खण्डकाव्य लेख्न सकिन्छ भन्ने देखिँदैन । आजभोली लामा कविताहरूले पात्रहरूलाई उपेक्षा गरेका छन् तैपनि नयाँ-नयाँ पात्रले जन्म लिएको पाइन्छ । त्यसैले खण्डकाव्यको महत्त्वपूर्ण तत्त्व पात्र वा चरित्रचित्रण पनि हो ।

### ५.३.२.४ परिवेश/वातावरण

खण्डकाव्यमा कथातत्त्व र पात्र चरित्र रहने हुनाले ती तत्त्वलाई विश्वसनीय, यथार्थिक, कलात्मक र प्रभावात्मक बनाउनका निम्ति देश, काल, परिवेश तथा वतावरणको महत्त्वपूर्ण भूमिका रहन्छ । वातावरणले आन्तरिक रूपमा पात्रको मानसिक स्थितिको चित्रण गर्दछ भने बाह्य पक्षमा काव्यको भौतिक प्रस्तुतिलाई साकार प्रदान गर्दछ । खण्डकाव्यको

कथावस्तुको स्थान, समय र परिवेशलाई चिनाउँदै ल्याउने कथावस्तुको कथातत्त्वलाई सशक्त, जीवन्त र स्वाभाविक बनाउने काम वातावरणको नै हो । त्यसैले परिवेश पनि खण्डकाव्यको महत्त्वपूर्ण तत्त्व मानिन्छ ।

## ५.३.२.५ भाषाशैली

भााषा शैली खण्डकाव्यको महत्त्वपूर्ण तत्व हो । भाषा माध्यम हो भो भाषालाई हिँडाउने तरिका शैली हो । व्यक्तिको प्रस्तुत गर्ने आ-आफ्नै शैली रहेको हुन्छ । साहित्य एक भाषिक कला हो र यसलाई भाषिक माध्यम अँगाल्ने सौन्दर्यपूर्ण वस्तुका रूपमा लिइन्छ ( अवस्थी, २०६४ : ५५) । त्यसैले साहित्यकै एक लयात्मक विधास्वरूप कविता र त्यसको मध्यम आयामको उपविधा स्वरूप खण्डकाव्यमा पनि भाषाको सौन्दर्यपूर्ण प्रयोग अपेक्षित नै रहन्छ । साहित्यको भाषा सरल, सहज र बोधगम्य हुनुपर्दछ । साहित्यको भाषाशैली सर्जकमा भर पर्दछ । कुनै सर्जकको भाषाशैली सरल हुन सक्छ भने कसैको नहुन पनि सक्छ । शैलीकै कारण सर्जकको साहित्यिक मूल्याङ्कन हुने भएकाले विभिन्न छन्द, रस, अलङ्कारको प्रयोग गरी लयात्मकता समेत प्रदान गरिएको हुन्छ ।

## ५.३.२.६ जीवनदृष्टि/उद्देश्य

साहित्य जीवनकै अभिव्यक्ति हो । अभिव्यक्तिका विभिन्न प्रकार र माध्यमबाट साहित्यका विभिन्न विधाको सिर्जना हुन्छ । खण्डकाव्यमा पनि जीवनको कुनै एक पक्षको उद्घाटन हुन्छ । खण्डकाव्यका माध्यमद्वारा कलात्मक रूपमा प्रकट भएको मूल सन्देश नै यसको जीवनदृष्टि हो । यसलाई उद्देश्य पनि भनिन्छ । खण्डकाव्यमा कथा, पात्र र वातावरणको माध्यमद्वारा रचनाको जीवन र जगत्लाई हेरेका हुन्छन् । त्यस हेराईकै धरातलमा खण्डकाव्यको संरचना हुने हुँदा खण्डकाव्यमा जीवनदृष्टि अप्रत्यक्ष रूपमा प्रस्तु गर्नु आवश्यक छ । कुनै पनि कार्य गर्नका लागि कारण रहेको हुन्छ । त्यस्तै कवि प्रतिभाले पनि काव्यकृति रचना गर्दा प्रत्यक्ष-अप्रत्यक्ष र सानो-ठूलो उद्देश्य राखेकै हुन्छ । त्यसकारण खण्डकाव्यका माध्यमद्वारा कलात्मक रूपमा प्रकट भएको मूल सन्देश नै यसको जीवनदृष्टि हो जसलाई उद्देश्य भनिन्छ । कविले आफ्नो जीवनदृष्टिलाई काव्यमा घटना, कथा चरित्र र

वातावरणमा घोलेर अभिव्यक्त गर्दा काव्य उन्नत र उत्कृष्ट तथा सफल र लोकप्रिय बन्दछ ।

माथि उल्लेख गरिएका आवश्यक तत्वहरूको अङ्गयोजनाले खण्डकाव्यको निर्माण पूर्ण हुन जान्छ त्यसबाहेक पनि थुप्रै तत्वहरू छन् जो यसका निम्ति आवश्यक पर्छन् । खण्डकाव्य कविताले मझौला रूप उपविधा भएकाले कवितामा जति आन्तरिक र बाह्य पक्षा छन् ती खण्डकाव्यमा हुनु स्वभाविकै हो । तर प्रतीक, बिम्ब, अलङ्कार, व्यञ्जन, सर्ग, रस जस्ता पक्षहरूलाई पनि खण्डकाव्यका तत्वहरूका रूपमा समावेश गरिन्छ । वास्तवमा यी ऐच्छिक तत्वहरू हुन् जसको प्रयोग हुन पनि सक्छ र नहुन पनि सक्छ । जुन पक्षको उपस्थिति विना खण्डकाव्यले आफ्नो स्वरूप र आकार प्राप्त गर्न सक्दैन ती अति आवश्यक आधारभूत पक्ष हुन् । त्यसबाहेक खण्डकाव्यलाई स्तरीयता, उच्चता, सफलताााा, श्रतिमधुरता, लोकप्रियता, सम्प्रेषणीयता, कोमलता, सरसता, हार्दिकता, यथार्थिकता, बौद्धिकता, दार्शनिकता, रसात्मकता आदि बनाउने कार्यमाा समावेश हुने जति सबै पक्षहरूलाई निशङ्कोच सहयोगी अलङ्करण भन्नु उचित देखिन्छ । पूर्वीय साहित्य सिद्धान्तले खण्डकाव्यमा एक रस, एक देशीय, जीवनको एक क्षण वा एक घटना, एक अर्थ सर्गयोजना कुलीन पात्र, मद्यमय भाषा आदिको अपेक्षा गरेको छ तापनि आजभोली यी सबै मान्यता खण्डित भइसकेका छन् । त्यसैले परम्परित रूपमा देखापर्ने खण्डकाव्यीय तत्वहरूको उत्छेदन भइरहेको आजको सन्दर्भमाा पनि खण्डकाव्यको कथा, पात्र, वातावरण, भाषाशैली र जीवनदृष्टिलाई पूर्णरूपमा बहिस्कार गर्न नसकेको हुँदा यी नै खण्डकाव्यका मूल तत्व हुन् । यिनको उपस्थिति नभइकन कृतिको रचना हुन सक्दैन । यी नै खण्डकाव्य कृतिका आधारभूत अनिवार्य तत्व हुन् ।

### ५.३.३ 'आँखाभरि' खण्डकाव्यको विश्लेषण

#### ५.३.३.१ विषय प्रवेश

प्रस्तुत खण्डकाव्य प्रकाश चापागाईंको साहित्यिक यात्राको दोस्रो चरणमा देखापरेको काव्य हो । **आँखाभरि** शोककाव्य कथाप्रधान नभएर कवित्वप्रधान वा भावप्रधान कृति हो । **आँखाभरि** २०६४ जेठ १४ गते आफ्नी सहधर्मिणी सीताको अल्पायुमै भएको निधनबाट परेको शोक सिर्जना हो । पत्नीको अवसान र उनीमाथि परेको गम्भीर मानसिक आघातबाट

झरेका आँसुका थोपाहरूबाट कोरिएका पङ्क्तिहरूले पाठकलाई दिने आस्वादन, मृत्यु र मानवीय संवेदनाको घनिभूत वर्ष बनोस् भन्ने कविको चाहना रहेको छ (ज्ञवाली, २०६४ : १२) । मृत्यु शाश्वत छ तथापि यसले पार्ने आघात अत्यन्त कष्टदायी हुने रहेछ । यो काव्य २०६४ मै रचना गरी २०६७ मा प्रकाशन गरिएको हो । जम्मा दश शीर्षकमा समेटिएको भावलहरहरू स्वर्गीय पत्नीको गुणवर्णन, स्मृतिका क्षणहरूको शब्दचित्र, प्रेम, श्रद्धा, वियोगाग्नि ज्वाला, कर्तव्यबोधजस्ता विविध भावका अभिव्यञ्जनाहरू पाइन्छन् । नेपाली साहित्यमा शोककाव्यलाई पनि खण्डकाव्य विधा मानेर अध्ययन गरिँदै आएको हुँदा यहाँ **आँखाभरि** शोककाव्यलाई पनि खण्डकाव्यकै केन्द्रीयतामा विश्लेषण गरिएको छ ।

### ५.३.३.२ शीर्षक

**आँखाभरि** शोककाव्य हो । यस काव्यको शीर्षक भाव वा अनुभूतिमा आधारित रहेको छ । म पात्र अथात् कविकी धर्मपत्नी सीताको निधनबाट भावविह्वल भई काव्य रचना गरेको पाइन्छ । दश उप-शीर्षकमा संरचित **आँखाभरि**मा शोक, करुणा, प्रेम र सौन्दर्यको मार्मिक अभिव्यक्ति पाइन्छ । कविकी धर्मपत्नीको मृत्यु ३८ वर्षको उमेरमा क्यान्सरको कारणले भएको, दुई छोरा प्रवेश र निषेधको लालनपालनमा कविलाई गाह्रो परेको, दुई छोराहरू मातृवात्सल्यबाट टाढिनु परेको छ । दश उपशीर्षकहरू पहिलो *भुल्नै नसक्ने थियौ,* दोस्रो *आँखाभरि छौ तिमी,* तेस्रो *के भोग्न मैले पऱ्यो ?,* चौथो *भै गो पीर नमान,* पाँचौं *सम्झाइदेउ मन,* छैटौं *मेरो हृदयवागकी मखमली,* सातौं *भो भो चाड नआऊ,* आठौं *संसार जल्दै थियो,* नवौं *तिम्रा मनैमा रहे* र दसौं *मिल्ला मुक्ति कहाँ र ?* रहेका छन् । यस काव्यको नामकरण काव्यभित्रको दोस्रो उपशीर्षक *आँखाभरि छौ तिमी* बाट रहेको छ । काव्यमा कवि अर्थात् म पात्रकी धर्मपत्नी सीताको असामयिक निधनबाट मर्माहत बनेर आँखाभरि आँसु छचल्किएको अवस्थामा रचना गरिएको र कृतिमा पनि सो देखिएको कारणले गर्दा **आँखाभरि** शीर्षक सार्थक रहेको छ ।

### ५.३.३.३ आख्यानीकरण

प्रबन्धकाव्य मूलतः कविता भएकाले अनुभूति र भावप्रधान साहित्य हो भने यसमा कथानक र चरित्र हुने भएकाले आख्यानात्मक साहित्य पनि हो, तर यी दुवैमध्ये कवित्व र

भावलाई नै काव्यमा प्रमुखता दिइन्छ (ज्ञवाली, २०७० : १८) । अनुभूतिलाई निरन्तरता दिनको लागि त्यसको आख्यानीकरण गर्नुपर्ने हुन्छ र आख्यानीकरणका लागि कथानक र कथानकको मूर्तताको लागि चरित्रको विधान गर्ने गरिन्छ । यस दृष्टिले हेर्दा यस खण्डकाव्यमा म पात्र (कवि) ले आफ्नी धर्मपत्नीको मृत्युपश्चात् उनको सम्झना गर्दै अभिव्यक्ति गरेको भवना नै यस खण्डकाव्यको कथानकको स्रोत रहेको छ । यस काव्यकी नायिका अत्यन्त गुणवती, पतिव्रता, मृदुभाषी, उदार, समयलाई चिन्न सक्ने, उदार स्वभाव भएकी व्यक्ति थिइन् । उनका दुई छोराहरू प्रवेश र निषेध रहेका छन् । श्रीमान्, श्रीमती, दुई छोरासहित चार जनाको परिवार थियो । नायिकालाई क्यान्सर हुन्छ र उनको मृत्यु हुन्छ । यस्तो घटनाक्रम रहेको काव्यमा कविका भावना दश उपखण्डमा रहेका छन् । पहिलो उपशीर्षक *भुल्नै नसक्ने थियौ*मा म पात्रकी श्रीमती घरको खम्बा बनेर बसेको, ज्ञानी, मिजासिली, सबैकुरा बुझेकी, धर्मकर्म जान्ने, कसैलाई पीर नपार्ने रहेको कारणले गर्दा भुल्नै नसक्ने भएको कविले उल्लेख गरेका छन् । दोस्रो उपशीर्षक *आँखाभरि छौ तिमी*मा कविको हृदय शून्य भएको, कोठा र घर शून्य भएको, संसार सबै शून्य भएको उल्लेख गरेका छन् । साथै दिलदार, मनकार, समुन्द्रझैँ शान्त स्वभाव भएकी धर्मपत्नी आँखाभरि रहेको बताएका छन् । तेस्रो *के भोग्नु मैले पऱ्यो ?* मा धुम्रपान, मद्यपान नगर्ने आफ्नी धर्मपत्नी क्यान्सर भएर मर्नुपरेको, छोराहरूले पनि आफूले जस्तै मातृवात्सल्य गुमाउनु परेको उल्लेख गर्दै किन आफूले यस्तो भोग्न परेको भन्ने प्रश्न गरेका छन् । *भै गो पीर नमान*मा मृत धर्मपत्नीको आत्मालाई आफ्ना छोराहरूको पीर नगर्न आग्रह गर्दै तिनीहरूको लालनपालन आफूले गर्ने बताएका छन् । *सम्झाइदेउ मन*मा सीताका प्रिय सखीहरूले आएर बालक छोराहरू प्रवेश र निषेधको मन सम्झाइदिन आग्रह गरेका छन् । *मेरो हृदयकी मखमली* धर्मपत्नी सीता हृदयमा मखमलीझैँ फक्रेर फुल्दै बीस वर्ष बिताएकी धर्मपत्नीको निधनमा आफू शोकाकूल भएको बताएका छन् । *भो भो चाड नआऊ*मा तीज, दशैं जस्ता चाडवाडमा घर र आफ्नो मन अझ शून्य हुने, दुई बालक छोराहरू झन् दुःखी हुने भएकाले चाडवाड नआओस् भन्ने भाव व्यक्त गरेका छन् । *संसार जल्दै थियो*मा जेठ महिनामा संसार उजाड भएको र त्यसै बखत आफ्नी धर्मपत्नीको निधनबाट कवि मन पनि उजाड भएको उल्लेख छ । *तिम्रा मनैमा रहे*मा दुई फूलहरू (छोराहरू) प्रवेश र निषेध यो

संसारमा रोपेको ती ठूला हुन नपाउँदै फक्रन नपाउँदै परमधाम जानुपरेकोमा ती सबै इच्छा, आकाङ्क्षा मनमा नै रहेको उल्लेख छ । *मिल्ला मुक्ति कहाँ र ?* मा आफ्नी धर्मपत्नी सीतालाई मुक्ति प्राप्त गराइदिने व्यक्तिका रूपमा सम्झँदै उनी नहुँदा मुक्ति नमिल्ने भाव व्यक्त भएको छ । यसरी खण्डकाव्यको आख्यानीकरण रहेको छ ।

## ५.३.३.४ पात्र वा चरित्रचित्रण

**आँखाभरि** कविले म पात्र, सीता (तिमी), प्रवेश र निषेध गरी चार पात्रको विधान गरेका छन् । काव्यको पर्दाभित्र म पात्रकी आमा, सीताका संगीहरू, उपस्थित जनसमुदायहरू रहेका छन् । काव्यमा वर्णित चरित्र व्यक्तिगत घटनामा आधारित वास्तविक व्यक्तिचरित्र हुन् । काव्यमा भोक्ता पात्र म अर्थात् कवि नै रहेका छन् ।

यस काव्यका मुख्य पात्र कवि अर्थात् म पात्र हुन् । यहाँ कवि भोक्ता पात्र रहेका छन् । उनकै जीवनभोगाइको अभिव्यक्ति सम्पूर्ण काव्यभरि नै रहेको छ । कवि पात्र कर्तव्यपरायण श्रीमान् र बाबुका रूपमा रहेका छन् । उनी आफ्नी श्रीमतीलाई र छोराहरूलाई असाध्यै माया गर्ने व्यक्तिका रूपमा रहेका छन् । यस काव्यमा सबै घटना अभिव्यक्त गर्ने पात्रका रूपमा यिनी रहेका छन् ।

सीता यस काव्यकी नायिका हुन् । सीताको कुनै संवाद वा अभिव्यक्ति नभए पनि सबै घटना उनकै जीवनपरिधिमा केन्द्रित छ । यिनी आमा र श्रीमती दुवैको भूमिका कुशलतापूर्वक निर्वाह गर्ने पात्रकी रूपमा रहेकी छन् । घर परिवारमा सबैको ख्याल गर्ने, छरछिमेकी तथा दुःखीलाई सहयोग गर्ने उनको बानी रहेको छ । धुम्रपान र मद्यपान नगरे पनि क्यान्सरको कारणले मृत्युवरण गरेकी पात्रका रूपमा सीता रहेकी छन् ।

यस काव्यमा बाल पात्रका रूपमा प्रवेश र निषेध रहे पनि उनीहरू गौण पात्रका रूपमा रहेका छन् । यस काव्यमा गौण पात्रका रूपमा बुबा, आमा, सीताका साथीहरू र समाजका व्यक्तिहरू पनि रहेका छन् । यिनीहरूको काव्यमा सक्रिय र प्रत्यक्ष भूमिका देखिँदैन । यसरी थोरै पात्र र कवि पात्रका जीवन भोगाइहरू समेटेर काव्यिक समापन भएको छ ।

## ५.३.३.५ परिवेश/वातावरण

यस शोककाव्यमा कविले स्थूल रूपमा स्थानीय प्राकृतिक, सामाजिक र सांस्कृतिक परिवेशलाई चित्रण गरेका छन् । यस काव्यको घटना कविको नितान्त व्यक्तिगत भए पनि मृत्यु सत्य छ । मानिस जन्मेपछि मर्नै पर्छ । यस्तो घटना कवि मात्र होइन जो कोहीले पनि भोग्न सक्छन् । आफ्नो परिवारको मृत्युमा जो कोही पनि दुःखी हुन्छ । यस्तो तीतो यथार्थ यस खण्डकाव्यमा छ । मानिसका इच्छा, आकाङ्क्षा, प्राप्ति, अप्राप्ति, हृदयमा बेलाबखत उब्जने अनुभूति, आशा-निराशा, कुण्ठाग्रस्त मनोदशा, अन्योल र उत्सुकता आदिजस्ता परिवेश पनि काव्यमा पाइन्छ (ज्ञवाली, २०७० : २२) ।

## ५.३.३.६ भाषाशैली

**आँखाभरि** सरल भाषामा सबैले सहजै बुझ्ने गरी शास्त्रीय छन्दको लयविधान प्रयोग गरेर दश सर्गमा लेखिएको खण्डकाव्य हो । कथानकको वर्णन सरल, सहज र लालित्यमय शैलीमा गरिएको छ । मन परेको मान्छे र जीवनको आधारलाई अचानक गुमाउनुपर्दा कहालिएको व्यक्तिले गरेको सम्झनालाई यसरी व्यक्त गरिएको छ -

बिर्सूँ बिर्सनलाई छैन सजिलो सम्झेर के पाउँछु ?
सम्झ्यो छाति चसक्क दुख्दछ सधैँ एक्लै म टोलाउँछु ।
त्यो तिम्रो व्यवहार अमृत थियो हाँसेर हिँड्दा तिमी
त्यो तिम्रो व्यवहार नै विष भयो अल्परे जाँदा तिमी । (पृ. ३२)

यस शोककाव्यको शैली वर्णनात्मक छ । भाषा लालित्यमय र कोमल छ । भाव आफैं फुटेर बगेको नदीझैं बगेको छ, प्रवाह आफैं बाटो बनाएर हिँड्ने हिमनदीझैं बगेको छ (ज्ञवाली, २०७० : २२) । यस काव्यमा हाम्रो समाजमा चल्दै आएको ज्योतिष शास्त्रमाथि पनि गहिरो प्रहार गरिएको छ :

हा ! हा ! ज्योतिषशास्त्र के गणितले उन्को चिना लेखियो ?
अठ्तीस वर्ष रहेछ आयु उनको के ले त्रियासी भयो ?
हे पण्डित त्रिकालदर्शीहरू हो ! पढ्छौ चिना के गरी ?
तिम्रो जोतिषशास्त्र नै फजुल हो वा बोल्दछौ मनपरी ? (पृ. ४७)

प्रकृतिलाई पनि मानवीकरण गरेर प्रकृति पनि मानिसको जस्तै सुखदु:खको अनुभूति गरेको पाइन्छ । यहाँ आफ्ना छोराहरूलाई फूलको रूपमा तुलना गरिएको छ :

रोप्यौ फूल त राष्ट्र निम्ति गहना सौन्दर्यका चाँदनी
मेरा फूल सजाउँछन् गरिबका रुन्चे परेला पनि
भन्थ्यौ, भाव असाध्य निर्मल थियो ऐले कहाँ के भयौ ?
आँखा हेर्न थिए नि उत्सुक कठै ! हेर्नै नपाइ गयौ ।

यस कथामा हिन्दुहरूको महान चाड बडादशैंमा आशीर्वाद दिँदा भनिने श्लोकका केही टुक्रा 'आयुर्दोण सुते', 'ऐश्वर्यम् नहुषे', वय स्नेह, सखी, प्रलय, तुच्छ, रुग्ण, बान्धव, किन्तु, दीप्त, जल जस्ता तत्सम शब्दहरू, क्यान्सर, सर्टिफिकेट जस्ता आगन्तुक शब्दहरू, ठुस्स, फुर्फुर, टुल्टुल जस्ता अनुकरणात्मक शब्दहरू, फुल्पाउँ, भुलपाउँ, झुलाउँ, बुझाउँ, कैल्यै, गामै, ठामै, परेन, मुसार्दै जस्ता ग्रामीण जनजीवनमा बोलिने शब्दहरू, बाँधेको मन फुस्कियो, आगो खाइ पचाउँदै जस्ता व्याकरिणक विचलनयुक्त शब्दहरूको प्रयोग भए पनि पद पदावलीहरूको प्रयोगले काव्य भाषिक रूपमा सरल, सरस र सहज बनेको छ ।

कविता काव्यको भाषा लयात्मक हुनु पदर्छ । यस काव्यमा शास्त्रीय शार्दूलविक्रीडित छन्द, कोमल पदावली, अनुप्रास आदिका माध्यमबाट लयको सिर्जना गरिएको छ । काव्यको आदिदेखि अन्त्यसम्म शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । कोमल शब्दावली, अनुप्रासको प्रयोग र शास्त्रीय वर्णमात्रिक छन्दले काव्य गेयात्मक बनेको छ । शार्दूलविक्रीडित छन्दको उदाहरण :

| गणसूत्र - | म | स | ज | स | त | त | गु |
|---|---|---|---|---|---|---|---|
| | ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |

तिम्रो आत्मिय मित्रका नयनमा नानी बनेकी थियौ ।
मायाकी प्रतिमूर्ति वा हृदयकी खानी बनेकी थियौ ॥
सानो चित्त नगर्न हात खुकुलो बाँड्दै हिँडेकी थियौ ।
लोभी, गुच्छ विकारका मन सधैँ फाँड्दै हिँडेकी थियौ ॥ (पृ. २९)

**आँखाभरि** शोककाव्य भएको कारणले कविले आफ्ना भावहरू, आफ्ना विचारहरू आफै अर्थात् म पात्रका रूपमा अभिव्यक्त गरेको हुँदा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ५.३.३.७ बिम्ब, प्रतीक र रस

आँखाभरि विप्रलम्भ शृङ्गारलाई अङ्ग र करुण सरलाई अङ्गी रस भनाएर लेखिएको शोककाव्य हो । **आँखाभरी** शोककाव्य अद्योपान्त सीताको सम्झनामा रचना भएको कारणले करुण रस सिञ्चित छ । चापागाईलाई बादलपारी स्वर्गमा पुगेकी धर्मपत्नीको सम्झनाले मात्र दुःखित तुल्याएको छैन आफ्नो अगाडि दुधकटुवा दुई छोराहरू प्रवेश र निषेधको स्नेहले झन रुवाएको छ । अनेक प्रसङ्ग र मार्मिक परिस्थितिलाई लिएर शोक बारम्बार प्रकट भइरहेको छ । यस काव्यमाा अन्तर्मनका व्यथालाई कारुणिकताका साथ प्रस्तुत गरिएको छ । रुने र रुवाउने काव्यकारले आफ्नो व्यथालाई लिएर पाठक सामु प्रस्तुत भएका छन् । ध्वनि माधुर्यका निम्ति अनुप्रासालङ्कारको यस शोककाव्यमा उत्प्रेक्षा, उपमा, रूपक, दृष्टान्त जस्ता अलङ्कारको स्वभाविक प्रयोग भएको छ । यो काव्य शोककाव्य भएको कारणले यसमा करुणरस, परिपाक बनाउन शान्त र विप्रलम्भ शृङ्गार रसको पनि कहीँ कतै प्रयोग भएको छ । यहाँ सीतालाई शीतल, शान्त र स्नेहकी प्रतीकका रूपमा लिइएको छ । मखमली फूललाई मायाको प्रतीकका रूपमा लिइएको छ । घाम, ठन्डी, धुप, बतास, पहाड, खोला, नदी बिम्बका रूपमा सहज प्रयोग भएका छन् । यसमा विभिन्न आलङ्कारिक प्रयोगका साथै करुण, शान्त र विप्रलम्भ शृङ्गार रसको प्रयोग भएको छ । विप्रलम्भ शृङ्गार रसको उदाहरण :

यौटा फूल सजाइ जीवनभरी हाँसेर बस्ने मन ।
तिम्रो कोमल छातिमा मन थियो जीवन्त भै बाँधिन ॥
चोखो प्रेम लिएर प्रेमरसमा चुर्लुम्म डुब्दै थियौँ ।
पर्दा कष्ट प्रवाह केही नगरी हाँसेर भुल्दै थियौँ ॥ (पृ. ४५)

यस काव्यको मुख्य भाव करुण वा शोक हो । करुण वा शोका स्थायी भाव यहाँ प्रधान रहेको छ र त्यसलाई रति, भय, विस्मय, उत्साह र वात्सल्य जस्ता स्थायी भावहरूले करुणारसमा परिवर्तन हुन मद्दत गरेका छन् । यी रति आदि स्थायि भावहरू सशक्त रूपले उदित भएबाट र अन्य आवेग, दैन्य, मरण, शङ्का, सन्त्रास, लज्जा, विषा, ग्लानि आदि स्थायी र सञ्चारी भावहरूले करुणा वा शोक स्थायी भावका पोषक बनेकाले यहाँ बात्सल्यको आँचमा करुण रसको परिपाक भएको छ ।

### ५.३.३.८ प्रबन्धन

**आँखाभरि** जीवन प्रस्तुत गर्ने प्रबन्ध काव्य हो । यस काव्यमा अनुभूतिको प्रबन्धन गरिएको छ । यस काव्यमा कविले अनुभूतिको आख्यानीकरणका लागि काव्यलाई दश सर्गमा प्रबन्धन गरेक छन् । सबै सर्गहरू शार्दूलविक्रीडित छन्दमा लयबद्ध छन् । पहिलो सर्ग *भुल्नै नसक्ने थियौ*का सात श्लोक पृ. ३१-३४, दोस्रो सर्ग *आँखाभरि छौ तिमी*का १९ श्लोक, तेस्रो सर्ग *के भोग्नु मैले पऱ्यो ?* पृ. ३५-३८ मा १८ श्लोक, चौथो सर्ग *भैगो पीर नमान* पृ. ३९-४१ मा १३ श्लोक, पाँचौं सर्ग *सम्झाइदेउ मन* पृ. ४२-४४ मा १२ श्लोक, छैठौं सर्ग *मेरो हृदयवागकी मखमली* पृ. ४५-४७ मा ९ श्लोक, सातौं सर्ग *संसार जल्दै थियो* पृ. ५०-५२ सम्म १० श्लोक, नवौं सर्ग *तिम्रा मनैमा रहे* पृ. ५३ र ५४ मा ६ श्लोक, दशौं सर्ग *मिल्ला मुक्ति कहाँ* पृ. ५५ र ५६ मा ६ श्लोक गरी काव्य जम्मा ५६ पृष्ठ र १० सर्गमा विस्तारीत छ ।

### ५.३.३.९ निष्कर्ष

**आँखाभरी** काव्य भावमा स्वच्छन्दता र शैलीमा परिस्कारधर्मी रहेको छ । संस्कृत काव्यसारणीलाई टपक्कै टिपी पाखा पखेराको लालीगुराँसले झपक्कै पारी नेपाली काव्य सिंगार्ने चापागँई वार्णिक छन्दका सशक्त कवि हुन् । नेपाली जनजीवनमा प्रयोग हुने सरल र सहज शब्दहरू **आँखाभरी** शोककाव्यमा पाइन्छ । सीता चापागाईकी धर्मपत्नी हुन् र सम्झनाकाा आँसुलाई लिएर यो शोककाव्य रचना गरिएको छ । यसमा लिइएको मुख्य पुरुष पात्र 'म' र 'कवि' नामले मात्र पुगारिए पनि त्यो विधुर पुरुष पात्र प्रकाश चापागाइँ स्वयम हुन् र नायिका सीता उनकी धर्मपत्नी हुन् । प्रवेश र निषेध उनका छोराहरू हुन् । यसरी काव्य कवि व्यक्तिको जीवनकथामा आधारित भए पनि सामान्य सार्वभौम, पत्नी विरहीको वा प्रेमीकाको अत्यन्तिक विरहको स्वतन्त्र चित्र बन्न पुगेको छ । रसका दृष्टिले **आँखाभरी** काव्य करुण रसको परिपाक भएको छ ।

**आँखाभरी** काव्य प्रकाश चापागाईको काव्य पात्रको आधारभित्ति र प्राप्ति हो जसभित्र उनको समग्र कवि जीवन वा काव्य पात्रको मूल स्वरूप अङ्कीत भएर अद्यावधि आफ्नो छाप पारिरहेकोा छ । समग्र उपलब्धिका दृष्टिले **आँखाभरी** वार्णिक छन्दोमय नेपाली कविताको महत्त्वपूर्ण उपलब्धी हो ।

### ५.३.४ 'बुलेट नम्बर पाँच' खण्डकाव्यको विश्लेषण

### ५.३.४.१ विषय प्रवेश

**बुलेट नम्बर पाँच** (२०७०) कवि प्रकाश चापागाईंको कविता काव्य यात्राको दोस्रो चरणको महत्त्वपूर्ण खण्डकाव्य कृति हो । विभिन्न दश सर्गका जम्मा ६३ पृष्ठमा खण्डकाव्य संरचित रहेको छ । विभिन्न समयमा भएका आन्दोलन र चलेका गोलीहरूलाई आधार मानेर **बुलेट नम्बर पाँच** भनी माओवादी जनयुद्ध प्रारम्भ अवस्थालाई यसको मूल शीर्षक बनाइएको छ । द्वन्द्वकालमा सामान्य नागरिकलाई युद्धमा ढाल बनाई परिवर्तन भएपछि तिनै सर्वसाधारण जनतामा कुनै परिवर्तन आउन नसकेको तितो यथार्थलाई काव्यको मूल विषयवस्तु बनाइएको छ । **बुलेट नम्बर पाँच** समयुगीन जीवन, समाज, राष्ट्र र सिङ्गो नेपाली समाजिक राजनैतिक र आर्थिक परिस्थितिमा प्रतिबन्धित चेतनालाई स्वर प्रदान गर्ने नविनतम कृति रहेको छ । दुःख, गरिब? अभाव र पछौटे पनले युक्त अनुभीतमा रँगिएको र अन्याय अतयाचार र शोषणयुक्त परिस्थितिमा त्यसबाट मुक्तिको सपना पालेर युद्धमा हाम फालेर वीरगति प्राप्त गर्ने योद्धाप्रति सहानुभूति प्रकट गरिएको छ । युगौं देखि नेपाली जनताले मुक्तिको चाहना राखेर आन्दोलन गरिरहेका र त्यस आन्दोलनलाई ढाल बनाएर तिनैको सहारामा सत्तामा पुग्ने तर सहिदको रगतको सम्मान नगर्ने विलासी जीवन बिताउने कारणले गर्दा धेरै आन्दोलनहरू असफल रहेको छ । यो काव्य सामाजिक आर्थिक धरातलमा जन्मिएको वैचारिक खण्डकाव्य हो । प्रस्तुत काव्यलाई यहाँ निम्न तत्त्वगत आधारमा विश्लेषण गरिन्छ ।

### ५.३.४.२ शीर्षक

प्रस्तुत खण्डकाव्यको शीर्षक बुलेट, नम्बर पाँच तीनवटा शब्दद्वारा बनेको छ । जसले गोली वा प्रक्षेपण भन्ने अर्थ सङ्केत गरेको छ । यसले यसभन्दा अगाडि चौथो बुलेट छोडी सकिएको भन्ने सङ्केत दिन्छ । यो इतिहास वा युद्ध सम्बन्धी पुस्तक होला जस्तो लाग्छ । पाठक वर्गको कौतुहल मेटाउन कविले *बुलेटको पीडा र काव्यको जन्म* शीर्षकका कवितामा शीर्षकको औचित्य यसरी पुष्टि गरेका छन् :

पैलो बन्दुक सात सालको राणा विरोधी थियो
दोस्रो पञ्च विरुद्ध बन्दुक यहाँ अट्ठारमा पड्कियो
तेस्रो छत्तिस सालमा रुमलियो चौथो छयालीसमा
पाँचौँमा जनयुद्धमा घोषित भयो बेकार बाउन्नमा । (भूमिका पृष्ठ)

यसरी २००७ सालदेखि २०५२ सम्मको मुख्यमुख्य राजनैतिक परिवर्तनलाई आधार बनाएर काव्यको शीर्षक राखिएको छ । २००७ सालमा भएको राणाशासन विरोधी विद्रोह र नेपाली काँग्रेसद्वारा गरिएको सशस्त्र क्रान्तिमा सत्तापक्षीय र विद्रोही दुवैबाट चलेको गोली, २०१८ सालमा पञ्चायती सत्ताका विरुद्ध नेपाली काँग्रेसकै नेतृत्वमा भएको सशस्त्र विद्रोह र त्यसमा सरकार तथा विद्रोही दुवै तर्फबाट चलेको गोली, २०३६ सालमा भएको विद्याथी आन्दोलन र त्यसको परिणामस्वरूप भएको पञ्चायत विरोधी विद्रोही तथा त्यस विद्रोहको दमनमा सरकारद्वारा चलाइएको गोली, २०४६ मा भएको राजतन्त्रविरोधी सक्रिय जनआन्दोलन र त्यसमा जनतामाथि सत्ताधारीले चलाएको गोली तथा २०५२ सालमा राजतन्त्र तथा सामन्तवादका विरुद्धमा भनी तत्कालीन नेकपा माओवादीद्वारा सुरु गरिएको सशस्त्र विद्रोह र दशवर्षसम्म सत्ता र विद्रोही दुवैबाट चलेको गोली गरी पाँच कालखण्डमा चलेको गोली र भएका राजनैतिक सङ्घर्षहरूलाई यस शीर्षकले सङ्केत गरेको छ । विभिन्न कालखण्डमा भएका राजनैतिक घटनाक्रमहरूलाई देखाइ २०५२ मा चलेको गोली र त्यसपश्चात् भएका घटनाहरूलाई यसले आधार बनाएको छ । यसरी नेपालमा विभिन्न सयमा आन्दोलनहरू भएको छ । त्यस आन्दोलनमा धेरै नागरिकहरूले ज्यान गुमाएका छन् । त्यसरी ज्यान गुमाएका सहयोद्धाहरू सत्तामा पुग्दा पनि कुनै चासो नदेखाएका कारण सहिद परिवार र नागरिकहरू असहाय जीवन बिताउन बाध्य पारिएको छ । सुधा भाट र राजेश्वरी पन्त क्रान्तिकारी देखिए पनि प्रहरीको गोली खााने सहीद परिवारका सदस्य हुन् । यसरी विभिन्न आन्दोलनलाई देखाई जनतामा रहेको अपरिवर्तित जीवनशैलीलाई देखाइएको कारणले यसको शीर्षक सार्थक रहेको छ ।

### ५.३.४.३ आख्यानीकरण

**बुलेट नम्बर पाँच** राजनीतिक एवं सामाजिक यथार्थ धरातलमा जन्मिएको खण्डकाव्य हो । यो कविता भएको कारणले गर्दा अनुभूति र भावको प्रबलता पाइए पनि

यसमा कथानक र चरित्र दुवै रहेको छ । यस काव्यमा अनुभूतिको अभिव्यक्तिका लागि भवानी नामकी नारी पात्रबाट विगतका घटना अभिव्यक्त गरिएको छ । पहिलो सर्गदेखि नवौं सर्गसम्म मुख्य कथानक रहेको छ भने दशौं सर्गमा कविको अनुभूति र विचार अभिव्यक्त भएको छ । यसरी पहिलो सर्गदेखि नवौं सर्गसम्मको घटना नै यस काव्यको कथानक हो ।

काव्यको पहिलो सर्गदेखि नै कथानक आउन थालेको पाइन्छ । काव्यको पहिलो सर्गमा कथावाचक रूपमा उपस्थित भवानीले व्यक्त गरेका कुराहरूबाट खण्डकाव्यको कथावस्तुको उठान भएको छ । डाँडाकाँडा, वन, हरियाली आदिले भरिपूर्ण तर अशिक्षा र गरिबहरूको बस्ती रहेको गाउँले जीवनको वर्णन गरिएको छ । ग्रामीण असहज परिस्थिति, अलोकतान्त्रिक राज्यव्यवस्था, ग्रामीण जीवन अभाव र कष्टकर रहेको गाउँमा रहेको अशिक्षा र वर्गीय उत्पीडन छ । त्यो गाउँको उत्पीडनलाई हटाउन सुन्दर नामको बालकको जन्म हुन्छ । ऊ जुनकिरीजस्तै गाउँमा ज्ञानको प्रचार-प्रसार गर्न लाग्दछ । उसले समाजलाई परिवर्तन गराउन आफूलाई बलीदान गराउन समेत दृढ सङ्कल्प गरेको देखाउँदै पहिलो सर्गको समापन भएको छ ।

दोस्रो सर्गमा सुन्दरको क्रान्तिकारी भावना विकसित भएको देखिन्छ । सुन्दर राजनीति, साहित्य वा कुनै शास्त्र औपचारिक रूपमा पढेको थिएन तर ऊ भोगेर, देखेर र पढेर सबैकुरा जान्ने भएको थियो । त्यसैले त्यो सुन्दर गाउँकै परिवर्तनको लागि लाग्ने अठोट गऱ्यो । ऊ विभेदको अन्त्यका लागि अभियानमा लाग्दछ तर मुखिया र अन्य सामन्तहरूले उसको यो क्रियाकलापलाई मन पराउँदैनन् । सुन्दरलाई समाप्त पार्न आफ्ना नजिकका लठैतहरूलाई परिचालन गर्छन् । अनेकौं पैसा र इमानको प्रलोभन देखाएर प्रयोग गरिएका लठैतले जस्तोसुकै डर देखाए पनि सुन्दरले आफ्नो अभियान रोक्दैन । यही आदेश र प्राकृतिक अनिष्टकारी सूचनाले सुन्दरमा केही न केही अनिष्ट हुने संकेत देखाउँदै दोस्रो सर्ग समापन भएको छ ।

तेस्रो सर्गमा साउनको महिनामा वर्षा, बाढी, पहिरो, जीवजन्तुको सङ्कट तथा गाउँमा धनजनको विनासको चित्रण रहेको छ । गाउँमा भएको विनासको निरीक्षण गर्न जाँदा जङ्गल माझमा नसोंचेको अनौठो दृश्य देखिन पुग्दछ । त्यो वीभत्स तरिकाले फालिएको सुन्दरको लास हुन्छ । सारा मान्छेहरूमा गाउँको एउटा दियो निभेको, गाउँको लागि एउटा चम्किलो तारा अस्ताएको र सारा शोषित-पीडितहरूको आशाको स्तम्भ नै

ढलेको कुरा गर्दै रोई कराई गर्न थाल्छन् । सुन्दरको मृत्युपश्चात् गाउँलेहरूमा विद्रोहको भावना जागृत हुन्छ । छोराको मृत्युका कारण सुन्दरका बाबु बेहोस हुन्छन् । सुन्दरको लास बोकेर घाट जाने कि बाबु बोकेर जिल्ला अस्पताल जाने भन्ने यस्तो कारुणिक दृश्यले सारा हावा, पानी, पशु, चरा लगायत सिङ्गो प्रकृति नै रुन थाल्छ । तेस्रो सर्गको समापन भएको छ ।

सुन्दरको घरमा उत्पन्न शोकको अवस्थाबाट चौथो सर्गको सुरुवात भएको छ । सुन्दर र उसको बाबु घर नआउँदा आमा चिन्तित छन् । उनको मनमा शङ्काको भुमरी चल्न थाल्दछ । यस्तै अन्योलका बीच गोरे आइपुग्दछ । आमाले सुन्दर र उसको बाबुका बारेमा गोरेलाई सोधपुछ गर्छिन् । सुन्दरको हत्या भएको खबरले आमा मूर्छित हुन्छिन् । डम्बर डाँको छोडेर रुन्छ । सारा मलामी घर फर्कन्छन् । गोरेले सुन्दरको भाइ डम्बरलाई गोरेले सम्झाउने क्रममा डम्बर पनि सुन्दर जस्तै राष्ट्रसेवक हुने कुरा बताई सम्झाउँछ । अन्याय र अत्याचारको विरोधमा मान्छे आन्दोलित हुँदै उठ्ने अभिव्यक्ति सहित चौथो सर्गको समापन भएको छ ।

पाँचौं सर्गमा सुन्दरका पिता र भाइका बिचमा रहेको संवाद रहेको छ । सुन्दर बितेको निकै समय हुन्छ । एकदिन छोरो डम्बर मलिन मुख लगाएर बसिरहेको हुन्छ । त्यही बेलामा नजिकै गएर बाबु मलिन अनुहार लगाउनुको कारण सोध्छन् । त्यति बेला डम्बर समाजमा व्याप्त असमानता, अन्याय, अत्याचारले आफ्नो हृदय भतभत पोलेको कुरा गर्छ । यस कुराबाट बाबु झस्किन्छन् र त्यस कुरामा ध्यान नदिन आग्रह गर्छन् तर दाजुको हत्याले मर्माहत भएको भाइले दाजुको हत्याको बदला लिने विचार अभिव्यक्त गर्दछ भने बाबु त्यस्तो गर्न नहुने वा नगर्ने तर्क गर्छन् । बाबुछोराको तर्कमा छोराको तर्क वा अभिव्यक्ति बलवान् देखिन्छ र उत्तेजनामा आएर बाबु पनि क्रान्तिकै पक्षमा हुन्छन् । यसरी छोराले जनयुद्धमा होमिने निर्णय गरेको हुनाले विजयका लागि आशीर्वाद दिँदै बाबुले छोरालाई बिदा दिन्छन् । बाबुसँग बिदा भएर डम्बर घर छोडेर क्रान्तिको लागि हिँड्छ र सर्गको समापन भएको छ ।

छैठौं सर्गमा आन्दोलित भई जनयुद्धमा होमिनका लागि घरबाट निस्केको डम्बरको वर्णन छ । घरबाट निस्केको डम्बर विभिन्न ठाउँमा डुल्दै घुम्दै हिँड्छ । युद्धको लागि डम्बर जङ्गल पस्छ, रात छिप्पिदै जान्छ, बाटो बिराउँछ र गाउँलेहरूसँग गुहार माग्छ, गाउँलेहरूले

उसलाई घर, थर र यात्राका बारेमा सोध्छन् । उसलाई सुरुमा त यथार्थ कुरा भनिदिन्छु जस्तो लाग्छ तर फेरी सचेत भएर बाटो बिराएको जानकारी दिँदै एक रातको लागि बास दिन आग्रह गर्छ । गाउँलेहरूले पनि बास दिए । सहयोग गरेको वर्णन गर्दै यो सर्ग सकिएको छ ।

सातौं सर्गमा जनयुद्धको परिवेश वर्णन गरिएको छ । लाखौं जनता आफ्नो अधिकारको लागि लड्न उत्साहित हुन्छन् । गाउँमा भिडन्त हुन्छ । सशस्त्र आन्दोलन गरी प्रहरी चौकीमा आक्रमण गर्छन् । सेना र विद्रोहीको युद्धले धेरै जनधनको क्षति हुन्छ । भूमिगत क्रान्तिबाट केही बाहिर आउँछ । पहिलाका घनघोर शत्रु सारथी हुन्छन् । संविधान बनाउन भन्दै नेताहरू हिँड्न थाल्छन् । उनीहरू एक वर्ष नबित्दै पद, कुर्सी, भत्ता र गाडी, आलिसान महल र विलासिताका पछि दौडन थाल्छन् । जनता रोग, शोक र भोकमा पिसिएका हुन्छन् । सहिद परिवारको विचल्ली छ । डम्बरलाई बेपत्ता पारिएको घटनाक्रमसँगै सातौँ सर्ग समापन भएको छ ।

आठौं सर्गमा डम्बर वेपत्ता भएपछि परिवारजनमा भएको पीडालाई देखाइएको छ । गणतन्त्र आएपछि भवानी आर्थिक सङ्कटमा रहेकी छन् । दिनानुदिन समस्यामा परेकी छन् । बेपत्ता पारिएका व्यक्तिका परिवारलाई सम्बोधन गर्न भनी सभा राखिन्छ । त्यहाँ मुख्य मन्त्री आई भाषण गर्छ । निजले आफ्नै पैसा खर्च गरेर वेपत्ता पारिएकाका श्रीमतीहरूलाई मजेत्रो वितरण गर्न खोज्छ । त्यो भवानीलाई पच्दैन र आक्रोशित भई मञ्चमै गएर मजेत्रो कुचकाच गरी र माइकमा गएर विद्रोहमा लाग्न भन्छे । भवानीको आग्रहमा मन्त्रीको कठालो समातेर लछारपछार गर्छन् । घटनालाई शान्त पार्न सुरक्षाकर्मीले ग्यास र गोली चलाउँछन् । सुरक्षाकर्मीले चलाएको गोलीबाट सुधा भाट र राजेश्वरी पन्तको मृत्यु हुन्छ । त्यहाँबाट सुरक्षाकर्मीले मन्त्रीलाई भगाउँछन् । सर्गको समापन हुन्छ ।

नवौं सर्गमा सरकार विरुद्ध उर्लिएको बेपत्ता परिवारको आक्रोशको चित्रण गरिएको छ । जसोतसो सुरक्षाकर्मीले मन्त्रीलाई त्यहाँबाट भगाएर लगे पनि सभा जुलुसमा परिणत हुन्छ र सरकार विरोधी नारा लगाउन थाल्दछ । दुई महिलाको हत्याले त्यो सभा उग्र बन्न थाल्दछ । सबै उत्तेजित हुन्छन् । मान्छे विवशताले विद्रोही बनेको राजनैतिक परिवर्तन भएको तर कुनै पनि नागरिकको अवस्थामा परिवर्तन नआएको घटनाले क्रान्ति र विद्रोह बेकार भएको देखाइएको छ ।

दशौं सर्गमा काव्यको सारभूत अर्थ प्रस्तुत गरिएको छ । भवानीले जनयुद्धका नायकहरूलाई अनेकौं प्रश्नहरू गरेकी छन् । सारा जनताका अगाडि आफ्नो सुन्दर संसार कसरी र कहिले आउला ? भन्ने चिन्ता व्यक्त गर्दै 'हे युद्धका नायक ! यो कुरा भन' भन्ने उद्घोषका साथ जनयुद्धका नाइकेहरूलाई प्रश्न गरिएको छ । गरिब निमुखा जनतालाई युद्धमा लगाई आफनो मात्र स्वार्थ किन ? भनी प्रश्न गरिएको छ । जनतालाई स्वतन्त्रता र समानताको नारा लगाई युद्धमा होमाएर आखिरमा उनीहरूमाथि नै कुनै वास्ता नगरिएको तितो यथार्थलाई कवि बोलीमा व्यक्त गरिएको छ ।

**बुलेट नम्बर पाँच** नेपाली, आर्थिक, राजनीतिक र सामाजिक घटनाक्रमलाई समेटिएको विचारप्रधान खण्डकाव्य हो । यसको कथावस्तु घटनामा तीव्र अगाडि बढेको छ । जेठो छोराको हत्या, कान्छो छोराको बेपत्ता, बाबुआमाको विजोग, बुहारीको स्वतस्फूर्त विद्रोह यस काव्यको कथावस्तु रहेको छ । यसरी खण्डकाव्यको कथानक सुरुदेखि अन्तसम्म नचुँडिएको कारणले आदि, मध्य र अन्त्यको सुगठित संरचना रहेको छ । यसको कथानक रैखिक ढाँचाको रहेको छ ।

### ५.३.४.४ पात्र

**बुलेट नम्बर पाँच** खण्डकाव्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रहेका पात्रहरू भवानी, सुन्दर, डम्बर र डम्बरका आमाबाबु, गोरे, मुख्यमन्त्री, सुधा भाट, राजेश्वरी पन्त, राजेश्वरीका छोराछोरी, लठैत, गाउँले, पुलिस, बुढाबुढी, युवक, भुरा, युवा र परिवर्तनका विरुद्ध देखिएका सरकारपक्षीय व्यक्तिहरू रहेका छन् । यस खण्डकाव्यकी मुख्य वक्ता पात्र भवानी हो भने सुन्दर र डम्बर पनि यस काव्यका नायक हुन् । परिवर्तन अगाडिका सरकार पक्षीय व्यक्तिहरू र मन्त्री यस काव्यका खलनायक हुन् । खण्डकाव्यको भूमिकामा देखिएका मुख्य पात्रहरूको चर्चा गरिएको छ ।

**क) भवानी**

भवानी यस खण्डकाव्यकी प्रमुख नारी पात्र हो । सम्बन्धका हिसाबले सुन्दरकी भाइबुहारी र डम्बरकी श्रीमती हो । आफ्ना जेठाजुको मृत्यु र पति डम्बरको वेपत्ता भएपछि आन्दोलित हुन पुगेकी नारीको प्रतिनिधित्व गर्ने पात्र हुन् । ग्रामीण जनजीवनमा हुर्केकी भवानी घटना सुनाउने पात्र हुन् । यसलाई पुष्टि गर्न कवि भन्दछन् :

भवानी भन्दै छिन् दुखद घटना त्यो समयका
गरिबीको आगो कलुषित व्यथा दुर्दमनका
कथा भन्दै गर्छिन् व्यथित मन उद्घोषण पनि
बकें साक्षीजस्तै कलम लिपिका साथ म पनि । (पृ. १)

पति डम्बर वेपत्ता भएपछि भवानी वेपत्ता पारिएका परिवारलाई मन्त्रीबाट सम्बोधन गरिने कार्यक्रममा सहभागी हुन पुग्दछिन् । त्यस कार्यक्रममा मन्त्रीले वेपत्ता पारिएका व्यक्तिका बारेमा सम्बोधन नगरी वेपत्ता पारिएका व्यक्तिका श्रीमतीलाई मजेत्रो बाँड्न थाल्दछ । त्यस घटनाबाट भवानी आक्रोशित हुन पुग्छिन् र मञ्चमै चढेर मजेत्रो कुचकाच गरेर फाली भाइकमा गएर मन्त्रीको विरोध गर्छिन्, सबैलाई मन्त्रीको विरुद्ध लाग्न आह्वान गर्छिन् ।

यसप्रकार भवानी ग्रामीण समुदायमा बस्ने द्वन्द्वपीडित नेपाली महिलाको प्रतिनिधित्व गर्ने एक निडर, साहसी र क्रान्तिकारी नारी पात्र हुन् ।

**ख) डम्बर**

डम्बर यस काव्यको नायक, प्रधान एवं केन्द्रीय चरित्र हो । ऊ गाउँका सामन्तीहरूद्वारा हत्या गराइएको युवक सुन्दरको सहोदर भाइ हो । दाजु सुन्दर सामन्त वर्गबाट मारिएकाले र समाजमा परिवर्तनका लागि विद्राहमा होमिँदा शत्रु वर्गले उसको हत्या गराएकाले उसमा विद्रोही स्वभाव देखिन्छ । यस कुराको जानकारी यी भनाइहरूबाट प्राप्त हुन्छ :

सोझा विपन्न र मानुष सर्वहारा
मिल्दैन राज्य तहबाट कुनै सहारा
शिक्षाबिना सकल जीवन अन्धकार
छन् रोग भोक सुनिँदैन कुनै गुहार
भन्ने अर्थ बुझेर निमुखा जनता समेट्न
दरिद्रय देश घरबाट सबै समेट्न
नौलो नयाँ मुलुकको इतिहास लेखन
मैले चुकेर अब हुन्न किमार्थ बस्न । (पृ. ३१)

दाजु सुन्दरको हत्या भएर, दाजुको विद्रोहको बाटो ठीक छ भन्ने अनुभूतिले उत्प्रेरणा पाएर, दाजुको हत्याको बदला लिन तथा समाजमा नभएका विभेदको

अन्त्य गर्न जरुरी ठानेर क्रान्तिमा होमिएको छ । क्रान्तिमा लाग्दा राजाबाट वेपत्ता पारिएको पत्र हो - डम्बर । यसको उदाहरण :

खुम्चेर बस्नु कतिसम्म सधैँ दबेर
मुर्दा समान नर जीवन बाँधिएर
सम्फेर दाइ मन जल्दछ भर्भराई
सङ्कल्प गर्छु पहरासित भिड्नलाई । (पृ. ३१)

डम्बर देश र समाजमा रहेको उत्पीडनलाई हटाई समुन्नत समाजको परिकल्पनामा लाग्ने एक कर्मठ पात्र हो । आफ्नो परिवारको खुसीभन्दा समग्र देशको खुसीलाई महत्त्व दिएर जनयुद्धको अगुवाइ गर्ने, समग्र आन्दोलनको नेतृत्व गर्ने मुख्य पात्र हो ।

**ग) सुन्दर**

सुन्दर यस काव्यको विद्रोही पात्र हो । सुन्दर पढेलेखेको वा कुनै दर्शनबाट दीक्षित भएको चरित्र होइन । समाजमा रहेका विभेद, आर्थिक असमानता, उत्पीडन जस्ता नकारात्मकताका विरुद्ध विद्रोह गर्न तम्सिन्छ । समाजलाई परिवर्तन गराई न्यायमूलक समाजको परिकल्पना गर्ने पात्रको रूपमा रहेको छ । गाउँघर र जङ्गल गर्दै हुर्किएको एक वीर पात्र रहेको छ । एक्लै रण जित्छ अनि कसैको साथ, सहयोग र सांगठनिक कार्यबिना अन्याय र अत्याचारको विरुद्ध लड्ने वीर तर अशिक्षित वर्गको प्रतिनिधित्व गर्ने पात्र हो सुन्दर । यसको उदाहरण :

कहाँ पढुन् सुन्दर राजनीति
के बुझ्नु साहित्य र शास्त्रनीति
पक्कै पढे दुईमनीय नीति
आफैँ बुझे गाउँ घुमी अनीति । (पृ. ७)

असमान सामाजिक संरचनामा जन्मिएर आफैँ भोग्दै, पर्दै र सिक्दै परिपक्व बनेको सुन्दर नेपाली जागरणको दीयो हो । सुन्दर नेपाली जनताको लागि आफ्नो ज्यान गुमाएको तर राज्यपक्षबाट कुनै चासो नदेखाइएको इतिहासको गर्भमा रहेको सहिद पात्र हो ।

**घ) गोरे**

गोरे यस खण्डकाव्यको सहायक पात्र हो । ग्रामीण समुदायमा हुर्केको सुन्दर र डम्बरको साथी हो । यसले सुन्दरको हत्या भएपछि बाबुआमालाई सम्झाउने काम गरेको छ । मानवीय सुखदु:ख भोगेको साथीलाई सहयोग गर्ने परोपकारी व्यक्तिका रूपमा रहेको छ । यति हुँदाहुँदै पनि सुन्दरको मृत्युबाट नयाँ क्रान्तिकारी व्यक्तिहरू जन्मने र परिवर्तन हुने आशावादी पात्र हो ।

**ङ) मुख्य मन्त्री**

मुख्य मन्त्री यस खण्डकाव्यको खलपात्र हो । ऊ युद्धकालीन समयको क्रान्तिकारी नेता हो । उसले राज्यसत्ताका विरुद्ध जनतालाई उराल्दै जनयुद्धको नेतृत्व गरेको थियो । शान्ति सम्झौतापछि सांसद हुँदै मन्त्री बन्न पुगेको उसमा क्रान्तिपूर्वका सत्ता पक्षका नेताहरूमा जस्तै किसिमको विचार रहेको छ । उसले चिल्ला भाषण गर्दै सहिद परिवारलाई मजेत्रो ओढाएर टार्न खोज्छ ।

मिठा भाषणैको सभा चल्न लाग्यो
उही मुख्य मन्त्री उठी बोल्न लाग्यो -
कसैका यहाँ आज छोरा हराए
र लोग्ने कसैले विपत्ता गराए

थियो द्वन्द्वको काल पर्छन् अवस्था
भुलौं दु:ख चिन्ता हुँदैछन् व्यवस्था
तपाईंहरूकै म सन्तान मान्नोस्
दिनोस् काम गर्नै पराई नठान्नोस् । (पृ. ४९)

जनतालाई चिल्ला कुराले मख्ख पार्न खोज्ने र आफूचाहिँ नयाँ राजा र नवसामन्त भई हिँड्ने पात्र हो । सर्वसाधारणको ठूलो भिडले भौतिक आक्रमण गरेपछि सुरक्षाकर्मीको सहायताले भाग्न सफल पात्र हो । मुख्य मन्त्रीमा परिवर्तन भए पनि राजनीतिक विचारमा परिवर्तन हुन नसकेको वर्गीय चरित्र हो ।

**च) अन्य पात्रहरू**

यस खण्डकाव्यमा सुन्दरकी आमा एक कुशल गृहिणी तथा छोराछोरी तथा श्रीमान्‌लाई माया गर्ने एक कर्तव्यनिष्ठ पात्रका रूपमा रहेकी छन् । सुन्दरको बाबु सुन्दरको हत्या पश्चात् डम्बरलाई युद्धमा नजान भन्ने र डम्बरसँगको संवादपछि क्रान्तिको समर्थन गर्ने पात्र हुन् । सुधा भाट र राजेश्वरी पन्त क्रान्तिका पक्षधर सहिद पात्र हुन् । गाउँले, बुढाबुढी, युवक, भुरा आदि गौण पात्र हुन् । यस खण्डकाव्यमा रहेका सामन्तवादी प्रवृत्ति भएका क्रान्तिपूर्वका सामन्तीहरू, परिवर्तनपछि बनेका मन्त्री र पुलिसहरू यस काव्यका खलनायकहरू हुन् ।

यसरी खण्डकाव्यमा सत् र असत् दुवैथरी पात्रहरूको विधान गरिएको छ । सुन्दर, भवानी, डम्बर, गोरे, बाबु, आमा, गाउँले, सुधा भाट, राजेश्वरी पन्त ग्रामीण नेपाली जनताको प्रतिनिधित्व गर्ने सत् पात्र हुन् भने सामन्तीहरू, मन्त्री, पुलिस असत् पात्र हुन् ।

## ५.३.४.५ भाषाशैली

भाषा माध्यम हो भने भाषालाई हिँडाउने ढाँचा शैली हो । अभिव्यक्त गर्ने व्यक्तिको आ-आफ्नै प्रकारको शैली हुन्छ । शैलीकै कारण कसैको अभिव्यक्ति साहित्यिक हुन्छ, कसैको हुँदैन । यहाँ प्रकाश चापागाईंको **बुलेट नम्बर पाँच** खण्डकाव्यभित्र रहेको शैलीको बारेमा उल्लेख गरिन्छ ।

**बुलेट नम्बर पाँच** सरल भाषामा सबैले सहजै बुझ्ने गरी रचना गरिएको खण्डकाव्य हो । पात्रका माध्यमबाट सम्पूर्ण घटना भन्न लगाई अभिव्यक्त गरिएको हुँदा यसको शैली वर्णनात्मक रहेको छ । प्राकृतिक चित्रण, गाउँका रोग, शोक र भोकको चित्रण, दीन दुःखी, अभावग्रस्त नागरिकको दयनीय स्थिति, जनताका पक्षमा नारा लगाई सत्तामा पुगेपछि जनतालाई कुल्चने नेपाली अलोकतान्त्रिक शासकीय व्यवस्थाको तितो यथार्थको चित्रण सरल, सहज भाषाशैलीमा गरिएको छ :

मियो छैन यो वासमा आश छैन,
छ फोक्सो चलेको त्यहाँ सास छैन ।
चुलो जल्न छाड्यो पिता गल्न थाले
र चिन्ता अगेना बनी बल्न थाले । (पृ. ४७)

सुन्दरको हत्या गर्न गरिएको आदेशमा पनि वणनात्मक शैली रहेको छ । यसको उदाहरण :

जाओ सबै एक भएर जाओ
चण्डाललाई सबले धपाओ
आँखा फुटाएर खसाल गेडी
निकाल आन्द्रा भुँडीभित्र छेडी । (पृ. ९)

काव्यमा कविताको भावलाई जीवन्त राख्न जनतामा रहेको विद्रोही भावलाई यसरी देखाइएको छ :

वाचा बन्धन्मा हामी बाँधिऔ अब जाग्दछौं
यै चिताका अगुल्टाले हत्यारा दुष्ट मार्दछौं
गोरेका दुइटै आँखा फिलिङ्गासरि देखिए
सल्क्यो हृदयमा आगो आँखा ज्वालामुखी भए । (पृ. १५)

काव्यमा नारी विद्रोह र नारी शक्तिको चित्रण पनि सुन्दर ढङ्गबाट गरिएको छ । जनतामाथि आलटाल गरी भुक्याउन खोज्ने जनप्रतिनिधिहरूमाथि नारीहरूले गरेको विद्रोह यसरी देखाइएको छ :

भयो मञ्चमा भीडको गोलमाल
र नारी पसे मञ्चमै भद्रगोल
उठ्यो मुख्यमन्त्री डराएर भाग्न
र नारी गए त्यो कठालो समात्न । (पृ. ५१)

काव्यमा कविले प्रकृतिको मानवीकरण गरेर मानिसको सुखदुःखमा समेत क्रिया-प्रतिक्रिया जनाएको दृश्य रहेको छ :

चिन्ता हुँदा फूल बिहान रुन्छ
हावा घुसी जङ्गलभित्र छुन्छ
बुट्यान छन् ती हरिया हुँदैनन्
वसन्तका पल्लव देखिँदैनन् । (पृ. १)

काव्यको पाँचौं सर्गमा बाबु र छोराबिचको संवादमा नाटकीय शैलीको प्रयोग देखिएको छ । दाजु सुन्दरको हत्याको बदला लिन भाइ डम्बर र उसको बाबुबिचको संवाद चलेको छ ।

यो काव्यमा विभिन्न छन्दको प्रयोग भएको छ । प्रत्येक सर्गको पहिलो र अन्तिम श्लोक शिखरिणी छन्दमा रहेको छ भने अन्य श्लोकहरू भुजङ्गप्रयात, शिखरिणी, उपजाति, शार्दूलविक्रीडित, अनुष्टुप्, वसन्ततिलका, मन्दाक्रान्ता लगायत दश छन्दमा यो काव्य रचिएको छ ।

**क) रस**

रस परिपाकका दृष्टिले **बुलेट नम्बर पाँच** खण्डकाव्य नवरसकै प्रयोग भए तापनि वीर, रौद्र, वीभत्स र शान्त रसको बढी प्रयोग भएको छ ।

**वीर रस :** उत्साह स्थायीभाव हुने रसलाई वीर रस भनिन्छ । वीररसको उदाहरण :

अर्पेर यो ज्यान गुमाउँला भैँ
निसारमा सार समाउँला भैँ
सिद्धिन्छु वा बाँच्छु बचाउँला भैँ
यो गाउँको ओँठ हसाउँला भै । (पृ. ५)

यसको अर्को उदाहरण :

बूढाबूढी युवक र भुरा जम्जमाएर घेर्दै
अत्याचारी दमन बदला निम्ति आह्वान गर्दै
नारी आए नगर परका लोक उल्ट्यो तमाम
कल्ले रोक्ने जन सलहभैँ देखिए लामलाम । (पृ. ५३)

यसरी यस काव्यमा वीर रसको राम्रो प्रयोग भएको पाइन्छ ।

**वीभत्स रस :** घृणा स्थायीभाव हुने रसलाई वीभत्स रस भनिन्छ । वीभत्स रसको उदाहरण :

अनुहार दबेको र छियाछिया छ भन मुख
आँखा पिचिक्क छन् छैनन् हात दुवै त्यहाँ
जाँघको भाग मात्रै छ हैछन् गोडाहरू त्यहाँ । (पृ. १४)

यस काव्यमा वीभत्स रसको राम्रो प्रयोग भएको पाइन्छ ।

**रौद्र रस :** क्रोध स्थायीभाव हुने रसलाई रौद्र रस भनिन्छ । यसको उदाहरण :

म सङ्कल्प गर्दछु यै मञ्चबाट
छुट्यो चैत्रको यो डढेलो मबाट
म फोस्नेछु राँको उडाई खरानी
छली धूर्तको राज्य बाल्छे भवानी

यसरी ठाउँठाउँमा रौद्र रसको प्रयोग भएको छ ।

**शान्त रस :** सम वा शान्ति स्थायीभाव हुने रसलाई शान्त रस भनिन्छ । यसको उदाहरण :

यो भाग्यरेखा पशुसाथ मिल्छ
सामान्यझैँ जन्मिनु मर्नु हुन्छ
आसा गरी दैनिक देवतामा
मान्छे थिए आदिम चेतनामा ।

यसरी यस खण्डकाव्यमा विभिन्न रसहरूको प्रयोग भएको छ ।

यस खण्डकाव्यमा नवरसकै प्रयोग भए तापनि मुख्य रूपमा वीर, रौद्र र वीभत्स रसको प्रयोग भएको छ भने कतैकतै शान्त रस पनि पाउन सकिन्छ । मुख्य रूपमा यस काव्यमा वीर रस रहेको छ ।

### ख) अलङ्कार

अलङ्कारको अर्थ सजाउनु हो र कविताको सौन्दर्यको लागि अलङ्कार आवश्यक देखिन्छ । अलङ्कार काव्यको शोभाकारक तत्त्व हो । कविताको सौन्दर्य अभिवृद्धि गर्ने भूमिकाका आधारमा अलङ्कार दुई किसिमको हुन्छ - शब्दालङ्कार र अर्थालङ्कार । शब्दमा चमत्कृति प्रदान गर्नेलाई अर्थालङ्कार भनिन्छ भने चमत्कार हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । प्रस्तुत काव्यमा उपमा, रूपक, दृष्टान्त आदि अलङ्कारको प्रयोग भएको पाइन्ड्कारको प्रयोग भएको पाइन्छ ।

### अ) रूपक अलङ्कार

एक वस्तुका रूपको अर्को वस्तुसँग आरोप गरेर दुवैमा एकरूपता स्थापित गरिन्छ भने त्यहाँ रूपक अलङ्कार हुन्छ (अर्याल र अन्य, २०६३ : ५२) । रूपक अलङ्कारको प्रयोग यसरी भएको छ :

भवानी भन्दै छिन् दुखद घटना त्यो समयका

गरिबीको आगो कलुषित व्यथा दर्दमनका

कथा भन्दै गर्छिन् व्यथित मन अद्घोषण पनि

बकें साक्षीजस्तै कलम लिपिका साथ म पनि । (पृ. १)

'गरिबीको आगो' शब्दले गरिबरूपी आगो भन्ने बुझाएको छ । यहाँ गरिबी उपमानलाई आगो उपमेयका साथमा अभेद आरोप गरिएकाले रूपक अलङ्कार छ ।

**आ) उपमा अलङ्कार**

उपमान र उयपमेयको समान धर्मका आधारमा दुई वस्तुका बिच भिन्नता भए पनि समानता स्थापित गरिन्छ भने त्यहाँ उपमा अलङ्कार हुन्छ (अर्याल र अन्य, २०६३ : ५२) । यस काव्यमा उपमा अलङ्कारको प्रयोग यसरी गरिएको छ :

चिन्ता हुँदा फूल बिहान रुन्छ

हावा घुसी जङ्गलभित्र रुन्छ । (पृ. १)

**इ) अर्थन्तरन्यास अलङ्कार**

अघिल्लो वाक्यको समर्थन पछिल्लो वाक्यले गर्दछ भने अर्थन्तरन्यास अलङ्कार हुन्छ । यसको उदाहरण :

खोज्दैछ यो फोड्न पहाडलाई

फुट्दैन ढिस्को कुहिनो बजाई । (पृ. ८)

यहाँ अघिल्लो वाक्यको समर्थन पछिल्लो वाक्यले गरेको हुँदा अर्थन्तरन्यास अलङ्कार हो ।

**ई) दृष्टान्त अलङ्कार**

नैतिक उपदेश, आचार विचार, सामाजिक मूल्यमान्यता तथा ज्ञानवर्द्धक कुराहरू अभिव्यक्त गर्ने अलङ्कारलाई दृष्टान्त अलङ्कार भनिन्छ । यस काव्यमा दृष्टान्त अलङ्कारको प्रयोग भएको छ । यसको उदाहरण :

हज्जारौं कमिला मिलेर सजिलै मार्छन् फट्याङ्ग्राहरू

सोही ज्ञान लिई बढौं अघि बढौं रोक्ने यहाँ को अरू । (पृ. ४४)

यी बाहेक अन्य अलङ्कारहरूको उदाहरण :

प्रस्तुत श्लोकमा एकताको दृष्टान्तका रूपमा कमिलाको एकतालाई उदाहरण स्वरूप प्रस्तुत गरिएको छ ।

**उत्प्रेक्षा अलङ्कार**

चर्खा घुमेझैँ पृथिवी घुमीरह्यो

आकाशको चन्द्र खस्यो कि झैँ भयो । (पृ. १७)

**अर्थान्तरन्यास अलङ्कार**

सिकार जो खान्छ सिकार खेल्छ

सिकारमै रम्छ सिकार घेर्छ

तिघ्रा ठटाएर हजार बार

गर्दैन है काँतरले सिकार । (पृ. ७)

**यम अलङ्कार**

आमा कठै ! व्याकुल शोकमग्न छिन्

पानीविनाकी जलजीवझौ भइन् । (पृ. १७)

यसरी यस खण्डकाव्यमा विभिन्न अलङ्कारको प्रयोग भएको पाइन्छ । नारीपात्र भवानी (डम्बरकी श्रीमती) लाई मुख्यपात्र बनाई रचना गरिएको यस खण्डकाव्इमा विभिन्न विद्रोह र आन्दोलनबाट मुक्ति भएको भनिए तापनि नागरिकको जीवनमा कुनै परिवर्तन आउन नसकेको घटनाक्रमलाई मुख्य विषयवस्तु बनाई रचना गरिएको यस खण्डकाव्य सरल, सहज र बोधगम्य भाषाको प्रयोग गरी सबैको मन छुनसक्ने रहेको छ ।

**ग) छन्द/लय**

कविता ध्वन्यात्मक आरोह-अवरोहको स्थितिबाट लयको उत्पादन हुन्छ । लयले नै कवितालाई साङ्गीतिक बनाउँछ । कवितामा हुने विशिष्ट भाषिक विन्यासबाट लयको उत्पत्ति हुन्छ । यस **बुलेट नम्बर पाँच** खण्डकाव्य शास्त्रीय छन्दमा रचना गरिएको हुनाले छन्द र अनुप्रासको कारणले गेयात्मक लयको सिर्जना भएको छ ।

कविता-काव्यको भाषा लयात्मक हुनुपर्छ । **बुलेट नम्बर पाँच** खण्डकाव्य विभिन्न दश शास्त्रीय छन्दमा बाँधिएको लयात्मक, गेयात्मक खण्डकाव्य हो । यसमा प्रत्येक सर्गको आरम्भ र अन्त्यमा एउटा शिखरिणी छन्दको प्रयोग गरिएको छ । दश सर्गमा संरचित यस काव्यमा दशवटै शास्त्रीय छन्दमा आबद्ध श्लोक रहेका छन् । यस खण्डकाव्यमा प्रयुक्त छन्दलाई यसरी प्रयोग गरिएको छ ।

| छन्दगत श्लोक सङ्ख्या | |
|---|---|
| शार्दूलविक्रीडित | ५७ |
| इन्द्रबज्रा | ७४ |
| उपेन्द्रबज्रा | ५६ |
| उपजाति | २५ |
| अनुष्टुप | ४६ |
| शिखरिणी | २० |
| इन्द्रवंशा | ४८ |
| वसन्ततिलका | ३० |
| भुजङ्गप्रयात | २९ |
| मन्दाक्रान्ता | २४ |

यसरी विभिन्न छन्द र अनुप्रासका कारण **बुलेट नम्बर पाँच** खण्डकाव्यमा गेयात्मकता समेत रहेको छ ।

### ५.३.४.६ प्रबन्धन

**बुलेट नम्बर पाँच** खण्डजीवन प्रस्तुत गर्ने प्रबन्धकाव्य भएकोले यसमा अनुभूतिको प्रबन्धन गरिएको छ । अनुभूतिलाई आख्यानीकरण गरेर प्रस्तुत गरिएकाले यसमा उचित र। प्रभावकारी आख्यानीकरण पाइन्छ । काव्यको आरम्भमा नै कवि चापागाईंले *बुलेटबाट सिर्जना हुने पीडा र काव्यको जन्म* शीर्षकमा यो खण्डकाव्य लेख्नुको कारण र शीर्षक सार्थकताका बारेमा प्रकाश पारेका छन् । भूमिका र आत्मोक्ति बाहेक यो काव्य ६३ पृष्ठको रहेको छ । सर्गहरू कुनै नाम नराखेर एक, दुई गरी अङ्कको प्रयोग गरिएका दश सर्गहरू रहेका छन् । पहिलो सर्ग पृ. १-६ सम्म जम्मा २५ श्लोकको रहेको छ । दोस्रो सर्ग पृ. ७-११

सम्म जम्मा २६ श्लोकको रहेको छ । सर्ग तीन पृ. १२-१६ सम्म जम्मा प्रथम र अन्तिम दुईवटा चतुष्पदी र अन्य दुई पदी ४६ श्लोकहरू रहेका छन् । चौथो सर्गमा पृ. १७-२८ सम्म ५७ श्लोकहरू रहेका छन् । पाँचौं सर्ग पृ. २९-३४ सम्म जम्मा ३२ श्लोकहरू रहेका छन् । छैठौं सर्ग पृ. २५-४० सम्म जम्मा ३४ श्लोकहरू रहेका छन् । सातौं सर्गमा पृ. ४१-४६ सम्म ३४ श्लोकहरू रहेका छन् । आठौं सर्गमा पृ. ४७-५२ सम्म ३१ श्लोकहरू रहेका छन् । नवौं सर्गमा पृ. ५३-५० सम्म २६ श्लोकहरू रहेका छन् । दशौं सर्गमा पृ. ५९-६३ सम्म २६ श्लोकहरू रहेका छन् । यसरी यो खण्डकाव्यमा दश सर्ग ६३ पृष्ठ र ३४९ श्लोक संरचनाले बनेको छ । प्रत्येक सर्गको पहिलो र अन्तिम श्लोक शिखरिणी छन्दमा रहेको छ भने अन्य श्लोकहरू शिखरिणी, उपजाति, शार्दूलविक्रीडित, अनुष्टुप, वसन्ततिलका, मन्दाक्रान्ता लगायत १० छन्दमा यो काव्य रहेको छ ।

### ५.३.४.७ उद्देश्य

**बुलेट नम्बर पाँच** खण्डकाव्यमा प्रगतिवादीता देखिन्छ । नेपाली राजनीतिमा पछिल्लो समयमा सामाजिक, आर्थिक र वैचारिक अवस्थामा देखापरेका सन्दर्भहरूलाई यस काव्यमा विश्लेषण गरिएको छ । नेपाली राजनीतिक इतिहासको पहिलो बन्दुक २००७ सालमा उठ्यो । दोस्रो २०१८ मा पञ्चायत विरुद्ध उठ्यो । तेस्रो २०३६ सालमा, चौथो २०४६ सालमा र पाँचौं चाहिँ २०५२ मा उठ्यो । यी उठेका बन्दुक बेकारमा उठेको ठहर कविको रहेको छ ।

यस काव्यमा नेपालको राजनीतिक अवस्था, सामाजिक अवस्था र सैद्धान्तिक विचलन रहेको छ । जतिसुकै राजनैतिक फड्को मारिएको भनिए तापनि नागरिकको अवस्था दिनानुदिन झन दयनीय बन्दै गएको तीतो यथार्थलाई देखाई नागरिकको भावना बुझिनुपर्ने अभिव्यक्ति कविको रहेको छ ।

यस काव्यको मूल भाव हत्या, हिंसा, आतङ्क, युद्ध, विध्वंस, मृत्युको विरद्ध र जीवनको निम्ति रहेको छ । आस्था धर्मराएको, विश्वास भत्किएको, विचारको बल निर्बल भएको, स्वार्थ मौलाएको, सपनाहरू तुहिन लागेको वर्तमान नेपाली सन्दर्भमा उभिएर सुखी, सम्पन्न र समृद्ध सामाजिक जीवन र समुन्नत राष्ट्रको परिकल्पना गरिएको छ । जनतालाई

झुक्याएर अँध्यारोतिर धकेल्ने वर्तमान क्षतविक्षत अवस्थाको चित्रण गरी अनैतिक कर्मप्रति नैतिक प्रश्न उठाइएको छ । देश र जनताको जीवनलाई सुखी, सुन्दर, न्यायोचित र मानवीय तुल्याउनका लागि आफूले काव्यिक साधना गरेको सङ्केत कविले गरेका छन् । देशभक्ति र क्रान्तिकारी प्रसङ्गमा बोल्ने अवसर मिल्नासाथ कहिले आफै वक्ता बनेर र कहिले पात्रलाई वक्ता बनाएर काव्यमा कविले आफ्ना कुराहरू व्यक्त गरेका छन् ।

## ५.३.४.८ मूल्याङ्कन/निष्कर्ष

**बुलेट नम्बर पाँच** कवि चापागाईको काव्य यात्राको उत्तरार्द्ध चरणको एउटा महत्त्वपूर्ण रचना हो । विभिन्न समयमा भएको राजनैतिक परिवर्तन र परिवर्तनका क्रममा भएका हिंसात्मक दमन, प्रतिरोध र गोलीलाई लिएर यस काव्यको शीर्षक रहेको छ । वर्गीय द्वन्द्वलाई आधार बनाएर रचना गरिएको काव्य ६३ पृष्ठमा संरचित छ । यस काव्यका नायक अशिक्षित तथा अपठित भए तापनि समाज परिवर्तनको महान कार्यमा होमिएर वीरगति प्राप्त गरेका छन् । काव्यमा सम्पूर्ण घटना नारीपात्र भवानीको मुखबाट अभिव्यक्त गरिएको छ । यस काव्यमा वर्तमान नेपाली राजनीतिक परिवेशको चित्रण गरिएको छ । लाखौं नेपालीको मनको आवाज बोलेको छ । विगतको कहालीलाग्दो अवस्थाको चित्रण गरी समाज सुधारको अपेक्षा गरिएको छ । विचार र व्यवहार, गराई र भनाई, घोषणापत्र र कार्यान्वयन तथा लक्ष्य र जीवनशैलीमा विकराल असमानता रहेको कारणले यसमा समानता होस् भन्ने चाहना कविको रहेको छ । काव्यमा शिखरिणी, उपजाति, अनुष्टुप, वसन्ततिलका, शार्दूलविक्रिडित, भुजङ्गप्रयात, मन्दाक्रान्ता, वंशस्थ छन्दको प्रयोग गरिएको छ । रसका दृष्टिले वीर, वीभत्स, करुण र शान्त रसको प्रयोग भएको छ । अलङ्कारका दृष्टिले अलङ्कारको राम्रो प्रयोग भएको पाइन्छ । यसरी २०५२ सालमा तत्कालीन नेकपा माओवादीद्वारा चलाइएको जनयुद्ध र परिवर्तन पश्चात नेपाली राजनीतिमा रहेको सत्तामोहलाई यस एकाङ्कीको मूल विषय बनाइएको छ । सहिदका सपना पुरा हुन नसकेको सत्यलाई देखाई सामाजिक व्यवस्थामा सुधारको अपेक्षा गरिएको छ । समग्रमा भन्दा यो काव्य चापागाईको काव्ययात्राको दोस्रो चरणको महत्त्वपूर्ण काव्यकृति हो ।

# परिच्छेद : छ

# उपसंहार

# परिच्छेद : छ

# उपसंहार

## ६.१ सारसङ्क्षेप

यस परिच्छेदमा प्रकाश चापागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनको सन्दर्भमा अघिल्ला परिच्छेदमा गरिएका अध्ययनहरूको परिच्छेदगत निष्कर्ष र समग्र निष्कर्ष दिई सङ्क्षिप्त रूपमा मूल्याङ्कन समेत गरिएको छ ।

**पहिलो परिच्छेद :** शोधपरिचयसित सम्बन्धित छ । यसमा विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधविधि र शोधपत्रको रूपरेखासमेत उल्लेख गरिएको छ । यो परिच्छेद शोधको परिचय प्रस्तुत गर्नमा नै केन्द्रित रहेको छ ।

**दोस्रो परिच्छेद :** साहित्यकार प्रकाश चापागाईंको जीवनीसँग सम्बन्धित छ । यो खण्ड चापागाईंको चिनारी खण्ड हो । यस खण्डमा विषय प्रवेश, जन्म र जन्मस्थान, वंश परम्परा, बाल्यकाल, उपनयन, शिक्षादीक्षा, वैवाहिक र पारिवारिक स्थिति, आर्थिक अवस्था र पेशा, लेखन प्रेरणा र प्रभाव, सामाजिक क्षेत्रमा संलग्नता र कार्य, राजनैतिक क्षेत्रमा संलग्नता, रुचि तथा स्वभाव, अविस्मरणीय घटना, सम्मान तथा पुरस्कार, यात्रा तथा भ्रमण उल्लेख गरिएको छ । प्रकाश चापागाईंको जीवनी अनुकरणीय रहेको पाइन्छ । चितवनको गीतानगरमा जन्मेका चापागाईं अरुणोदय मा.वि.बाट एस.एल.सी. उत्तीर्ण गरेपछि वीरेन्द्र बहुमुखी क्याम्पसमा स्नातकसम्मको अध्ययन गरे । बाल्यावस्थादेखि नै अनेकौं सङ्घर्ष गर्दै, जागिर खाँदै, अध्ययन गर्दै आफ्नो लक्ष्यबाट विचलित नभई उनी समाज, देश र जनताकै पक्षमा सिर्जनात्मक कार्य गर्ने व्यक्तिका रूपमा चिनिँदै आएका छन् । जस्तोसुकै सङ्घर्षपूर्ण अवस्थामा पनि साहित्य सिर्जनात्मक निरन्तरता र उन्नति गर्दै आएका चापागाईंको जीवनीलाई मूल्याङ्कन गर्दा उनको जीवन परिश्रमी र सङ्घर्षशील रहेको देखिन्छ ।

**तेस्रो परिच्छेद :** साहित्यकार प्रकाश चापागाईंको व्यक्तित्वसित सम्बन्धित छ । उनमा आन्तरिक र बाह्य दुवै व्यक्तित्व देखापर्छ । आन्तरिक व्यक्तित्व साहित्यिक र बाह्य साहित्येतर क्षेत्रमा फैलिएको छ । उनी अन्तरमुखी स्वभाव भएका व्यक्ति हुन् । उनको साहित्यिक व्यक्तित्वमा कवि, नाटककार, गीतकार, समीक्षात्मक लेखक, सम्पादक तथा प्रकाशक व्यक्तित्वको रूपमा चिनिएको छ । साहित्येतर व्यक्तित्वमध्ये सामाजिक व्यक्तित्व शिक्षक तथा प्रशासनिक र राजनैतिक व्यक्तित्वको उल्लेख गरिएको छ । यसै उनी एक व्यक्तित्वमा रूपमा लिइएको छ । अन्तमा निष्कर्ष दिइएको छ ।

**चौथो परिच्छेद :** प्रकाश चापागाईको साहित्य यात्रा र चरण विभाजनसित सम्बन्धित छ । यस खण्डमा प्रकाश चापागाईका कृतिहरू तथा यी कृतिहरूमा पाइने प्रवृत्तिका आधारमा उनको साहित्य यात्रालाई पूर्वार्ध चरण (२०३७-२०६६) र उत्तरार्ध चरण (२०६७-वर्तमानसम्म) गरी दुई भागमा विभाजन गरी अध्ययन गरिएको छ । यस खण्डमा उनका कृतिहरू अध्ययन गरी पूर्वार्ध चरण र उत्तरार्द्ध चरणहरूका प्रवृत्तिको उल्लेख गरिएको छ र अन्तमा निष्कर्ष दिइएको छ ।

**पाँचौं परिच्छेद :** प्रकाश चापागाईका कृतिहरूको अध्ययन गरिएको छ । उनको पहिलो कृति **बदला** (२०४०) सालमा प्रकाशित एकाङ्की नाटक हो । यस एकाङ्कीलाई एकाङ्की तत्त्वका आधारमा विवेचना गरिएको छ । यो एकाङ्कीमा वर्गीय द्वन्द्व देखाई सामान्य वर्गलाई सङ्गठित हुने सन्देश दिँदै सधैँ सत्यको जित हुन्छ भन्ने देखाइएको छ । चापागाईंको मान्छेलाई मानवीय काम गर्न, असल र सहयोगी बन्न तथा आशावाली छन् अभिप्रेरित गरेका छन् ।

प्रकाश चापागाईंको दोस्रो कृति **आँखाभरि** (२०६७) हो । ५६ पृष्ठमा संरचित यो काव्य शोककाव्य हो । यस कृतिलाई तत्त्वगत आधारमा विवेचना गरिएको छ । यस कथामा आफ्नी सहधर्मिणी सीताको निधनबाट कविमन मर्माहत भएर बगेका भावहरू रहेका छन् । यस कृतिमा खारिएका, माझिएका शब्दचयन गरिएको छ । ग्रामीण परिवेशको प्रकृति चित्रण गर्नुका साथै सामाजिक मूल्य र मान्यतालाई चित्रण गरिएको छ । यस रचनामा मानवीय मूल्य र अस्तित्वको खोजी गर्दै मान्छेलाई आशावादी तथा जीवनवादी बन्न उत्प्रेरित गरिएको छ ।

चापागाईंको तेस्रो कृति **बुलेट नम्बर पाँच** खण्डकाव्य (२०७०) सालमा प्रकाशित भएको हो । त्रिसठ्ठी पृष्ठमा संरचित यस कृतिमा दश परिच्छेद रहेका छन् । यस कृतिलाई भाषागत प्रस्तुति, समसामयिक विषयवस्तु समेटेर मन र मस्तिष्कले पढ्न सकिने, बौद्धिक, स्तरीय र उत्कृष्ट रचनाको रूपमा लिइन्छ । यसमा विशेषतः विभिन्न समयमा भएका राजनैतिक आन्दोलनहरू निरर्थक रहेको चित्रहरू प्रतिबिम्बित रहेको पाइन्छ । यस काव्यमा व्यङ्ग्यात्मक, रोचक, बौद्धिक, स्तरीय, सुपाच्य, प्रतीकात्मक र बिम्बका सजावटले सुन्दर र उच्चकोटिका रहेका पाइन्छन् ।

**छैठौं परिच्छेद :** साहित्यकार प्रकाश चापागाईंको कृति तथा कृतिमा पाइने प्रवृत्तिका आधारमा उनको साहित्यिक यात्रा पूर्वार्ध चरण (२०३७-२०६६) र उत्तरार्ध चरण (२०६७-वर्तमान) गरी दुई कालखण्डमा विभाजित हुन्छ । प्रकाशित पुस्तकाकार कृतिहरूमध्ये **बदला** (२०४०) एकाङ्की उनको पूर्वार्ध चरणको कृति हो भने **आँखाभरि** (२०६७) र **बुलेट नम्बर पाँच** (२०७०) उत्तरार्ध चरणको खण्डकाव्य कृति हो । यिनका पूर्वार्धका रचनाभन्दा उत्तरार्धका परिष्कृत तथा परिमार्जित छ । समग्रमा उनका कृतिहरू सरल, व्यङ्ग्यात्मक, बौद्धिक, स्तरीय, सुपाच्य, प्रतीकात्मक र उच्चकोटिका रहेका पाइन्छन् ।

## ६.२ समग्र निष्कर्ष

प्रकाश चापागाईं नेपाली साहित्यमा कवि र नाटककारका रूपमा परिचित छन् । प्रकाश चापागाईं बहुमुखी प्रतिभाका धनी व्यक्ति हुन् । उनले कविता, नाटक, गीत, विभिन्न लेख-रचना, पुस्तकहरू सम्पादन तथा प्रकाशन गरेक छन् । समसामयिकतामा यथार्थको खोजी र परिवर्तनको चाहना बोकेका रचनाहरूले प्रगतिवादी स्रष्टाका रूपमा यिनलाई उभ्याइएको छ । पीडा, वेदना, दैनिक जीवनमा भोग्नु परेको समस्या र तिनको समाधानमा सचेत रहेको पाइन्छ । रचनाको आकार सानो भए पनि व्यापकता र पूर्ण संसार अटाउने काव्य रचना गर्ने साहित्यकार हुन्  लेखन प्रेरणा तथा प्रारम्भिक प्रभाव आफ्नो सहोदर दाजु कवि चेतकान्त चापागाईंबाट परेको देखिन्छ भने कृतिगत प्रभाव माधव घिमिरेबाट परेको पाइन्छ । साहित्य साधनामा लामो समय पार गरिसकेका प्रकाश चापागाईंका हालसम्म **बदला** (२०४०), **आँखाभरि** (२०६७), **बुलेट नम्बर पाँच** (२०७०) प्रकाशन भएका छन् ।

प्रकाश चापागाईंको जन्म २०१८ साल माघ १५ गतेका दिन चितवन जिल्ला, गीतानगर गा.वि.स. वडा नं. ३, पृथ्वीनगरमा बुबा गजाधर चापागाईं तथा माता डिकुरीदेवी चापागाईंको कोखबाट भएको थियो । उनको जन्म निम्न मध्यमवर्गीय परिवारमा भएको थियो । २०२५ बाट अरुणोदय मा.वि. गीतानगरमा औपचारिक शिक्षा सुरु गरेका उनले २०३७ मा एस.एल.सी. उत्तीर्ण गरे । २०४१ मा वीरेन्द्र बहुमुखी क्याम्पसबाट आइ.ए. उत्तीर्ण गरी सोही क्याम्पसमा वी.ए. सम्मको अध्ययनसम्म औपचारिक शिक्षा रहेको छ ।

प्रकाश चापागाईंको २०३१ साल फागुन ४ गते तेह्र वर्षको उमेरमा धार्मिक संस्कार अनुसार चूडाकर्म भएको थियो । चापागाईंको २०४३ सालमा पृथ्वीनगर वडा नं. ३ मा जन्मेकी सीता पौडेलसँग विवाह भएको थियो । उनका दुई छोरा प्रवेश र निषेध रहेका छन् । २०६४ जेठ १४ गते क्यान्सर रोगको कारणबाट सीताको निधन भएपछि २०६६ वैशाख १० गते सुजाता आचार्यसँग दोस्रो विवाह गरे । २०४० मा राष्ट्रिय प्रा.वि. माझगाउँमा शिक्षक, २०४१ मा उज्ज्वल नि.मा.वि. मा शिक्षक, २०४४ मा वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा हेड असिस्टेन्ट, भई जागिरे जीवन बिताएका थिए भने २०५६ मा वीरेन्द्र क्याम्पस गेटमा 'सयपत्री वस्त्रालय' खोली व्यापारिक जीवन बिताएका थिए । प्रकाश चापागाईं विभिन्न समयमा विभिन्न सामाजिक तथा राजनैतिक क्षेत्रमा संलग्न भई सेवा गर्दै आएका छन् ।

प्रकाश चापागाईं लेखन पश्चात् प्रकाशनको हतार गर्नुभन्दा त्यसलाई परिष्कार गर्न चाहन्न अर्थात् कृति प्रकाशनमा हतार नगर्ने साहित्यकार हुन् । पारिवारिक जीवनचक्रमा धेरै उतारचढाव आए तापनि त्यसको सामना गर्नसक्ने, सुखमा नमात्तिने, दुःखमा नआत्तिने एक धैर्यवान व्यक्ति रहेका छन् । दीनदुःखीलाई सहयोग गर्ने, सामाजिक कार्यमा चासो राख्ने, विभिन्न साहित्यिक तथा राजनैतिक कार्यक्रममा सहभागी हुने र कहीँ कतै जाँदा कुनै वस्तु तथा चिजले मनलाई छोयो भने त्यसलाई कविताको भाव दिने र फुर्सदको समयमा घरको काम सघाउने गर्दछन् ।

सानै उमेरदेखि कवितामा रुचि राख्ने प्रकाश चापागाईंले विद्यार्थी जीवनमा नै कविता लेखन गरी वाचन गर्ने गर्दथे । सानै उमेरदेखि कविता रचना गरेको भए तापनि चापागाईंको पहिलो प्रकाशित कविता *उठौं उठौं नेपाली दाजुभाइ* (२०३७, प्रकाशपुञ्ज) हो । चापागाईंका प्रारम्भिक कालदेखिका रचना सबै पद्य ढाँचामा अर्थात् वर्णमात्रिक छन्दमा रहेको पाइन्छ । चापागाईं कवितामा लयको आवश्यकता हुन्छ र त्यसलाई साकार पार्न वर्णमात्रिक छन्दको आवश्यकता पर्दछ भन्दछन् ।

चापागाईंका साहित्यिक रचनालाई अध्ययन गर्दा उनको साहित्य यात्रालाई पूर्वार्ध चरण २०३७ देखि २०६६ सम्म र उत्तरार्ध चरण २०६७ देखि वर्तमानसम्म गरी दुई चरणमा विभाजन गर्न सकिन्छ ।

चापागाईंको पहिलो प्रकाशित एकाङ्की नाटक वि.सं २०४० को **बदला** हो । यस एकाङ्कीमार्फत् प्रकाश चापागाईंले समाजमा वर्गीय विभेद रहेको देखाउँदै सामाजिक क्रान्तिबाट परिवर्तन हुने कुरा देखाएका छन् । अधिकार मागेर कसैले दिनेकुरा होइन खोसेर भए पनि लिनुपर्छ, अन्यायलाई सहनाले निर्धो भइन्छ, त्यसैले विभेदको अन्त्य गर्नुपर्दछ भन्दै यिनले आफ्नो एकाङ्कीमा समाजवादी तथा प्रगतिवादी चेतना प्रस्तुत गरेका छन् ।

**बदला** पश्चात् प्रकाशित चापागाईंको प्रकाशित रचना **आँखाभरि** (२०६७) हो । यो कृति आफ्नी धर्मपत्नी सीताको निधनमा मर्माहत भएर रचना गरिएको शोककाव्य हो । यो काव्यको विषयवस्तु नितान्त व्यक्तिगत भए तापनि मृत्यु अवश्यम्भावी छ । यो जोसुकैलाई पनि पर्न सक्छ त्यसैले व्यक्तिगत घटनालाई पनि सार्वजनिक बनाई प्रस्तुत गर्न सक्नु चापागाईंको खुबी मान्न सकिन्छ । गुणात्मकताका दृष्टिले माधव घिमिरेको **गौरी** शोककाव्य सहधर्मी काव्य बन्न पुगेको छ । यही शोककाव्यबाट प्रकाश चापागाईंको कविव्यक्तिले उचाइ छुन पुगेको छ ।

चापागाईंको तेस्रो प्रकाशित पुस्तकाकार कृति **बुलेट नम्बर पाँच** (२०७०) रहेको छ । यो कृति नेपाली समाजमा विभिन्न समयमा जनताबाट ठूलाठूला परिवर्तनहरू भएको तर त्यस परिवर्तनबाट पनि जनताको परिवर्तनको चाहना पुरा नभएको र त्यस्तै माओवादी जनयुद्धबाट पनि जनतामा कुनै परिवर्तन नआएको वर्तमान नेपाली समाजको तीतोसत्यलाई उद्घाटन गरिएको छ । परिवर्तनका लागि जनताले सधैँ बली हुनु परेको देखाइएको छ । विभिन्न समयमा भएका आन्दोलनलाई बुलेट नम्बर मानी २०५२ बाट सुरु भएको माओवादी जनयुद्धलाई कविले **बुलेट नम्बर पाँच** मानेका छन् । दश किसिमका वर्णमात्रिक छन्दमा दश काव्यको रचना भएको छ । विभिन्न समयमा भएका आन्दोलन निरर्थक भएको भन्दै परिवर्तनमाथि आन्दोलनको अपेक्षा गरिएको छ । काव्यमा कविको प्रगतिवादी स्वर मुखरित भएको छ ।

कवि तथा एकाङ्कीकार चापागाईंका रचनामा सामाजिक विकृति-विसङ्गतिको आलोचना, मानवतावादी चेतना, जीवनप्रति आशावादी दृष्टिकोण, प्रकृतिप्रेम, विरह एवम्

व्यथाका अनुभूतिहरू, भ्रष्टा राजनैतिक नेतृत्वमाथि तीव्र आक्रमण, अकर्मण्य नेतृत्वको आलोचना पाइन्छ ।

यसरी प्रकाश चापागाईंले नाटक र कवितालाई आफ्नो कर्मथलो बनाएका छन् । परिमाणात्मकताभन्दा गुणात्मकता उनको साहित्यिक धर्म हो । भाषिक सरलता तथा सहजता उनको मूलभूत भाषिक विशेषता हो । साथै कवितामा लयबद्धता र वर्णमात्रिक छन्दको प्रयोग उनका रचनामा रहेको छ । पात्रअनुकूल भाषाको प्रयोग, सरल एवम् कोमल शब्दचयन गर्दै प्रभावकारी शैलीका माध्यमले विषयको प्रस्तुति दिन उनका साहित्यिक रचना सक्षम देखिन्छन् । सामाजिक विकृति र विसङ्गतिको तीव्र आलोचना गरी न्यायमूलक समुन्नत समाजको निर्माण चापागाईंको मूलभूत साहित्यिक विशेषता हो ।

# सम्भावित शोधशीर्षकहरू

१. प्रकाश चापागाईका खण्डकाव्यहरूको अध्ययन ।

२. प्रकाश चापागाईका एकाङ्कीहरूको अध्ययन ।

३. विधातत्त्वका आधारमा **बुलेट नम्बर पाँच** खण्डकाव्यको अध्ययन ।

४. प्रकाश चापागाईका खण्डकाव्य र एकाङ्की नाटकको अध्ययन ।

५. **बुलेट नम्बर पाँच** खण्डकाव्यमा द्वन्द्वविधान ।

६. विधातत्त्वका आधारमा **आँखाभरि** शोककाव्यको अध्ययन ।

# परिशिष्ट

# परिशिष्ट : एक


## शोधनायकको छायाचित्र



(जन्म : वि.सं. २०१८ माघ १५)

# परिशिष्ट : दुई

## शोधनायकले प्राप्त गरेका सम्मानहरू



Certificate of Appreciation

THIS LETTER OF APPRECIATION IS PRESENTED TO

MR. PRAKASH CHAPAGAIN

KATHMANDU, NEPAL

FOR YOUR PAPER PRESENTATION ON "NEPALI SAHITYA MA NAYA PUSTA KO BHOOMIKA". YOUR PRESENTATION HAS GIVEN A NEW ROLE TO THE NEW GENERATION OF NEPALI-AMERICAN LITERACY.

CONGRATULATIONS!


Modanath Prashrit
Special Guest
Ex-Education Minister of Nepal
And Prominent Writer

Sita Pandey
Convenor
3rd INLS Convention
Washington, DC

Homnath Subedi
Chairman
INLS BOT
Washington, DC

Prakash Nepal
General Secretary
3rd INLS Convention
Washington, DC

3rd International Nepali Literary Society Convention
Washington, DC, USA
November 30-December 1, 2013



विश्व नेपाली साहित्य महासंघ
रूस शाखा

सम्मानपत्र

हाम्रा सर्वस्व आदिकवि भानुभक्त आचार्यको २००-औं जन्मजयन्तीको पावन उपलक्ष्यमा मास्कोमा आयोजित साहित्य समारोहको सुअवसरमा रूसमा बसोबास गरिरहेका साहित्यानुरागी नेपालीहरूको तर्फबाट रूसी साहित्यका भानु मानिने महाकवि अलेक्सान्द्र पुश्किनको जन्मभूमिमा लब्धप्रतिष्ठ लेखक, नाटककार एवं कविश्री प्रकाश सापगाईंज्यूको(?) हार्दिक स्वागत गर्न पाउँदामा हर्षित हुँदै नेपाली वाङ्मयको श्रीवृद्धि कार्यमा उत्तरोत्तर सफलता प्राप्त होस् भन्ने शुभकामनासहित **विश्व नेपाली साहित्य महासंघ रूस** शाखा यो सम्मानपत्र प्रदान गर्दछ।


डा. जयकृष्ण श्रेष्ठ(?) 'साथी'(?)
संरक्षक

डा. रवि मोहन सापकोटा(?) 'कोपिला'(?)
राजदूत, नेपाली दूतावास

गोविन्दप्रसाद गौतम
अध्यक्ष, रूस शाखा

विश्व नेपाली साहित्य महासंघ
रूस महासंघ
विश्व नेपाली साहित्य महासंघ

दिनाङ्क : १३ जुलाई २०१३ शनिवार
द्विशताब्दीभानुजयन्ती
मास्को, रूस महासंघ।



चि.जि.प्र.का.द.नं. : १/०४६/४७

# साहित्य सङ्गम चितवन

स्था. २०४४

## शहीद शिव पौडेल स्मृति पुरस्कार-२०६७

## सम्मान-पत्र


कवि श्री प्रकाश थापामगर ज्यू,
भ.न.पा.-१०, चितवन ।

नेपाली साहित्यको विविध विधामा वि.सं. २०४० को दशकदेखि साधनारत रहँदै उल्लेखनीय योगदान गर्नुहुने यहाँले पुरस्कारका लागि पेस गर्नुभएको आँसाभरि शोककाव्यका लागि यस वर्षको 'शहीद शिव पौडेल स्मृति पुरस्कार-२०६७' प्रदान गर्दै यो सम्मान-पत्र समर्पण गरिएको छ ।

पुरस्कृत एवं सम्मानित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै यहाँको सुस्वास्थ्य, दीर्घ जीवन एवं लेखनको निरन्तरताको कामना सहित शुभकामना व्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| पूर्णबहादुर अधिकारी | जीवन शर्मा | भवनाथ सबेला |
| कार्यक्रम संयोजक | प्रमुख अतिथि | अध्यक्ष |

मिति : २०६७ चैत १ गते रोज ३ शुभम्



# प्रगतिशील लेखक सङ्घ, नेपाल

## चितवन शाखा

## सम्मान-पत्र

श्री प्रकाश थापामगरज्यू
प्रगतिवादी साहित्यकार
भरतपुर, चितवन

नेपाली प्रगतिवादी साहित्य क्षेत्रमा छन्दोबद्ध कविताका एक प्रतिनिधि कवि तपाई श्री प्रकाश थापामगरको एकल कविता वाचन कार्यक्रम आयोजना गर्न पाउँदा हामी अत्यन्त हर्षित छौं ।

यस कार्यक्रममा यहाँले आफ्ना प्रतिनिधि कविताहरूको वाचन गरेर चितवनवासी लेखक तथा साहित्यकारहरूलाई प्रदान गर्नु भएको साहित्यिक रसास्वादनको कदर गर्दै यो सम्मान-पत्र प्रदान गर्दछौं ।

सरिता तिवारी
अध्यक्ष

[illegible]

# सन्दर्भसामग्रीसूची

# सन्दर्भसामग्रीसूची


अज्ञात, कपिल (२०७२), *बुलेट नम्बर पाँच : चेतनामूलक काव्यको एक नमुना,* **भानु मासिक,** वर्ष ५१, अङ्क १८६, पृ. ११ ।

अधिकारी, पूर्णप्रसाद (२०७०), *नेपाली साहित्य साधनामा दाजुभाइहरूको योगदानको शृङ्खला,* **रजस्थल,** वर्ष १७, पूर्णाङ्क ५६, पृ. १८ ।

अर्याल, रामचन्द्र र अन्य (सम्पा.) (२०६३), **साहित्यशास्त्र, नेपाली समालोचना र शोधविधि,** काठमाडौं : भुँडीपुराण प्रकाशन ।

अवस्थी, महादेव (२०६४), **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,** काठमाडौं : इन्टेलेक्चुअल बुक प्यालेस ।

अस्तफल, सुरेन्द्र (२०६५), *सम्पादकीय/प्रकाशकीय,* **कवितामा गणतन्त्र,** गणतान्त्रिक कविता उत्सव संयोजन समिति ।

आचार्य, कृष्णप्रसाद (२०६४), **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,** काठमाडौं : क्षितिज प्रकाशन ।

आचार्य, कृष्णप्रसाद र ईश्वरीप्रसाद गैरे (सन् २०१२), **आधुनिक नेपाली नाटक र फुटकर कविता,** काठमाडौं : क्षितिज प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७), **नेपाली एकाङ्की र एकाङ्कीकार,** ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद र अन्य (२०५५), **नेपाली एकाङ्की** भाग-२, ललितपुर : साझा प्रकाशन ।

कोइराला, शिवहरि (२०६५), **कवि हर शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवन ।

कोइराला, हरिकृष्ण र उमानाथ दवाडी (२०४०), *प्रकाशकीय,* **बदला,** प्रकाश चापागाईं, चितवन : हरिकृष्ण कोइराला र उमानाथ दवाडी ।

गौतम, लक्ष्मण (२०५२), **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

———— (२०६५), **स्मृतिका बिम्बमा सीता,** चितवन : साहित्य संगम, चितवन ।

———— (२०६५), **समकालीन नेपाली कविताका प्रवृत्ति,** काठमाडौं : पैरवी प्रकाशन ।

ज्ञवाली, रामप्रसाद (२०७०), *आँखा र मन रसाउने शोककाव्य,* **आँखाभरि**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

———— (२०७०), *आँखा र मन रसाउने शोककाव्य,* **भूमिका समालोचना,** काठमाडौं : भुँडी पुराण प्रकाशन ।

———— (२०७०), *बुलेट नम्बर पाँचले गरेको युगबोध उठाएका प्रश्नहरू,* **सम्पादकीय तथा अन्य समालोचना**, काठमाडौं : शुभारम्भ पब्लिकेशन प्रा. लि. ।

दवाडी, पूर्णप्रसाद (२०६७), **धनराज गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवन ।

नन्दन, प्रेमविनोद (२०४९), *नारायणी कला मन्दिर : एक परिचय,* **मारुनी,** पाँचौँ फन्को, पृ. ६ ।

नेपाली, जगन्नाथ (चापागाई) (२०६१), **वृहत् अत्री आत्रेय वंशावली,** चितवन : रमादेवी नेपाली (चापागाईं) ।

पोखरेल, बालकृष्ण (नि.) (२०५९), **नेपाली वृहत् शब्दकोश,** पाँचौँ संस्करण, काठमाडौं : ने.रा.प्र.प्र. ।

भट्टराई, घटराज र अन्य (सम्पा.) (२०५९), **प्राचीन नेपाली गद्य,** तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

लुईटेल, खगेन्द्रप्रसाद (२०५४), **नेपाली एकाङ्की,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

विनोदी, गोविन्दराज (२०६७), *आँसुले लेखिएका अक्षरहरू,* **आँखाभरि,** काठमाडौ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६०), **नेपाली गद्य भाषा, साहित्य र इतिहास,** काठमाडौं : नवीन प्रकाशन ।

श्यामल (२०७०), *जब काव्यले प्रश्न गर्दछ,* **बुलेट नम्बर पाँच,** काठमाडौं : शब्दार्थ प्रकाशन ।